# आधाबाटो उपन्यासको नारीवादी विश्लेषण

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका निम्ति प्रस्तुत

## शोधपत्र

शोधकर्ता

कल्पना पौड्याल
त्रिभुवन विश्वविद्यालय
नेपाली शिक्षण समिति
रत्नराज्यलक्ष्मी क्याम्पस
प्रदर्शनीमार्ग, काठमाडौं
२०६७

श्री वेगेन्द्र सुब्बा
(शोध निर्देशक)

# आधाबाटो उपन्यासको नारीवादी विश्लेषण

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका निम्ति प्रस्तुत

## शोधपत्र


**शोधकर्ता**

कल्पना पौड्याल
त्रिभुवन विश्वविद्यालय
नेपाली शिक्षण समिति
रत्नराज्यलक्ष्मी क्याम्पस
प्रदर्शनीमार्ग, काठमाडौं


२०६७

# शोध निर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली एम.ए. दोस्रो वर्षका शोधार्थी **कल्पना पौड्याल**ले **आधाबाटो उपन्यासको नारीवादी विश्लेषण** शीर्षकको प्रस्तुत शोधपत्र मेरो निर्देशनमा तयार पार्नुभएको हो । निकै परिश्रमपूर्वक तयार पारिएको यस शोधकार्यबाट म पूर्ण सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

..........................

श्री वेगेन्द्र सुब्बा

(शोध निर्देशक)

रत्नराज्यलक्ष्मी क्याम्पस

प्रदर्शनीमार्ग, काठमाडौं

# स्वीकृति-पत्र

रत्नराज्यलक्ष्मी क्याम्पस, प्रदर्शनीमार्ग, काठमाडौंका स्नातकोत्तर तह (नेपाली) द्वितीय वर्षको दसौं पत्रको प्रयोजनका लागि **कल्पना पौड्याल**ले तयार गर्नुभएको **आधाबाटो उपन्यासको नारीवादी विश्लेषण** नामक शीर्षकको शोधपत्र सोही प्रयोजनका निम्ति स्वीकृत गरिएको छ ।

| | | |
|---|---|---|
| ............................... | .................................. | ................................ |
| वेगेन्द्र सुब्बा | उपप्रा.डा. दुर्गाबहादुर घर्ती | सहप्रा. तुलसीमान श्रेष्ठ |
| (शोध-निर्देशक) | (बाह्य परीक्षक) | (विभागीय प्रमुख) |

# कृतज्ञता ज्ञापन

**आधाबाटो उपन्यासको नारीवादी विश्लेषण** शीर्षकको प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत स्नाकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि तयार गरिएको हो । प्रस्तुत शोधपत्र आदरणीय गुरु श्री **वेगेन्द्र सुब्बा**को प्रत्यक्ष निर्देशनमा तयार गरेकी हुँ । यो शोधपत्र तयार गर्ने क्रममा गुरुले मलाई प्रत्यक्ष रूपमा आवश्यक सल्लाह, सुझाव र निर्देशन प्रदान गरी मार्ग निर्देशन गर्नु भएकाले सर्वप्रथम उहाँप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यस्तै शोधप्रस्ताव स्वीकृति गरी शोधपत्र लेखनका लागि मार्ग खुल्ला गरिदिनु हुने विभागीय प्रमुख श्री **तुलसीमान श्रेष्ठ**लाई पनि हृदयदेखि नै आभार व्यक्त गर्दछु ।

**आधाबाटो** उपन्यासका लेखक **कृष्ण धराबासी** जसले आफ्नो व्यस्त समयका बावजुद पनि आवश्यक परामर्श दिई सामग्री समेत उपलब्ध गराइदिनु भई ठूलो गुन लगाउनु भएको छ । उहाँप्रति पनि आभार व्यक्त गर्नु आफ्नो कर्तव्य ठानेकी छु । त्यस्तै शोधपत्र लेखनको क्रममा आवश्यक सरसल्लाह र लेखनको लागि उपयुक्त वातावरण तयार गर्न सहयोग पुऱ्याउनु हुने श्रीमान् **भवनाथ घिमिरे**प्रति पनि कृतज्ञता ज्ञापन गर्दछु । शोधपत्र लेखनको अवधिमा उपर्युक्त घरायसी वातावरण सिर्जना गर्न सहयोग गरिदिनु हुने आदरणीय आमा, बुवा, सासु, ससुरा, बहिनीहरू, भाइहरू र छोरा **विप्लव घिमिरे**लाई पनि हृदयदेखि नै आभार तथा धन्यवाद व्यक्त गर्दछु ।

शोधपत्र लेखनका क्रममा विभिन्न सङ्घ, संस्था र पुस्तकालयबाट सामग्री उपलब्ध भएको छ । यस क्रममा त्रि.वि. केन्द्रीय पुस्तकालय, रत्नराज्यलक्ष्मी क्याम्पसको पुस्तकालय, प्रज्ञा प्रतिष्ठानको पुस्तकालयले आवश्यक सामग्री उपलब्ध गराएकोले यी सङ्घ संस्थाहरुलाई पनि धन्यवाद व्यक्त गर्न चाहन्छु । त्यस्तै शोधपत्रको कम्प्युटर टाइप गर्न सहयोग गर्नु हुने श्री **भरत अधिकारी** र **शान्ति खतिवडा**प्रति पनि आभार व्यक्त गर्दछु । प्रस्तुत शोधपत्र तयार गर्न प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने सम्पूर्णमा हार्दिक आभार तथा कृतज्ञता ज्ञापन गर्नु आफ्नो कर्तव्य ठानेको छु ।

अन्त्यमा, यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गतको नेपाली शिक्षण समिति, रत्नराज्यलक्ष्मी क्याम्पस समक्ष प्रस्तुत गर्दछु ।

......................

**कल्पना पौड्याल**

# विषयसूची


**परिच्छेद एक** पृष्ठ सङ्ख्या

**शोधपरिचय** **१ - ५**

१. शोधशीर्षक १

२. शोधप्रयोजन १

३. विषय परिचय १

४. समस्याकथन २

५. शोधको उद्देश्य २

६. पूर्वकार्यको समीक्षा २

७. अध्ययनको औचित्य ५

८. अध्ययनको सीमाङ्कन ५

९. शोधविधि ५

   ९.१. सामग्री सङ्कलन विधि ५

   ९.२. सैद्धान्तिक ढाँचा (सामग्री - विश्लेषण विधि) ५

१०. शोधपत्रको रूपरेखा ५

**परिच्छेद दुई**

**कृष्ण धराबासीको रचनाधर्मिता** **६ - ३०**

२.१ प्रेरणा र पृष्ठभूमि ६

   २.१.१ जन्म र जन्मस्थान ६

   २.१.२ साहित्य लेखन प्रारम्भ र प्रेरणा ६

२.२ कृतिलेखनका विविध आयाम ७

   २.२.१ कवि ७

   २.२.२ कथाकार ८

   २.२.३. निबन्धकार ८

   २.२.४ समालोचक ९

   २.२.५ उपन्यासकार ९

   २.२.६ संस्मरण लेखक ११

२.२.७ जीवनी लेखक ११
२.२.८ सम्पादक ११
२.२.९ पुरस्कार/सम्मान तथा कदर पत्र १२
२.१० संलग्नता १४
२.३ कृष्ण धराबासीको औपन्यासिक यात्रा १४
२.३.१ प्रथम चरण (वि.सं. २०३२-२०५५ सम्म) १५
क) अभ्यासकाल (वि.सं. २०३२-२०३९ सम्म) १५
ख) उत्थानकाल (वि.सं. २०४०-२०५५ सम्म) १७
२.३.२. द्वितीय चरण (वि.सं. २०५६-२०६१ सम्म) १६
२.३.३ तृतीय चरण (वि.सं. २०६२-हालसम्म) १७
२.४ औपन्यासिक प्रवृत्ति र विशेषताहरू १९
२.४.१ लीलालेखनगत प्रवृत्ति १९
२.४.२ विनिर्माणवादी प्रवृत्ति २१
२.४.३ प्रयोगशीलता २१
२.४.४ स्वैरकल्पनाको प्रयोग २२
२.४.५ प्रेमको व्याख्यान २२
२.४.६ बहुपात्रहरुको प्रयोग २३
२.४.७ नारीवादी दृष्टिकोण २३
२.४.८ मिथकको प्रयोग २४
२.४.९ यथार्थवादी प्रवृत्ति २५
२.४.१० अस्तित्ववादी प्रवृत्ति २५
२.५ पूर्ववर्ती र समवर्ती उपन्यासकारहरूका सापेक्षतामा कृष्ण धराबासीको मूल्याङ्कन २६
२.६ निष्कर्ष ३०

**परिच्छेद तीन**

**नारीवादको सैद्धान्तिक अध्ययन ३१ - ४६**
३.१ परिचय र पृष्ठभूमि ३१
३.२ उत्तरआधुनिक परिप्रेक्ष्यमा नारीवाद ३३
३.३ नारीवादी समालोचना ३४

३.३.१ नारीवादी समालोचनाको विकास ३५
३.३.१.१ राजनीतिक नारीवादी समालोचना ३७
३.३.१.२ गाइनो समालोचना ३७
३.३.१.३ फ्रान्सेली नारीवादी समालोचना ३८
३.४ नारीवादी समालोचनाको मूल मान्यता ३८
३.५ नारीवादी लेखन र विधागत चिन्तन ३९
३.६ नेपाली उपन्यासमा नारीवाद ४०
३.६.१ नारी उपन्यासकारको प्रवृत्ति ४२
३.६.२ नारीइतर नारीवादी उपन्यासहरू ४४
३.७ निष्कर्ष ४६

**परिच्छेद चार**

**आधाबाटो उपन्यासको नारीवादी विश्लेषण ४७ - ६३**

४.१ परिचय ४७
४.१.१ कारूणिकताको चित्रण ४७
४.१.२ सङ्घर्षशील जीवनको चित्रण ४९
४.१.३ यौन शोषण र दमनको विरोध ५२
४.१.४ मातृत्वको स्वर ५४
४.१.५ लैङ्गिक विभेदको विरोध ५६
४.१.६ स्वतन्त्रताको बोध ५८
४.१.७ आधाबाटो उपन्यासको पात्रमा नारीवादी दृष्टिकोण ५९
४.२ निष्कर्ष ६३

**परिच्छेद पाँच**

**शोध निष्कर्ष तथा उपसंहार ६४ - ६६**

**सन्दर्भसामग्रीसूची ६७ - ६९**

# परिच्छेद - एक

# शोधपरिचय

## १. शोधशीर्षक

प्रस्तुत शोधको शीर्षक **आधाबाटो** उपन्यासको नारीवादी विश्लेषण रहेको छ ।

## २. शोधप्रयोजन

प्रस्तुत शोधको प्रयोजन त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय रत्नराज्यलक्ष्मी क्याम्पस नेपाली शिक्षण समिति अन्तर्गत स्नातकोत्तर तह दसौं पत्रको आवश्यकता परिपूर्ति गर्नुरहेको छ ।

## ३. विषय परिचय

आधुनिक नेपाली उपन्यास विभिन्न घुम्ती र मोडहरू पार गर्दै अघि बढिरहेको छ । आधुनिक नेपाली उपन्यासमा विभिन्न शैली आएको छ भने मानव जीवनका विभिन्न पाटाहरूलाई चित्रण गर्ने विषयवस्तुको उपयोग पनि गरिएको छ । परम्परागत मूल्य, मान्यता तथा शिल्प पक्षलाई अतिक्रमण गरी नेपाली उपन्यास परम्परामा गतिशीलता आइरहेको छ । यसै सन्दर्भमा कृष्ण धराबासीले पनि लीलालेखनमा आधारित उपन्यास लेखेर नेपाली साहित्यमा एक नवीन शैलीका उपन्यासकारका रूपमा आफूलाई उभ्याएका छन् । जीवनका सामान्य सत्यको एवम् भ्रम वा लीलाको विश्लेषण गर्ने दार्शनिक चिन्तनलाई उनले आत्मसात गरेका छन् ।

उपन्यासकार कृष्ण धराबासीका **शरणार्थी** (२०५६), **आधाबाटो** (२०५९), **राधा** (२०६२), **तपाईं** (२०६३) र **टुँडाल** (२०६५) गरी पाँचवटा उपन्यास प्रकाशित छन् । **आधाबाटो** उपन्यास धराबासीको आत्मकथात्मक उपन्यास हो । यस उपन्यासमा देखेका र भोगेका विषयहरू लिपिबद्ध गरिएका छन् । यो उपन्यास धराबासीले जीवनमा भोगेका पीडाको कथा हो र त्यसको विपन्न पात्र उनी आफैं हुन् । यस कृतिभित्र उल्लेखित पात्रहरू सबै सँधै भेट्न सकिने मान्छेहरू नै हुन् ।

आत्मवृत्तान्तको शैलीमा लेखिएको प्रस्तुत **आधाबाटो** उपन्यासकार कृष्ण धराबासीको चालिस वर्से जीवनको इतिहास हो । धराबासीको जीवनी मात्र नभएर २०२५ सालदेखि २०५९ सालसम्मको नेपालको राजनीतिक, सामाजिक, आर्थिक, पत्रकारिता लगायतका कुराहरूको संक्षिप्त विवरण पनि भएकाले प्रस्तुत उपन्यासको विश्लेषण अपेक्षित ठहरिएको छ ।

### ४. समस्याकथन

प्रस्तुत शोध निम्नलिखित समस्याहरूमा केन्द्रित रहेको छ ।

(क) कृष्ण धराबासीको औपन्यासिक रचनाधर्मिता के-कस्तो छ ?

(ख) नारीवादी दृष्टिकोणले हेर्दा **आधाबाटो** कस्तो उपन्यास हो ?

(ग) आधुनिक नेपाली उपन्यास परम्परामा **आधाबाटो**मा स्थान कसरी निर्धारण गर्न सकिन्छ ?

### ५. शोधको उद्देश्य

प्रस्तुत शोधको उद्देश्यहरू निम्न लिखित रहेका छन् ।

(क) कृष्ण धराबासीको औपन्यासिक रचनाधर्मिताको मूल्याङ्कन गर्ने ।

(ख) नारीवादी दृष्टिकोणले **आधाबाटो** उपन्यासको विश्लेषण गर्ने ।

(ग) आधुनिक नेपाली उपन्यास परम्परामा **आधाबाटो**को स्थान निर्धारण गर्ने ।

### ६. पूर्वकार्यको समीक्षा

**आधाबाटो** उपन्यासको बारेमा विभिन्न पत्रपत्रिकाहरूमा चर्चा गरेको पाइन्छ । यस उपन्यासका बारेमा व्यक्त गरिएका विचारहरूलाई यहाँ कालक्रमिक रूपमा प्रस्तुत गरिएको छ ।
विष्णुकुमार भट्टराईले **पढ्दा मात्र चित्त बुझ्ने आधाबाटो धराबासीको** (२०५९) शीर्षकको लेखमा उपन्यास परम्परामा वास्तविक वा यथार्थ पात्र र घटनालाई स्थान दिएको **आधाबाटो** पहिलो कृति भएको उल्लेख गरेका छन् । यसमा झापाको राजनीति, कृष्ण धराबासी सिङ्गै, उनका आफन्तजन, झापाको पत्रकारिता, साहित्य, सङ्घ संस्थान, झापाका यावत् गतिविधि, स्थान र पात्र रहेको चर्चा गरेका छन् ।

दीपक ढकालले **स्यान्डो, गञ्जी पाइजामा र धराबासी** (२०५९), शीर्षकको लेखमा धराबासी र उनको परिवारभरिका दुःखलाई **आधाबाटो** उपन्यासमा एकदमै नाटकीय ढङ्गबाट व्याख्या गरिएको बताएका छन् । उनले धराबासीको नितान्त व्यक्तिगत जीवनीलाई नाटकीय ढङ्गले प्रस्तुत गरेर पाठकीय आँधी तुफान ल्याउन सक्नु र आफ्नो जीवन कहानीलाई एउटा उपन्यासका रूपमा स्थापित गर्न सक्नु उपन्यासकारको अद्भूत साहित्यिक कलाकारिता मान्नुपर्ने बताएका छन् ।
प्ररा तूफानले **धराबासीले हिँडेको आधाबाटो** (२०६०) नामक लेखमा अमरपुरबाट हिँडेको धराबासीको **आधाबाटो** उपन्यास विर्तामोडसम्मको यात्रा हिँडि संसार चिनाउने ममतामयी आमाको अस्तु सेलाएपछि विश्राम लिएको बताएका छन् । उनले उपन्यासमा स्वयम् लेखक आफैँ नायक र हामी पाठक सहनायक भएको उल्लेख गरेका छन् ।

तारा बरालले **आधाबाटो** (२०६०) शीर्षकको लेखमा पुरुषप्रधान हाम्रो संस्कार नारीप्रति कति कृतघ्न र भोगको आसक्त छ भन्ने उदाहरण शनिश्चरे बजारकी लाटी भगीको कारुणिक चित्रण **आधाबाटो** उपन्यासमा गरिएको बताएका छन् । हाम्रो समाजमा हाम्रो धर्म, संस्कृति अनि हामीले बोकेर हिँडिराखेको समग्र परिवेश **आधाबाटोले** कतै बेदना, कतै छटपटी, कतै ममता अनि कतै विद्रोह बनेर आफूभित्र समाहित गरेको उल्लेख गरेका छन् ।

खगेन्द्र शिवाकोटीले **कति आँखा पुछिरहनु** (२०६०) शीर्षकको लेखमा **आधाबाटो** उपन्यासमा सामाजिक तथा पारिवारिक शोषणको विचित्र चित्रण भएको उल्लेख गर्दै घरभित्रैबाट सुरु हुने शोषण र अन्यायको कहालीलाग्दो कथा विस्तृत हुँदै गाउँ, समाज र राष्ट्र सम्मै फैलन पुगेको उल्लेख गरेका छन् । उनले नेपाली साहित्यमा आमाको यो रूपको चित्रण सम्भवतः कुनै काव्य वा कथाले नसमेटेको चर्चा गरेका छन् ।

राजु कार्कीले **धराबासी शरणार्थीदेखि आधाबाटोसम्म** (२०६०) नामक लेखमा समाजमा बसेका मानिसहरू र तिनीहरूका घर परिवारभित्रका सदस्यहरूले भोगेका कुराहरूलाई प्रष्ट्याउँदै यस्ता कुराहरूले ती व्यक्तिहरूका जिन्दगीमा के कति प्रभाव पारिरहेका हुन्छन्, त्यसलाई समाजमा बस्ने अन्य व्यक्तिहरूले बाह्य रूपमा देख्न नसकेता पनि स्वयम् त्यस व्यक्ति यस्ता कुराहरूले कति पिल्सिएर बाँचिरहेका हुन्छन् भन्ने कुरा **आधाबाटो** उपन्यासमा छर्लङ्ग पार्न खोजिएको बताएका छन् । विष्णुकुमार भट्टराईले **'नेपाली उपन्यासको सय वर्ष आधा बाटोमा आइपुग्दा** (२०६०) लेखमा **आधाबाटो** उपन्यासमा नारी जातिलाई विशिष्ट सम्मान प्रदान गरिएकाले यो कृति आमामय भएको उल्लेख गर्दै उपन्यासकारले आमालाई एउटा विशाल हृदय भएकी, दृढ निश्चयी, जुझारू र कर्तव्यनिष्ट नारीको रूपमा उभ्याउन सफल भएको बताएका छन् । उपन्यासमा सबै नारीपात्रहरू आ-आफ्नो निष्ठामा इज्जतपूर्वक उभ्याएर सम्मान गरेकोले धराबासीको लेखन नारीवादी लेखन भएको चर्चा गरिएको छ ।

शिव रेग्मी, 'प्रणत' ले **आधाबाटोको पाठकीय परिवृत** (२०६१) शीर्षकको लेखमा **आधाबाटो** एक व्यक्तिवृतमा आधारित सामाजिक र राजनीतिक विषयवस्तु भएको जीवनीमूलक आञ्चलिक उपन्यास भएको उल्लेख गरेका छन् । उनले तथ्यात्मक उपन्यास भएकाले पात्र, घटना, परिवेशजस्ता सम्पूर्ण कुराहरू यथार्थ जीवनबाट टिपिएको चर्चा गर्दै मूल पात्र कृष्ण धराबासीले भोगेका अनुभव गरेका सुनेका कुराहरूको समष्टि रुप नै **आधाबाटो** भएको बताएका छन् ।

बिजय सुब्बाले **धराबासीको आधाबाटो हिँडेपछि** (२०६१) नामक लेखमा **आधाबाटो**ले आफूभित्र राजनैतिक, आर्थिक, सामाजिक, शैक्षिक, साहित्यिक, पारिवारिक गतिविधिहरूलाई समेटेर

सिङ्गो मान्छेको परिवेशलाई हेर्ने बुझ्ने तरिकाले तार्किक क्षमताको विकास आदिका बारेमा पूर्ण जानकारी दिने उल्लेख गरेका छन् ।

पुरुषोत्तम दाहालले **कर्णको सोच, कृष्णको आधाबाटो र गोविन्दको सोह्र साँझहरू** (२०६२) नामक लेखमा कृष्ण धराबासीको जीवनका सम्पूर्ण उकाली ओराली हेर्दा आफ्नै जीवनका विगतका पात्रहरू ओल्टाइ पल्टाइ गरेजस्तो लागेको बताएका छन् ।

कृष्ण धराबासीले **आधाबाटो** (२०६७) उपन्यासको भूमिकामा यसमा व्यक्ति, घटना, दृश्य, पात्र, वार्ता कुनै कुरा पनि काल्पनिक र साङ्केतिक नभएको बताउँदै यस कृतिमा उल्लेख भएका पात्र तथा घटनाहरू काल्पनिक जस्ता लाग्न गएमा त्यसलाई संयोग मात्र ठान्नुपर्ने धारणा व्यक्त गरेका छन् । उनले उल्लेख गरेका छन् - 'प्रथम वाक्यदेखि अन्तिम वाक्यसम्म प्रयोग भएका प्रत्येक शब्दहरू यस कृतिमा समाजमा र समयले रचना गरेका र उच्चारण गरेका आवाजहरू हुन् । यस कृतिभित्र उल्लेखित पात्रहरू सबै वेला भेट्न सकिने र सोध्न सकिने मान्छेहरू नै हुन् ।' यो कृति विगतको एक अभिलेख हो । २०२४ सालदेखि २०५८ सालसम्मको ३५ वर्षको कृष्ण धराबासीले देखेको सत्य नै त्यो लेखन हो ।

नवराज भट्टराईले **आधाबाटोमा अल्मलिएका धराबासी** (२०६२) लेखमा **आधाबाटो** उपन्यास नभई आत्मसंस्मरण भएको तर्क दिँदै धराबासीले आफ्नो लेखलाई पूरै संस्मरणात्मक रूपमा प्रस्तुत गरेको बताएका छन् । उनले एउटा विशुद्ध आत्म-संस्मरणलाई उपन्यासको छाप लगाउनुका पछाडि धराबासीका दुई-चार वटा फितला तर्क बाहेक कुनै बलियो आधार पाउन नसकिने र उपन्यासकार आफैंले उभ्याउन खोजेको तार्किक निष्कर्षलाई पुस्तकभित्र स्वयम् खण्डन गरेको भेटिने कुरा उल्लेख गरेका छन् ।

सुधिर केसीले **आधाबाटो एक समीक्षा** (२०६४) शीर्षकको लेखमा **आधाबाटो** उपन्यास धराबासीले भोगेका 'अनुभूति र सम्झिएका कुराहरूको सङ्गालो भएको चर्चा गरेका छन् । उनले उपन्यासमा धराबासीले वाल्यकालमा पाएको दु:ख' परिवारको अवस्था, वावुआमाको स्वाभिमानता, दु:खदायी जीवनका कथा व्यथाहरू भोगाइहरू समेटिएको बताएका छन् ।

केशादेवी शर्माले **आधाबाटो उपन्यासको कृतिपरक अध्ययन** (२०६४) नामक आफ्नो स्नातकोत्तर शोध प्रबन्धमा **आधाबाटो** उपन्यासमा विधा भञ्जन, विनिर्माण, अउपन्यास, मेटाफिक्सन जस्ता उत्तरआधुनिक शैलीका अभिलक्षणहरू देख्न सकिने हुनाले यसलाई उत्तरआधुनिकतावादी उपन्यासका रूपमा लिन सकिने उल्लेख गरेकी छिन् ।

## ७. अध्ययनको औचित्य

परम्परित नेपाली उपन्यासमा पाइने विशेषताहरू भन्दा बिल्कुलै चर्चित उपन्यासहरू मध्ये एक हो । यसको आंशिक एकपक्षीय चर्चा गरिएको भए तापनि नारीवादी दृष्टिकोणबाट अध्ययन नभएकोले प्रस्तुत शोधकार्यको औचित्य रहेको छ । **आधाबाटो** उपन्यासको बारेमा जिज्ञासा राख्ने पाठक, विद्यार्थी, शिक्षक र शिक्षार्थीलाई पनि उपयोगी हुनेछ ।

## ८. अध्ययनको सीमाङ्कन

कृष्ण धराबासीका पाँचवटा उपन्यास प्रकाशित छन् तर प्रस्तुत शोधमा उनको **आधाबाटो** उपन्यासको नारीवादी विश्लेषण गरिएको छ । तसर्थ यसमा **आधाबाटो** उपन्यासको मात्र विश्लेषण गरिएको छ ।

## ९. शोधविधि

### ९.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्य गर्दा मूलतः पुस्तकालयीय र आवश्यकता अनुसार अन्तर्वाता, प्रश्नावलीका माध्यमबाट पनि सामग्री सङ्कलन गरिएको छ ।

### ९.२ सैद्धान्तिक ढाँचा (सामग्री विश्लेषण विधि)

यस शोध कार्यमा सङ्कलित सामग्रीहरूलाई विश्लेषण गर्दा वर्णनात्मक र विश्लेषणात्मक तथा कृतिको स्थान निर्धारण गर्दा ऐतिहासिक, तुलनात्मक र सैद्धान्तिक समालोचना विधिको उपयोग गरिएको छ ।

## १०. शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको रूपरेखा निम्नानुसार रहेको छ

पहिलो परिच्छेद : शोधपत्रको रूपरेखा

दोस्रो परिच्छेद : कृष्ण धराबासीको औपन्यासिक रचनाधर्मिता

तेस्रो परिच्छेद : नारीवादको सैद्धान्तिक अध्ययन

चौंथो परिच्छेद : **आधाबाटो** उपन्यासको नारीवादी विश्लेषण

पाँचौ परिच्छेद : शोधनिष्कर्ष तथा उपसंहार

सन्दर्भग्रन्थूची

# परिच्छेद- दुई

# कृष्ण धराबासीको साहित्यिक रचनाधर्मिता

## २.१ प्रेरणा र पृष्ठभूमि

### २.१.१ जन्म र जन्मस्थल

कृष्ण धराबासीको जन्म मेची अञ्चलको पाँचथर जिल्ला अमरपुर गा.वि.स. स्थित वडा नं. ७ अन्तर्गत फलाँटे भन्ने ठाउँमा वि.सं. २०१७ साल श्रावण ३ गते आइतबारका दिन भएको हो । उनको वास्तविक नाम कृष्णप्रसाद भट्टराई हो । उनी पिता टीकाराम भट्टराई र माता अम्विकादेवी भट्टराईका जेठा पुत्र हुन् । उनी वि.सं. २०२४ साल पुस ९ गते पाँचथरको अमरपुरबाट बुबाआमा सहित झापाको शनिश्चरेमा बसाइ सरेका हुन् । हाल उनी आफ्नो जागिरको सरुवासँगै काठमाडौंमा बसोवास गरिरहेका छन् (घिमिरे, २०६३ : २३) ।

पिता ज्योतिष तथा गणितका विद्वान भएका कारण उनले पिताबाटै ६ वर्षको उमेरमा अक्षरारम्भ गरे । नौ वर्षको उमेरमा शनिश्चरे प्रा.वि.मा प्रवेश गरी उनले औपचारिक शिक्षा सुरु गरेका हुन् । वि.स. २०३४ सालमा उनले शनिश्चरे मा.वि. बाट द्वितीय श्रेणीमा एस.एल.सी. उत्तीर्ण गरेका हुन् । धराबासीले महेन्द्ररत्न बहुमुखी क्याम्पस इलामबाट २०३७ सालमा आइ.एड. उत्तीर्ण गरी मेची बहुमुखी क्याम्पस भद्रपुरमा स्नातक सम्मको अध्ययन गरेको पाइन्छ ।

आर्थिक उपार्जनका लागि केही समय शिक्षण पेशामा समेत संलग्न रहेका धराबासी वि.सं. २०४३ साल आषाढ २ गतेदेखि कृषि विकास बैंकमा खरदार सरहको जागिरेका रूपमा प्रवेश गरी सोही बैंकको केन्द्रीय कार्यालयमा अधिकृत तहमा कार्यरत रहेको र हाल अवकाश प्राप्त भइसकेको भन्ने कुरा बुझिन्छ । एउटा कर्मचारी, समाजसेवी भएर पनि उनको जीवनको मूल पाटो भनेको साहित्यिक व्यक्तित्व नै हो ।

### २.१.२ साहित्यलेखन प्रारम्भ र प्रेरणा

वि.सं. २०२८ सालमा शनिश्चरे प्रा.वि.मा कृष्ण धराबासी कक्षा पाँचमा पढ्दा हस्त परियार सरले कक्षागत गोष्ठीको आयोजना गरेका थिए । सोही साहित्यिक कार्यक्रममा उनले ‘रमाइलो नानी’ भन्ने किताबबाट एउटा कथा सारेर लगेर काम्दै-काम्दै सुनाए र यो नै उनको पहिलो साहित्यिक स्पर्श हो । त्यस्तै उनले शनिश्चरे मा.वि.मा अध्ययन गर्दा विद्यालयको बार्षिकोत्सवको साहित्यिक गोष्ठीमा ‘नेपाली गद्यसङ्ग्रह’ भन्ने पुस्तकबाट सारेर एउटा दन्त्य कथा सुनाए । सोही गोष्ठी सकिएपछि कक्षा आठमा पढ्ने चित्रसेन भण्डारीले कान निमोठेर यस्तो कार्यक्रममा कसैले

नलेखेको आफैंले सोचेर लेखेको मात्र ल्याएर सुनाउन पाइन्छ भनेपछि उनी आफैं कथा, कविता लेख्न थाले (धराबासी, २०६७:५६-६७) ।

वि.सं. २०३३ सालमा झापाको भद्रपुरबाट प्रकाशित हुने 'सूर्योदय' साप्ताहिकमा धराबासीको पहिलो कविता प्रकाशित भएपछि कविता विधाबाट उनले साहित्यिक यात्रा आरम्भ भएको थियो । त्यस्तै वि.सं. २०३४ सालमा रेडक्रसले **सेवा** भन्ने पत्रिकामा **'सल्फिरिनीको रक्तरंजित भूमिमा उभिएर'** शीर्षकको कविता छापिएपछि उनी कविको रूपमा चर्चित हुन पुगेको देखिन्छ । उनले आफ्नै साथी संजिव उप्रेती, शनिश्चरे विद्यालय र गुरुहरूबाट साहित्यिक प्रेरणा र प्रभाव ग्रहण गरेको पाइन्छ । विद्यालयका गुरुहरूबाट उनको साहित्यिक चेतना ब्युँत्याउने काम भयो भने अग्रज साहित्यकारहरूका लेख रचनाहरू उनका प्रेरणाका स्रोत बने (पोखेल, २०५४ : १० - १३) ।

मान्छेको आफ्नै विगत र वर्तमान हुन्छ ।  आफ्नै जीवनमात्र भोग्छन् र यात्रा तय गर्दछन् तर समग्रमा मान्छेका भोगाइहरू एकै प्रकारका नै हुन्छन् । अमरपुरबाट अपमानका आँसु वगाउँदै डोऱ्याएर हिँडेका भट्टराई जेठाले शनिश्चरेका काखमा कृष्णलाई छोडी गए । बाबु आमाको आँखामा बगेको आँसु र भोगेको कहालीलाग्दा दिनहरू नै वास्तवमा कृष्ण धराबासीको जीवनको उज्यालो हो (तुफान,२०६०:३) । परिवारको आर्थिक र सामाजिक कारणले उनीभित्र असचेत किसिमको विद्रोही चेतना जागृत भएको पाइन्छ । उनका रचनाहरूमा पनि आफ्नै दु:खपूर्ण भोगाइ र अनुभवको सजीव चित्रण पाइन्छ । यसरी उनले आफ्नै घर परिवार र समाजबाट साहित्य लेखनको प्रेरणा र प्रभाव ग्रहण गरेको देखिन्छ ।

## २.२ कृति लेखनमा विविध आयाम

वि.सं. २०३३ सालमा **सूर्योदय** साप्ताहिकमा कविता प्रकाशित भएपछि औपचारिक साहित्यिक यात्रा आरम्भ गरेका धराबासीले साहित्यका विभिन्न विधामा कलम चलाएका छन् । उनका कृति लेखनका विविध आयामलाई तल चर्चा गरिएको छ ।

### २.२.१ कवि

कृष्ण धराबासीको साहित्यिक यात्रा वि.सं. २०३३ सालमा **सूर्योदय** साप्ताहिकमा कविता प्रकाशित भएपछि कविता विधाबाट भएको देखिन्छ । उनका **उन्मुक्तिका आवाजहरू** (२०५०) र **कान्छी राधा**(२०६२) नामक कविता सङ्ग्रह प्रकाशित भएका छन् ।

**उन्मुक्तिका आवाज** कविता सङ्ग्रहमा सङ्ग्रहित कविताहरूमा मानवीय मूल्य र मान्यता, सामाजिक तथा सांस्कृतिक चेत विकृति र विसङ्गतिप्रति विद्रोही अभिव्यक्ति पाइन्छ । त्यस्तै **कान्छी**

**राधा** प्रेम कविताको सङ्ग्रह हो । यसमा राधा र कृष्णको प्रेमको सन्दर्भसँग जोडिएका भावहरू प्रस्तुत गरिएको छ । दुबै सङ्ग्रहका कवितामा मानवतावाद, प्रकृति प्रेम, राष्ट्रप्रेम, मनोविज्ञान र क्रान्ति चेतको भावना पाइन्छ । विश्व मानवतावाद, बिग्रदो सामाजिक वातावरणप्रति व्यग्रता, राजनीतिक विकृति, विसङ्गतिप्रति विरोधको स्वर आदि उनका कवितामा पाइने प्रवृत्ति हुन् । आयामेली आन्दोलनको प्रभाव समेत उनका कवितामा परेको देखिन्छ ।

### २.२.२ कथाकार

कृष्ण धराबासी वि.स. २०३५ सालमा शनिश्चरे मा. वि. को वार्षिक मुखपत्र **उषा तेस्रो अर्चना**' नामक पत्रिकामा 'गुनासो' शीर्षकको कथा प्रकाशित गरेर कथाकारको रूपमा चिनिएका देखिन्छन् । उनको **झोला** (२०६०) नामक एउटा कथा सङ्ग्रह प्रकाशित भएको छ । यस सङ्ग्रहका कथाहरू लीला लेखनलाई आधार बनाएर लेखिएका छन् । यस सङ्ग्रहका कथाहरूमा नेपालको सामाजिक, राजनीतिक, आर्थिक, प्रशासनिक विसङ्गतिहरूको चिरफार गर्दै त्यसले मानव जीवनमा पार्ने प्रभावहरूको विश्लेषण गरिएको छ । त्यस्तै समाजमा नारीहरूमाथि हुने गरेका थिचोमिचो र त्यसका विरूद्ध नारीहरूको सङ्घर्षलाई कथाको विषयवस्तु बनाएको पाइन्छ । उनका कथाहरूमा फ्रायडीय यौन मनोविज्ञानको पनि प्रयोग पाइन्छ । धराबासीले मानिसका सामाजिक तथा मानसिक विकृतिहरूलाई प्रस्तुत गर्दै आर्थिक विपन्नता र यौन समस्यालाई कथाको विषयवस्तु बनाएका छन् ।

### २.२.३ निबन्धकार

कृष्ण धराबासी निबन्धकारका रूपमा समेत स्थापित भएका छन् । उनको पहिलो निबन्ध **कन्दरा सामयिक सङ्कलन** मा २०३७ मा 'महत्त्वकांक्षा विनाशको प्रतीक' शीर्षकमा प्रकाशित भएको थियो । उनको **बालक हराएको सूचना** (२०४८), **नारीभित्र त्यस्तो के छ हजुर** (२०५३), **उत्तमजंग सिजापतिको आलु** (२०५५), **कृष्ण धराबासीको चर्चित निबन्धहरू** (२०६५), **आँधी नआउने घर** (२०६७), गरी पाँच निबन्ध सङ्ग्रह प्रकाशित भएका छन् ।

निबन्धकार धराबासी अत्यन्त छोटा र छरिता निबन्ध लेख्न रुचाउँछन् । उनी सामान्य विषयवस्तुलाई पनि निबन्धमा चमत्कारिक ढङ्गले प्रस्तुत गर्दछन् । जसले गर्दा पाठकमा कौतूहलता सिर्जना हुन्छ । उनका निबन्धहरूमा सामाजिक नारीकेन्द्रित विषयवस्तु , विकृति, विसङ्गतिलाई मुख्य विषयवस्तु बनाएको पाइन्छ । उनले निबन्धभित्रै लीलालेखन सम्बन्धी मान्यतालाई घुमाउरो ढङ्गले प्रस्तुत गरेका छन् (घिमिरे, २०६३:२४) ।

कृष्ण धराबासीका निबन्धहरू यथार्थको नजिक रहेर आत्मपरक शैलीमा लेखिएका पाइन्छन् । उनका निबन्धहरूमा सामयिक, आर्थिक, सामाजिक, राजनैतिक विकृति, विसङ्गति र मानवीय मूल्य तथा मान्यतालाई कलात्मक ढङ्गले प्रस्तुत गरिएको पाइन्छ । शैलीगत विशिष्टता, विषयगत निष्ठा, भाषिक चमत्कार, प्रतीकात्मकता, आलोचनात्मक, यथार्थवाद, व्यङ्ग्य र विद्रोहको स्वर उनको निबन्धकारिताको विशेषता हो ।

### २.२.४ समालोचक

कृष्ण धराबासीले आफूलाई समालोचकका रूपमा समेत स्थापित गरेका छन् । उनका **विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरू** (२०४८), **लीला लेखन** (२०५३), **पाठकको अदालतमा** (२०६२), **तेस्रो आयाम र वैरागी काईंला** (२०६३ गरी चारवटा समालोचनात्मक कृतिहरू प्रकाशित भएका छन् । उनी निर्भीक र निर्णायक मत दिएर तर्कपूर्ण ढङ्गले समालोचना प्रस्तुत गर्दछन् । उनी समालोचनाका क्रममा लीला लेखन सम्बन्धी प्रविधिको समेत अवलम्बन गर्दछन् । आधुनिक नेपाली समालोचनाका क्षेत्रमा धराबासीले सफल र निर्भीक समालोचकका रूपमा आफूलाई स्थापित र प्रतिष्ठापित गराउन सफल भएको देखिन्छ ।

### २.२.५ उपन्यासकार

वि.स. २०५६ सालमा **शरणार्थी** उपन्यास प्रकाशित भएपछि कृष्ण धराबासी उपन्यासकारका रूपमा स्थापित हुन पुगेका छन् । उनले यसै उपन्यास मार्फत लीला लेखनलाई नेपाली उपन्यासमा भित्र्याएको पाइन्छ । उनका **शरणार्थी** (२०५६), **आधा बाटो** (२०५९), **राधा** (२०६२), **तपाईं** (२०६३), **टुँडाल** (२०६५) गरी पाँचवटा उपन्यास प्रकाशित भइसकेका छन् । यी सबै उपन्यासमा धराबासीको प्रयोगधर्मिता सन्निहित छ ।

**शरणार्थी** शिल्प र संरचनाका दृष्टिकोणले अत्यन्त नवीन देखापर्छ । स्वैरकाल्पनिकताको प्रयोग गर्दै पूर्व प्रकाशित कृतिबाट कथावस्तु र पात्रहरूको पुनर्स्थापना गरी उपन्यासको संरचना गरिएको छ । बर्माबाट फर्कदा टकाव नदी तर्ने क्रममा बाबुसँग छुट्टिएकी पन्ध्र वर्ष अनाथ जयमाया, उसको कल्पना, एक्लो यात्रा, उसले भोगेका व्यथाहरू **शरणार्थी**का कथावस्तु बनेका छन् । त्यस्तै बर्माबाटै विस्थापित रामप्रसाद खनालहरू र जयमायाहरूको शरणगत जीवनका दुवै कथाहरू **शरणार्थी** उपन्यासमा समानान्तर ढङ्गले अघि बढाइएको छ । यस उपन्यासमा स्वैरकल्पनाको प्रयोग गरिएको भएतापनि यथार्थवादी उपन्यास बन्न सफल भएको छ । देश विदेशको राजनैतिक घटनाक्रमलाई विश्लेषण गरी शरणार्थीय जीवनलाई गम्भीरतापूर्वक विश्लेषण गरिएको छ ।

कृष्ण धराबासीको **आधाबाटो** आत्मकथात्मक उपन्यास हो । यस उपन्यासमा देखेका र भोगेका विषयहरू लिपिबद्ध गरिएका छन् । यस कृति भित्र उभिएका प्रत्येक पात्रहरू उनको जीवनले भोगेका चरित्रको तस्वीरहरू हुन् । तिनलाई उभ्याउन कुनै काठको खुट्टा वा सल्लाको खोटोको प्रयोग गरिएको छैन । ती अहिले पनि हिँडिरहेका, बोलिरहेका र जुधिरहेका छन् (धराबासी, २०६७ : भूमिका) । यस उपन्यासमा पूर्ण यथार्थ घटनाको प्रयोगलाई प्रस्तुत गरिएको छ । यो उपन्यास तत्कालीन समयको विस्तृत विवरण भएको इतिहास बन्न पुगेको छ । यो उपन्यास उपन्यासकारले जीवनमा भोगेका पीडाको कथा हो ।

धराबासीको **राधा** पुराणलाई आधार बनाएर त्यसको कथा र पात्रलाई विनिर्माण गरी तयार पारिएको  उपन्यास हो । यस पौराणिक विषयवस्तु, पौराणिक पात्र र घटनालाई वर्तमानका आँखाले हेरिएको छ । राधाले सत्र बर्षसम्म गरेको यात्राको आत्मवृतान्त नै कथावस्तु रहेको **राधा** उपन्यासले प्रेम, यौन र युद्धलाई मुख्य विषयवस्तु बनाएको छ । लीलालेखन, विनिर्माणवादको सफल प्रयोग भएको यस उपन्यासमा नारीवाद तथा उत्तरआधुनिकतावाद सम्बन्धी मान्यता पनि पाइन्छ ।

कृष्ण धराबासीको **तपाईं**  उपन्यास दोस्रो पुरुष शैलीमा लेखिएको कृति हो । यस उपन्यासमा कथाको संरचना नै विघटित भई कथानकविहीन बन्न पुगेको छ भने बहुनायकत्वलाई प्रयोग गरिएको छ । यस कृतिमा पनि शुरुदेखि नै नायकको खोजी गरियो । एउटा नायक होला भनेर त्यसको पछि लाग्यो अलि पर पुगेपछि त्यो भन्दा पनि अर्कै पात्र नायकको रूपमा देखापर्दछ । कथाले पृष्ठपिच्छे नायक खोज्दै अघि बढिरहँदा झन्डै सय पृष्ठसम्म त नायककै खाजीमा कथा अल्मलिएको छ (धराबासी, २०६३: भूमिका) । यस उपन्यासमा केन्द्रित नायकत्वलाई भत्काएर बहुनायकत्वलाई अपनाइएको छ । समाजवाट अपहेलित, अनाथ, सडकमा जीवन बिताउने ठूलो समूहलाई उपन्यासमा पात्रका रूपमा उपस्थित गराइएको छ । यसमा लेखकका देखाइ, भोगाइ र सुनाइलाई समेटिएको छ ।

कृष्ण धराबासीको अन्तिम प्रकाशित उपन्यास **टुँडाल** महिला यौन मनोविज्ञानमा आधारित रहेको छ । नेपाली मठमन्दिरका टुँडालमा रहने गरेका यौनजनित कलालाई विषय बनाई उपन्यासमा चित्रण गरिएको छ । यौन आकृतिका चित्रहरू किन मन्दिरमा राखेको भन्नेबारे कौतूहलताका साथै वर्तमान राजनीतिक परिवेशसँगै हुर्किएको विसङ्गतिहरूलाई उपन्यासमा स्थान दिइएको छ । **टुँडाल** उपन्यासले नारीवादी चिन्तनलाई पनि केन्द्रमा राखेको छ ।

**टुँडाल** उपन्यासका नारी पात्रहरूमा विद्रोही र खुला स्वभाव पाइन्छन् । यौन स्वतन्त्रताका साथै आफूले रुचाएको नश्लबाट गर्भधारण गर्न पाउनुपर्ने सशक्त तर्क पनि उपन्यासका पात्रहरूले गरेका छन् (निखिल,२०६६:७२) । यस उपन्यासमा ज्यादै विकसित नारीका भावना र जीवन

शैलीलाई व्यक्त गर्न खोजिएको छ । समाजभित्रका नरनारी, युवा युवतीका अन्तर्मनमा रहेका यौन कुण्ठालाई सजीव ढङ्गले चित्रण गरिएको छ । उपन्यासभित्र सबै पात्रहरूलाई यौनप्रतिको जिज्ञासा उत्पन्न गराउने मूल माध्यम बनाइएको छ । उपन्यासभित्र सांस्कृतिक र ऐतिहासिक महत्त्वका जानकारीमूलक थुप्रै विषयवस्तु पनि समेटिएका छन् ।

### २.२.६ संस्मरण लेखक

कृष्ण धराबासीले **मेरो साहित्यिक यात्रा र मदन पुरस्कार** (२०६४) नामक संस्मरणात्मक कृति प्रकाशित गरेर आफूलाई संस्मरण लेखकका रूपमा परिचित गराएका छन् । कृष्ण धराबासी साहित्यमा प्रवेश गरेदेखि विभिन्न समयमा उनीबाट भएका साहित्यिक गतिविधि तथा प्रकाशन बारेका उनका अनुभव र अनुभूतिलाई यस कृतिमा समेट्ने प्रयास गरिएको छ । नेपाली साहित्यका क्षेत्रमा सम्मानित मदन पुरस्कारसम्म आइपुग्दा भएका साहित्यिक यात्रा कथामा धराबासीले यस कृतिमा सम्झन खोजेका छन् । यस कृतिमा साहित्यिक यात्राको दौरानमा भेटिएका वरिष्ठ साहित्यकारहरूको सरसङ्गत, प्रेरणा, पुरस्कार पाउँदा हुने आनन्द अनुभूति, साहित्यकार भएपछि भोगेका हण्डर, विपत्ति, अप्ठेरा, मदन पुरस्कारबाट सम्मानित हुँदासम्मका साहित्यिक यात्रा कथालाई समावेश गरिएको छ ।

### २.२.७ जीवनी लेखक

कृष्ण धराबासीले **सी.के प्रसाईं** (२०६७) नामक जीवनी प्रकाशित गरेर जीवनी लेखकका रूपमा चिनिएका छन् । उनको यस कृतिमा नेपाली काङ्ग्रेस र प्रजातान्त्रिक आन्दोलनमा सी.के प्रसाईंले पुऱ्याएको योगदानको चर्चा गरिएको छ । नेपाली काङ्ग्रेसको स्थापना कालदेखि हालसम्म विभिन्न समयमा सञ्चालन भएका प्रजातान्त्रिक आन्दोलनमा उनले खेलेका भूमिका, सफलता र असफलता आदि विषयमा प्रकाश पारिएको छ । मूलत २०१७ सालपछिको राजनैतिक उतारचढाव र प्रजातन्त्र प्राप्तिको आन्दोलनमा नेपाली काङ्ग्रेस र सी.के प्रसाईंको भूमिकाको उच्च मूल्याङ्कन गरिएको छ । राजनीतिक घटनाक्रमको जानकारीमूलक थुप्रै विषयवस्तु पनि समेटिएका छन् ।

### २.२.८ सम्पादक

कृष्ण धराबासीले विभिन्न पत्रपत्रिका र साहित्यिक कृतिको सम्पादन गरेर सम्पादकका रूपमा प्रसिद्धि कमाएका छन् । उनले विभिन्न पत्रपत्रिका, सामयिक सङ्कलन, विभिन्न स्मारिका,

मुखपत्रहरूको सङ्कलन तथा सम्पादन गरेको पाइन्छ । उनले सम्पादन गरेका कृतिहरू यस प्रकार रहेका छन् :

१. कन्दरा (सामयिक सङ्कलन) इलाम, २०३७
२. आजको कविता (सामयिक सङ्कलन) झापा, २०३८
३. खितिति (हास्यव्यङ्ग्य), २०३९
४. माइबेनी (सामयिक सङ्कलन) इलाम, २०४४
५. सासंक (त्रैमासिक) झापा, २०५०
६. सी.के प्रसाईंका विचारहरू, २०५३
७. भुटानी शरणार्थी र वातावरण, २०५५
८. अभिलेख (सामयिक सङ्कलन), २०५५
९. राष्ट्रिय प्रतिभा गंगानाथ बाँस्तोला, २०५७
१०. केशव आचार्यका कविता, २०५९
११. लीला प्रस्तावना, २०५९
१२. वनिता त्रैमासिक (लीला लेखन विशेषाङ्क), २०६२
१३. लीला विमर्श (सह सम्पादन), २०६२
१४. दुबसु क्षेत्रीका प्रारम्भिककालीन कविताहरू
१५. दुबसु क्षेत्रीका कविताहरू
१६. समष्टि (साहित्यिक द्वैमासिक)

### २.२.९ पुरस्कार/सम्मान तथा कदरपत्र

साहित्यकार कृष्ण धराबासीले साहित्य साधनाको क्रममा विभिन्न सङ्घ संस्थाबाट सम्मान तथा कदरपत्र प्राप्त गरेका छन् । त्यस्तै उनले पच्चिस सय रूपैयाँदेखि मदन पुरस्कार वापतको दुईलाख रूपैयाँसम्मका पुरस्कार प्राप्त गरिसकेका छन् । उनले प्राप्त गरेका पुरस्कार र सम्मान तथा कदरपत्रलाई तल प्रस्तुत गरिएको छ :

**क) पुरस्कार**

१. महानन्द पुरस्कार २०४६
२. उत्कृष्ट राष्ट्रिय युवा पुरस्कार (नेपाल जेसिस) सन् १९९५
३. राष्ट्रिय प्रतिभा पुरस्कार २०५३

४. उत्तम शान्ति पुरस्कार २०५६

५. युवा बर्ष मोती पुरस्कार २०५६

६. प्रतिभा पुरस्कार (विराटनगर) २०५७

७. विसाप स्रष्टा पुरस्कार २०५९

८. रामराज पन्त स्मृति पुरस्कार २०५९

९. ज्योतिष पत्रकारिता पुरस्कार २०५९

१०. एस. एल. शर्मा सिर्जनशील पत्रकारिता पुरस्कार २०६२

११. धरणीधर वाणी पुरस्कार २०६२

१२. मदन पुरस्कार २०६२

१३. जानकी बल्लभ दाहाल सम्मान २०६५

१४. प्रभात पुरस्कार २०६६

**ख) सम्मान तथा कदरपत्र**

१. नगर प्रतिभा विकास शाखा (इलाम) २०४४

२. देवकोटा स्मृति भवन भद्रपुर (झापा) २०५२

३. सासंक प्रतिष्ठान (झापा) २०५३

४. नवरङ्ग साहित्यिक प्रतिष्ठान (झापा) २०५३ र २०६२

५. वातावरण युवा समूह शनिश्चरे (झापा) २०५३

६. कन्काई प्रतिभा प्रतिष्ठान सुरूङ्गा (झापा) २०५३

७. शनिश्चरे गा.वि.स शनिश्चरे (झापा) २०५३

८. अर्जुनधारा गा.वि.स अर्जुनधारा (झापा) २०५७

९. वर्तमान साहित्य प्रतिष्ठान चन्द्रगढी (झापा) २०५७

१०. नेपाल वित्तीय संस्था (कृ.वि.बैंक, झापा) २०५८

११. लेखनाथ वाचनालय चन्द्रगढी (झापा) २०५९

१२. मेचीनगर नगरपालिका झापा २०५९

१३. नेपाली साहित्य समाज (मोरङ) २०५९

१४. जुही साहित्यिक त्रैमासिक चन्द्रगढी (झापा) २०५९

१५. त्रिफला राष्ट्रिय पुस्तकालय धुलाबारी (झापा) २०५९

१६. वृहत्तर गुवाहाटी साहित्यक अतिथि अभ्यर्यना समिति (झापा) सन् १९९६

### २.२.१० सङ्लग्नता

साहित्यकार कृष्ण धराबासीले साहित्य लेखनमा मात्र होइन आफूलाई समाज सेवाका विभिन्न कार्यमा संलग्न गराएको पाइन्छ । उनले सामाजिक क्षेत्रमा स्वयम्सेवक बनेर चेतना अभिवृद्धिका कार्यहरू गरेका छन् । उनी विभिन्न साहित्यिक तथा गैर साहित्यिक संस्थामा सक्रिय रूपमा क्रियाशील रहेका देखिन्छन् :

१. अध्यक्ष : आर्दश साहित्यिक तथा सांस्कृतिक दोभान, शनिश्चरे

२. अध्यक्ष : सी.के. चिन्तन प्रतिष्ठान

३. अध्यक्ष : नियात्रा प्रकाशन, झापा

४. महासचिव : सासंक प्रतिष्ठान धुलावारी

५. महासचिव : जयन्द्रप्रसाद प्रसाई साहित्य सेवा कोष

६. उपाध्यक्ष : वसुन्धरामान प्रतिष्ठान, काठमाडौं

७. केन्द्रीयसदस्य : नेपाल साहित्यकार सङ्घ

८. पूर्वाञ्चल उपाध्यक्ष : नेपाली लेखक सङ्घ

९. केन्द्रीय सल्लाहकार : नेपाली प्रेस युनियन

१०. सल्लाहकार : साहित्य चौतारी झापा

११. संयोजक : भेटघाट चौतारी झापा

## २.३ कृष्ण धराबासीको औपन्यासिक यात्रा

बाल्यकालीन अभिरुचिका कारण उपन्यास लेखनपट्टि आकर्षित भएका कृष्ण धराबासीले वि.सं. २०३२/३३ को अवधिमा तीन चार वटा लघुउपन्यास रूपका गद्य कृतिहरू रचना गरे । विद्यार्थी जीवनमा प्रेमकथात्मक उपन्यासको अध्ययन, सिनेमापट्टिको आकर्षण र युवाकालीन जवानीको प्रभावका कारण ती रचनाहरू प्रेमकथामा आधारित थिए । सस्तो प्रेमकथा र सिनेमा प्रभावका कारण ती रचनाहरू गहकिला नभए पनि उनलाई भविष्यमा उपन्यास लेख्ने बीज प्रदान गर्ने र प्रेरणा दिने सन्दर्भहरूमा ती उपन्यासहरूको ठूलो महत्त्व छ (लम्साल, २०६४ : १८१) ।

उपन्यास लेखन प्रारम्भ गरेका धराबासीका धेरै उपन्यासहरू हालसम्म अप्रकाशित नै रहेको पाइन्छ । वि.सं. २०५६ सालमा उनको पहिलो उपन्यास **शरणार्थी** प्रकाशित भएपछि उनी उपन्यासकारका रूपमा चिनिन पुग्छन् । उनको वि.सं. २०५९ सालमा **आधाबाटो**, वि.सं. २०६२ सालमा **राधा** उपन्यास प्रकाशित हुन्छ । **राधा** उपन्यासले २०६२ सालको मदन पुरस्कार प्राप्त गरेपछि धराबासी चर्चित बन्न पुग्छन् । २०६२ सालमा **तपाईं** र २०६५ सालमा **टुँडाल** उपन्यास

प्रकाशित भएपछि उनका प्रकाशित उपन्यासहरूको सङ्ख्या पाँच पुग्यो । यिनै पाँच प्रकाशित उपन्यासहरूका आधारमा धराबासीको औपन्यासिक यात्रालाई निम्नानुसार विभाजन गर्न सकिन्छ :

प्रथम चरण : वि.सं. २०३२–२०५५

द्वितीय चरण : वि.सं. २०५६–२०६१

तृतीय चरण : वि.सं. २०६२ देखि हालसम्म

### २.३.१ प्रथम चरण (२०३२–२०५५)

कृष्ण धराबासी २०३२ सालसम्मको पूर्वाभ्यासकालपछि उपन्यास लेखनको अभ्यासकालमा प्रवेश गरेको देखिन्छ । यस काललाई पृष्ठभूमिकाल वा अभ्यास तथा अप्रकाशित उपन्यास लेखनको चरण पनि मान्न सकिन्छ । यस चरणमा उनी उपन्यास लेखनमा सीमित हुन पुगेका छन् । कुनै उपन्यास प्रकाशित भएका छैनन् । यस प्रथम चरणलाई पनि अभ्यासकाल र उत्थानकाल गरीक दुई उपचरणमा विभाजन गर्न सकिन्छ :

#### क) अभ्यासकाल ( वि.सं.२०३२–२०३९)

वि.सं. २०३२/२०३३ सालसम्मको पूर्वाभ्यास चरणपछि २०३४ सालदेखि कृष्ण धराबासी उपन्यास लेखन अभ्यासमा लागेको पाइन्छ । उनी शनिश्चरे मा.वि.मा शिक्षकका रूपमा कार्यरत रहँदा नै आफ्नो परिवारलाई आफन्तहरूले नै ठगेर पक्षपातपूर्ण व्यवहार गरेको तिक्ततापूर्ण अनुभवका कारण आफ्ना अपाङ्ग बाबुको जीवनमा आधारित **कर्मको फल** नामक उपन्यास वि.सं.२०३४ सालमा तयार पारेको बुझिन्छ । त्यस्तै २०३४ सालमा **शीला**, **प्रायश्चित** र **अप्रत्यासित जीवन** नामक उपन्यासहरूको लेखन पूर्ण गरेको देखिन्छ । उनले २०३५ सालमा नामकरण नगरेको 'एक सामाजिक मौलिक' उपन्यासहरू, २०३७ सालमा **यौन अतृप्ति** नामक मनोवैज्ञानिक उपन्यास र **अभिशप्त जिन्दगी** जस्ता उपन्यासहरू तयार पारेको बुझिन्छ ।

उपन्यास लेखनको अभ्यासको चरणका पाँच बर्समा धराबासीले दश उपन्यास लेखेका र ती मध्ये एउटा हराएको, दुईवटा नामाकरण नगरिएको र सबै उपन्यास अप्रकाशित रहेको देखिन्छ । यसरी हेर्दा उनको यो अभ्यासकाल निकै उर्वर रहेको पाइन्छ । यस चरणका उपन्यासमा परिष्कारको कमी रहेता पनि विषयवस्तु र विचारका दृष्टिले उत्कृष्ट देखिन्छन् । कतिपय उपन्यासहरू प्रेमालाप र सस्तो भावुकताले ग्रसित देखिन्छन् ।

### ख) उत्थानकाल (वि.सं. २०४०–२०५५)

वि.सं. २०४० सालमा लेखन प्रारम्भ गरी वि.सं. २०४२ सालमा लेखन कार्य सम्पन्न गरिएको नारी मनोवैज्ञानिक उपन्यास **सडक** सहरिया पारिवारिक विषयवस्तुमा लेखिएको उपन्यास हो । वि.सं. २०४२/४३ मा लेखिएको **मम्मी हाम्रो आमा खै** ? प्रकाशोन्मुख अवस्थामा रहेको छ । २०४४/४५ सालतिर लेखिएको **तपाईं** उपन्यास परिमार्जन सहित प्रकाशित भइसकेको छ । २०४५ सालदेखि २०५१ सालसम्म उनको यात्रा केही शिथिल रहेको देखिन्छ । २०५२ सालदेखि उनी **शरणार्थी** उपन्यास लेखनमा क्रियाशील भएको देखिन्छ जुन २०५६ सालमा प्रकाशित हुन्छ (लम्साल, २०६४ : १८२ - ८३) ।

**शरणार्थी** उपन्यासको प्रकाशनसँगै प्रथम चरणको अन्त्य भई द्वितीय चरण शुरू हुन्छ । प्रथम चरणका प्रवृत्तिहरूलाई बुँदागत रूपमा यसरी प्रस्तुत गर्न सकिन्छ :

१. उपन्यास लेखनमा मात्र सीमित,
२. सामाजिक यथार्थवादी प्रवृत्तिको अवलम्बन,
३. समाजमा आफूले देखेका भोगेका र अनुभव गरेका विषयवस्तुलाई उपन्यासमा प्रस्तुत,
४. उपन्यासको गुणात्मकता भन्दा सङ्ख्यामा जोड,
५. विषयवस्तुलाई भावुक बनाएर प्रस्तुत गर्ने प्रवृत्ति,
६. उत्तरवर्ती व्यक्तित्वको निर्माण र गुणात्मक उपन्यास लेखनका लागि महत्त्वपूर्ण पृष्ठभूमि र बलियो धरातल निर्माण ।

### २.३.२ द्वितीय चरण (वि.सं. २०५६–२०६१)

वि.सं. २०५२ सालदेखि लेखन प्रारम्भ गरिएको **शरणार्थी** उपन्यास २०५६ सालमा प्रकाशित भएपछि धराबासीलाई एक सशक्त उपन्यासकारको रूपमा स्थापित हुन मार्ग खुल्ला गरिएको देखिन्छ । यस चरणमा उनका **शरणार्थी** (२०५६) र **आधाबाटो** (२०५९) नामक दुई उपन्यासहरू प्रकाशित भएका छन् । यो चरण उपन्यास लेखनको दृष्टिले पहिलो चरण भन्दा कम देखिए पनि उपन्यास प्रकाशनका कारणले बढी महत्त्वपूर्ण मानिन्छ । बर्षौंदेखि नेपाल बाहिर आसाम, वर्मा, मेघालय, सिक्किम, भुटान, दार्जिलिङ आदि ठाउँमा प्रवासी जीवन बिताएका नेपालीहरूको समस्यालाई लिएर लेखिएको **शरणार्थी** लीलालेखनका इन्द्रबहादुर राईका **जयमाया आफूमात्र लिखापानी आइपुगी** कथालाई आधार बनाइएको यस उपन्यासले देश विदेशको राजनीतिक घटनाक्रमलाई समेत समेटेको पाइन्छ ।

त्यसैगरी यसै चरणको अर्को उपन्यास **आधाबाटो** (२०५९) आत्मकथात्मक शैलीमा लेखिएको छ । यस कृतिमा उल्लेख भएका सबै पात्र तथा घटनाहरू वास्तविक हुन् , कही कतै काल्पनिक जस्ता लाग्न गएमा त्यसलाई संयोग मात्र ठान्नुपर्छ (धराबासी, २०६७ : भूमिका) । यस अभिव्यक्तिले औपन्यासिक धरातलमा नै नवीन प्रवृत्ति ल्याउँछ भने अर्कातर्फ पूर्ण यथार्थ घटनाको प्रयोगलाई वकालत गरेको छ । यो उपन्यास तत्कालीन समयको विस्तृत विवरण भएको इतिहास हो ।

यस चरणका धराबासीका उपन्यासहरूमा सामाजिक विसङ्गतिको राम्रो चित्र उतारिएको छ । उपन्यासमा कविता, नाटक, लेख, समालोचना जस्ता विधाको मिश्रण गरी अविधाको सिर्जना गरिएको पाइन्छ । यस चरणमा धराबासीको लेखन स्वस्फूर्त बनेको छ । मानवीय सम्वेदनालाई यस चरणका उपन्यासमा सफल रूपमा प्रस्तुत गरिएको पाइन्छ । यस चरणका प्रवृत्तिहरूलाई यसरी प्रस्तुत गर्न सकिन्छ :

१. यथार्थ घटना र पात्रहरूको प्रयोग,

२. पात्रहरूको बाहुल्यता,

३. आत्मकथात्मक उपन्यासको लेखन,

४. लीलालेखनको प्रविधिहरूको उपन्यासमा प्रयोग,

५. शारीरिक प्रेमलाई गौण ठान्दै आदर्श प्रेमको प्रस्तुति,

६. प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग,

७. बिम्बात्मक भाषाशैली र मिथकको प्रयोग,

८. जीवनवादी दृष्टिकोण प्रस्तुत,

९. राष्ट्रप्रेम र जातीय सद्भाव प्रस्तुत,

१०. यथार्थ र काल्पनिक घटना र पात्रहरूको सम्मिश्रण ।

### २.३.३ तृतीय चरण (२०६२ देखि हालसम्म )

कृष्ण धराबासीको औपन्यासिक यात्राको तेस्रो चरणमा **राधा** (२०६२), **तपाईं** (२०६३) र **टुँडाल** (२०६५) गरी तीनवटा औपन्यासिक कृतिहरू प्रकाशित भएका छन् । कृष्ण धराबासीको **राधा** उपन्यासमा विनिर्माणवादको राम्रो प्रयोग गरिएको छ । महाभारतकालीन मिथकसँग जोडिएका कृष्ण र राधा बीचको  प्रेमलाई उत्तरआधुनिक चश्माले हेरिएको छ । एक मुखबाट राधाको कथा भन्न लगाएर पुराणमा विरलै उल्लिखित कृष्णकी प्रेमिका राधाका जंगी, पीडा, यौनाकाङ्क्षा, नारीवादी सोचलाई उधिनेका छन् (अधिकारी, २०६३ : ख) । पौराणिक विषयवस्तु, पौराणिक पात्र र घटनालाई

वर्तमानका आँखाले हेर्दै नारीवादी दृष्टिकोण प्रस्तुत गरिएको छ । यो उपन्यास धराबासीको विचार-प्रधान बन्न पुगेको छ ।

यसै चरणमा प्रकाशित **तपाईं** दोस्रो पुरुषशैलीमा लेखिएको उपन्यास हो । उपन्यासका लेखक, पात्र, पाठक सँग-सँगै छन् । विषयवस्तुमा देखिने कमजोरी उपन्यासमा नै छ । कतिसम्म भने त्यो कमजोरी सच्याउन न लेखकले भनेको पात्र र पाठकले मानेको छ न पात्र र पाठकले भनेको लेखकले मानेको छ । लेखकका कमजोरी उसैका पाठक पात्रले देखाएका छन् (अनमोलमणि, २०६४-घ) । यथार्थ, वास्तविकता र व्यक्ति भएको **तपाईं** उपन्यास आफैंमा समालोचना भएको छ । यसमा बहुनायकत्वलाई अवलम्बन गरिएको छ ।

**टुँडाल** यस चरणको अन्तिम प्रकाशित औपन्यासिक कृति हो । करिब पाँच/छ सय वर्ष अगाडिको नेपाली काष्ठकलामा देखापरेका यौन बिम्बहरूको सांस्कृतिक अर्थ र महत्त्व के होला भन्ने जिज्ञासाहरू यस उपन्यासमा समेटिएका छन् । सांस्कृतिक मूल्य मान्यतालाई उपन्यासमा प्रश्रय दिइएको छ ।

**टुँडाल** उपन्यासले नेपाली सांस्कृतिक चेतनालाई एकफेर सम्झाउने, झस्काउने गरी नेपाली मठमन्दिरका दलिनमा अर्थात टुँडालमा रहने गरेका यौनजनित कलालाई विषय बनाई चित्रण गरेको छ (थापा, २०६६ : २२) । उपन्यासमा यौन मनोविज्ञानलाई केन्द्रमा राखेर त्यसलाई कलात्मक ढङ्गले प्रस्तुत गरिएको छ । उपन्यासका सबै नारी पात्रहरूलाई यौन निकास दिन लगाएर उपन्यासकारले नौलो प्रयोग गर्न खोजेका छन् । उपन्यासका सबै नारी पात्रहरूले प्रेमाकर्षण र पुरुषसँगको सहवासलाई सहज रूपमा लिएका छन् ।

तेस्रो चरणका उपन्यासले विश्व मानवताको वकालत गर्दै विश्वजनित घटनाक्रम र विचारलाई प्रस्तुत गरेका छन् । यस चरणमा उपन्यासकार यौनका पक्षमा बढी खुल्ला बनेका छन् । लीलालेखनका दृष्टिले यस चरणका उपन्यासहरू बढि महत्त्वपूर्ण छन् । यस चरणका मुख्य प्रवृत्तिहरू यस प्रकार रहेका छन् :

१. लीलालेखनको प्रविधिमा अझ स्पष्टता,

२. बहुनायकको अवधारणाको प्रयोग,

३. आध्यात्मिक  पौराणिक मिथकको प्रयोग,

४. नारी पात्रलाई विद्रोही बनाइएको,

५. प्रतीकात्मक, बिम्बात्मक  र आलङ्कारिक भाषाशैलीको प्रयोग,

६. शून्यवाद, अस्तित्ववाद, विसङ्गतिवाद र मनोविश्लेषणप्रति सचेतना,

७. दृष्टिविन्दुको प्रयोगमा प्रयोगशीलता,

८. यौन मनोविज्ञानको सफल प्रयोग,

९. लीलालेखन र विनिर्माणवादको परिस्कृत प्रयोग ।

धराबासीको उपन्यास यात्रा अझै कायम नै छ । तसर्थ उनको उपन्यास यात्रामा भविष्यमा अझै प्रभावपूर्ण हुँदै अगाडि बढ्न सक्ने सम्भावना देखिन्छ । यिनले अझै निकै लामो बाटो तय गर्ने आशा गर्न सकिन्छ ।

## २.४ औपन्यासिक प्रवृत्ति र विशेषताहरू

तत्कालीन सामाजिक वातावरणबाट प्रभाव ग्रहण गर्दै वि.स. २०३२/३३ सालदेखि नै उपन्यास लेखनको अभ्यास थालेका कृष्ण धराबासीले **शरणार्थी** (२०५६) उपन्यास प्रकाशित गरेर आधुनिक नेपाली उपन्यास परम्परामा नयाँ मोड ल्याएका छन् । उनका प्रकाशित उपन्यासहरूमा **शरणार्थी** (२०५६), **आधाबाटो** (२०५९), **राधा** (२०६२), **तपाईं** (२०६३) र **टुँडाल** (२०६५) रहेका छन् । यी सबै उपन्यासमा लेखकको प्रयोगधर्मिता सन्निहित छ । प्रत्येक उपन्यासमा नयाँ नयाँ औपन्यासिक प्रवृत्तिको छाप छोड्न चाहने धराबासीको हालसम्म प्रकाशित उपन्यासहरूका आधारमा औपन्यासिक प्रवृत्ति र विशेषताहरूलाई विश्लेषण गर्न सकिन्छ :

### २.४.१ लीला लेखनगत प्रवृत्ति

हामीले सत्य र यथार्थ मानेर जुन वस्तुलाई हेर्दै छौं, भोग्दै छौं, दार्शनिक हेराइबाट हेर्दा ती सबै जीवन जगत्का लागि मात्र हुन् भन्ने मान्यता राख्ने लीलालेखनको प्रभाव र प्रयोग कृष्ण धराबासीका उपन्यासमा भेटिन्छ । उनी आधुनिक नेपाली उपन्यासमा लीलालेखन भित्र्याउने प्रथम उपन्यासकार हुन् । हामीले जीवनमा भोगेका टुक्रा सत्यहरू कालान्तरमा भ्रम हुन सक्ने धारणालाई धराबासीले आफ्ना उपन्यासका माध्यमबाट प्रस्तुत गरेका छन् ।

**शरणार्थी** उपन्यासमा धराबासीले **डाक बङ्गला र ब्रम्हपुत्रको छेउ**देखि लिएर **मुग्लान**, **जयमाया आफूमात्र लिखापानी आइपुगी** सम्मका अघिल्ला साहित्यिक कृतिका चरित्र र विषयवस्तुको पुनर्लेखन गर्दै नयाँ किसिमको लीलामय उत्तर आधुनिक कृतिको सिर्जना गरेका छन् (उप्रेती, २०६३ : ६) । **शरणार्थी** उपन्यासमा जीवन जगत्लाई हेर्ने दृष्टिकोणमा  लीलाबोध प्राप्त गर्न सकिन्छ । धराबासी स्वयम्ले पनि उपन्यासलाई लीलालेखनको सरल अभिव्यक्तिका रूपमा आत्मस्वीकार गरेका छन् ।

आजसम्म चलेका यावत् परम्परा र परिभाषाहरू, अर्थ बुझाइहरू **आधाबाटो** उपन्यासबाट बिल्कुल उल्टो गतिमा चल्न थालेका छन् भन्ने सङ्केत धराबासीले उपन्यासमा गरेका छन् ।

उपन्यास लेखनको परम्परामा वास्तविक वा यथार्थ पात्र घटनालाई स्थान दिएको **आधाबाटो** पहिलो कृति भएको छ । उनले यसलाई उपन्यास भनिदिएका हुनाले थप लीला प्रकट भएको छ । यस्ता धेरै लीलाहरूको एकीकृत रूप लिएर यो खडा भएको छ (भट्टराई, २०५९ : ४) । **आधाबाटो** ले उपन्यासको सबै मान्यताहरूलाई अवलम्बन गरेको देखिदैन । ती सबै मान्यताहरूलाई भत्काएको छ । लेखाइको प्रविधिमात्र औपन्यासिक देखिएको छ । व्यक्तिगत घटना र आत्मवृतान्तलाई औपन्यासीकरण गरिएको छ । यस उपन्यासमा लीलालेखनको नयाँ प्रयोगलाई कलात्मक ढङ्गले प्रस्तुत गरिएको पाइन्छ ।

भ्रमलाई सत्य ठान्ने लीलालेखनको वैचारिकता **राधा** उपन्यासमा बीज बनेर आएको देखिन्छ । उपन्यासमा राधालाई मुख्य पात्र बनाएर लीलालेखनका धारणाहरू, विचारहरू प्रस्तुत गरिएको छ । लीला चेतनाका अवधारणाहरू प्रस्तुत गर्ने मूल पात्र राधा बनेकी छ । **राधा** उपन्यासका पात्र र तिनले भोगेका जीवन भोगाइ नै लीलामय देखिन्छन् ।

**राधा** उपन्यासमा साधु  बाले कथा वाचनका क्रममा व्यक्त गरेका धारणाहरूमा लीलादृष्टि भेटिन्छ । बाबाजीका विचारमा - 'सत्य एउटै कहिल्यै हुँदैन । सत्यहरू छिनछिनमा बदलिरहन्छन् । देखेको सत्य, सुनेको सत्य र भोगेको सत्यमा सँधै फरक हुन्छन् । आ-आफ्ना ठाउँमा ती सबै सत्य भएरै पनि एक अर्कामा तिनीहरू बाझिएका हुन्छन् (धराबासी, २०६३:१११) । **राधा** उपन्यासमा हामीले बुझिआएको सत्य भत्किएको छ । हामीले परम्परागत रूपमा पढ्दै आएको कथा भत्किएको देखिन्छ । उपन्यास पढ्दै जाँदा पाठक पनि पात्र चेतले भरिने हुँदा यथार्थ र कल्पना छुट्याउन नसक्ने गरी जीवन बोधको अनुभूतिले पूर्ण हुन पुग्छ ।

**तपाई** उपन्यासभित्र निबन्ध, समालोचना, उपन्यास जस्ता कृतिको समालोचना गरिएको छ । **तपाईं** उपन्यासमा तपाईंले यात्राबाट अनुभूति गरेका कुराबाट पनि लीलालेखन सम्बन्धी मान्यता प्रस्तुत भएका छन् । यसो हेर्दा हाम्रो जीवन व्यक्तिगत जस्तो लाग्छ, तर हामी कोही पनि व्यक्तिगत छैनौं, सबै नै कुनै खास प्रविधिले बाँधिएको सामूहिक उत्तरदायित्वमा छौं (धराबासी,२०६३:१६७) । कृतिको पुनर्संरचना, जीवित पात्रका विविध रूप, पात्रहरू लेखकसँग संवाद गर्न  झगडा गर्न आउने अवस्था, गन्तव्यलाई ताकेर हिंडे पनि टुङ्गोमा पुग्न नसक्ने यथार्थ आदिले **तपाईं** उपन्यास लीलालेखनका दृष्टिले नजिक रहेको पुष्टि हुन्छ ।

कल्पना र यथार्थको समिश्रण गर्ने लीला लेखकीय प्रवृत्ति **टुँडाल** उपन्यासमा पनि पाइन्छ । कवि श्यामल, विष्णुविभु घिमिरे आदि यथार्थ पात्रहरू र ती कविहरूका कविताको समेत समावेशबाट यस उपन्यासमा विधा मिश्रण गर्ने लीलालेखनको प्रवृत्ति यस उपन्यासमा भेटिन्छ ।

### २.४.२ विनिर्माणवादी प्रवृत्ति

लीलालेखनको आधार ज्याक डेरिडाको विनिर्माणवादमा पनि पाइन्छ । शून्यबोध, अर्थहीनता, निस्सारता, प्रयोजनहीन, प्रयोजननीयता, रहस्यमयता, लीलामिथ्या, निरीहता र आत्मगतता विनिर्माणवादको दार्शनिक पक्ष हो । कृष्ण धराबासीको **शरणार्थी**मा विनिर्माणवादका प्रशस्त आधारहरू भेट्न सकिन्छ । विधाको विनिर्माण, पूर्व कृतिका कथानकका अंशहरूको यसमा विनिर्माण गरिएको छ । यसमा  चौधवटा कृतिबाट कथावस्तु र पात्रहरू झिकेर उपन्यास तयार भएको छ । पूर्व प्रकाशित कृतिका पात्रहरूलाई प्रयोग गरिएको छ । कथावस्तु पनि टुक्रा-टुक्रालाई जोडिएको छ ।

**राधा** उपन्यासमा परापूर्वकालदेखि पढिदै आएको पुराणमा पाइने कथावस्तुसँग पटक्कै नमिल्ने गरी यसको कथावस्तुको विनिर्माण गरिएको छ । कृष्ण र राधाको पौराणिक आख्यानलाई आधुनिक तथा नारीवादी परिप्रेक्ष्यबाट विनिर्माण गरिएको छ । कृष्णका बाल्यकालका चञ्चलता, उनको साथीसँगको घुलमिल लगायत महाभारतका अधिकांश प्रसङ्गलाई विनिर्माण गरेर उपन्यासमा समेटिएको छ । सम्पूर्ण महाभारतकालीन पात्रहरूलाई मानवीकरण गरिएको छ । हिन्दु धर्मले भगवान मानेका राधा र कृष्णलाई आम मानिसको रूपमा उभ्याएर उनीहरूलाई विनिर्माण गरिएको छ ।

**आधाबाटो**ले वास्तविक पात्र घटनाको इतिहासलाई उपन्यास बनाएको छ भने **तपाईं**ले टुक्रा-टुक्रा कथालाई जोडेर उपन्यास बनाइएको छ । यसमा कथानकको पद्धतिलाई विनिर्माण गरिएको पाइन्छ ।

### २.४.३ प्रयोगशीलता

कृष्ण धराबासी प्रयोगवादी उपन्यासकार हुन् । उनका पाँचवटै उपन्यासमा नयाँ-नयाँ प्रयोगहरू गरिएको छ । **शरणार्थी** उपन्यासमा एघारवटा पूर्व प्रकाशित उपन्यासहरू, एउटा कथा, एउटा ऐतिहासिक ग्रन्थ, एउटा संस्मरण गरी चौधवटा कृतिलाई सन्दर्भ ग्रन्थको रूपमा लिइएको छ र ती सबै कुराहरू जहाँ-जहाँ पूर्वकृतिहरूमा उभिएका थिए त्यहीबाट अघि बढाइएको छ । विभिन्न कृतिका लेखक, पाठक, पात्र र स्वयम् उपन्यासकार समेत पात्र भई कृतिको विनिर्माण गरिएको छ ।

धराबासी प्रयोगधर्मी लेखक, अधुनातन लेखकधर्मिताका मर्मज्ञ लेखकका पङ्तिमा एक्लै उभिन पुगेका छन् । उनलाई **आधाबाटो** उपन्यासले विधागत परम्पराको विनिर्माण गरी हेर्ने र कल्पना लोकबाट उपन्यास र रचनालाई वास्तविक लोकमा ओराल्ने काम गर्ने आख्यानकारको रूपमा चिनाएको छ (भट्टराई, २०६० : ६०) । परम्परित उपन्यासमा नपाइने गीत, कविता, गजल,

लेख, समाचार र दैनिकीहरूको प्रयोग यसमा गरिएको छ । यसमा परम्परित परिभाषा, सिद्धान्त र प्रवृत्तिहरूको हेरफेर भएकाले **आधाबाटो** प्रयोगशील उपन्यासका रूपमा रहेको छ ।

**राधा** उपन्यासमा उत्तरआधुनिक समसामयिक वर्तमान तथा पूर्वआधुनिक मिथकीय द्वापर युगका सीमा एक अर्कासँग मिसिन पुगेका छन् । **राधा**मा शब्द, नाम र युद्ध एक अर्कामाथि सल्बलाई रहन्छ, भूत र वर्तमान मिथक र यथार्थ एक अर्कासँग मिसिइ रहन्छन् (उप्रेती,२०६३ : ६) । **राधा** उपन्यासमा कृष्णकी बालसखा राधाको पौराणिक मिथकमा वर्तमान नारी चेतनाको सन्दर्भ मिसाएर पौराणिक घटनाको उत्खनन् गरिएको छ । महाभारतकालीन मिथकसँग जोडिएका राधा र कृष्णको प्रेमलाई उपन्यासमा उत्तरआधुनिक आँखाले हेरिएको छ ।

**तपाईं** उपन्यास दोस्रो पुरुष शैलीमा लेखेर उपन्यास प्रथम वा तृतीय पुरुषमा लेख्ने परम्परालाई भत्काएको छ । यसमा प्रस्तुति र शैलीमा प्रयोगात्मकता अभिव्यक्त भएको छ ।

### २.४.४ स्वैरकल्पनाको प्रयोग

धराबासीले यथार्थ जीवनको आडमा उपन्यास लेखे पनि पात्र छनौट प्रक्रिया नितान्त स्वैरकल्पनात्मक देखिन्छ । उनका सबै उपन्यासको कथा चयनको धरातल स्वैरकल्पनामा आधारित यथार्थ छ भने पात्रको संयोजनमा पुनरागमनको शैली पूर्वकृतिको पुनर्लेखन कथन ढाँचामा पुराणशैली, लेखकसित पात्रको संवाद, विद्रोह आदि स्वैरकल्पनाका सशक्त प्रमाणहरू छन् (शर्मा, २०६४:२७-२८) । धराबासीका उपन्यासमा स्वैरकल्पनाको प्रयोग तथ्यसँग मिसिएर आएको पाइन्छ । वर्तमानको सन्दर्भलाई स्वैरकाल्पनिक ढङ्गले प्रस्तुत गरिएको हुन्छ । **शरणार्थी** उपन्यासमा पात्र र लेखकका बीच बहस गराएर स्वैरकल्पनाको प्रयोग गरिएको छ भने **राधा** उपन्यासमा स्वैरकल्पनाको प्रयोगका कारण पाठकले त्यसलाई वास्तविक घटना ठान्दछ ।

### २.४.५ प्रेमको व्याख्यान

कृष्ण धराबासीका सबै उपन्यासमा प्रेमलाई मुख्य विषयवस्तु बनाएको पाइन्छ । उपन्यासका मुख्य पात्रमार्फत प्रेमको व्याख्यान प्रस्तुत गरिएको हुन्छ । **शरणार्थी** उपन्यासमा जयबहादुर र जयमायाको अशारीरिक प्रेमको चर्चा पाइन्छ । सधैं सँगै भएर एक अर्काप्रति गहिरो प्रेम र आकर्षण भएर पनि जयबहादुर र जयमाया विवाह र यौनबाट वन्चित रहेका छन् ।

**आधाबाटो** उपन्यासमा उपन्यासकारको नम्रतासँगको अधुरो प्रेम प्रसङ्गको चर्चा पाइन्छ । यहाँ उपन्यासकारले उनीसँगको आफ्नो असफल प्रेमका मनोग्रन्थिलाई उजागर गरेका छन् । 'मैले

नम्रताबाट मुक्त हुनुपर्छ भनेर सोचिसक्दा भित्र कहाँ चिसो, पिरो भएर आउँथ्यो तर त्यसलाई म साह्रै कठिनाइका साथ दबाउँथे ।' (धराबासी, २०६७ :२१८)

**राधा** उपन्यासमा कृष्ण र राधामा भएको अशारीरिक प्रेमको सन्दर्भ भेटिन्छ । **राधा** उपन्यासमा प्रेम के हो भन्ने प्रश्नको उत्तर दिने प्रयत्न गरिएको छ । उपन्यासमा राधाको प्रेमप्रतिको निष्ठा, अडान, समर्पण र इमान्दारितालाई प्रस्तुत गरिएको छ । त्यस्तै **टुँडाल** उपन्यासका सबै नारी पात्रले प्रेमाकर्षणलाई पुरुषसँगको सहवासलाई सहजरूपमा लिएका छन् । उपन्यासमा समाजभित्रका नरनारी, युवा युवतीका अन्तर्मनमा रहेका यौन कुण्ठालाई चित्रण गरिएको छ ।

### २.४.६ बहुपात्रहरूको प्रयोग

धराबासीका उपन्यासहरूमा बहुपात्रहरूको प्रयोग गरिएको छ । **शरणार्थी** उपन्यासमा पूर्व प्रकाशित कृतिहरूबाट पुनस्थापित गरिएको काल्पनिक र यथार्थ गरी करिब एकसय पात्रहरू कुनै न कुनै भूमिका लिएर प्रस्तुत भएका छन् । **आधाबाटो** उपन्यासमा निम्न स्तरका सडकका मानिसदेखि प्रधानमन्त्रीसम्मका वास्तविक पात्रहरूको बाढी नै रहेको छ । यस उपन्यासमा कुनै पृष्ठहरू पात्रका नामले नै भरिएको भेटिन्छ । **राधा, तपाईं** र **टुँडाल** उपन्यासमा चाँहि केही कम पात्र भए पनि धेरै पात्रहरू नाम मात्रका आएका छन् । यी उपन्यासहरूमा कतिपय सन्दर्भमा वास्तविक पात्रहरू प्रयोग गरिएको छ । यसरी धराबासीका उपन्यासहरूमा वास्तविक पात्रहरूको समुचित मिश्रण गरिएको छ ।

### २.४.७ नारीवादी दृष्टिकोण

एकाधिकारवादी पितृसत्तात्मक मानसिकताबाट नारीहरूका मुक्तिका लागि भनेर नेपाली साहित्यमा नारीवादी धाराको प्रारम्भ हुन्छ । यौनका रूढिलाई चिरेर जीवनको नयाँ आकाशमा समान जिजीविषाका साथ उड्ने प्रवृत्ति पनि नारीवादका मूल तन्तुका रूपमा देखापर्दछ (बराल र एटम, २०५६:११७) । कृष्ण धराबासी पनि सानैदेखि आमाको सामीप्यमा हुर्किएका हुँदा नारीको स्वभाव, गुण र समस्यासँग परिचत हुन पाएका कारण नारीवादी लेखक वन्न पुगेको देखिन्छ ।

**शरणार्थी**मा जयमाया, **आधाबाटो**मा  आमा, **राधा**मा राधा, **तपाईं**मा अस्मिता र **टुँडाल**मा सुस्मिता प्रमुख पात्र भएर आएका छन् । **शरणार्थी** उपन्यासमा  बर्माबाट फर्कंदा टकाव नदी तर्ने क्रममा बाबुसँग छुट्टिएकी जयमायाको कल्पना, एक्लो यात्रा र उसले भोगेका व्यथाहरूलाई कारुणिक ढङ्गले प्रस्तुत गरिएको छ । यस क्रममा उसको मनोविज्ञानको पनि राम्रोसँग विश्लेषण गरिएको छ । **राधा** उपन्यासमा पौराणिक कालदेखि नै नारीहरूले भोग्नुपरेका पीडा, पुरुषप्रधान समाजमा उनीहरूको स्थितिको साथै आधुनिक युगमा पनि नारीले बहुपतिकी पत्नी हुनु परेको पीडा आदिलाई

देखाउँदै यसका विरूद्ध नारीहरूलाई सशक्त रूपमा प्रस्तुत गरिएको छ । उपन्यासमा तत्कालीन सामाजिक, साँस्कृतिक मान्यता, समाजले हेर्ने दृष्टिकोण र नारीले भोग्नुपरेका विविध समस्याहरूलाई कारुणिकरूपमा प्रस्तुत गरिएको पाइन्छ । उपन्यासमा राधा, एकनंशा, द्रौपद्री, कुन्ती, विशाखा, पिल्ली आदि पात्रको कारुणिक पक्षको चित्रण भएको देखिन्छ ।

**आधाबाटो** उपन्यासमा सङ्घर्षको बेला आमाले देखाएको धैर्य र आँट, आमाको ममता, उनको निर्णय गर्ने क्षमता, आमाको ममतामयी स्वभाव आदिको चित्रणले गर्दा यस उपन्यासलाई नारीवादी उपन्यासका रूपमा उभ्याउन सकिन्छ ।

त्यस्तै **टुँडाल** चारित्रिकरूपमा नारीप्रधान उपन्यास बन्न पुगेको छ । यसले नारीवादी चिन्तनलाई केन्द्रमा राखेको छ । उपन्यासका नारी पात्रहरूमा विद्रोही र खुला स्वभाव पाइन्छ । यहाँका सबै नारी पात्रहरू स्वतन्त्र र स्वच्छन्द बन्न खोजेका छन् । नारी स्वतन्त्रता र स्वच्छन्दताको वकालत गर्ने नारी पात्रहरू यौन स्वच्छन्दताको बारेमा आवाज उठाउन पनि चुकेका छैनन् ।

धराबासीले नारीलाई शारीरिक र बौद्धिक रूपमा सशक्त बनाउँदै पुरुषहरूको थिचोमिचोप्रति विद्रोह गर्न सक्षम बनाएका छन् । उनका प्रत्येक नारी साहसी र वीरङ्गना छन् र पुरुषसरह जिम्मेवारी निर्वाह गर्न सक्षम पनि छन् ।

### २.४.८ मिथकको प्रयोग

धराबासीले आध्यात्मिक, पौराणिक मिथक र पूर्व प्रकाशित कृतिका मिथकको प्रयोग गरेका छन् । यसमध्ये पनि उनी आध्यात्मिक, पौराणिक मिथकका सशक्त प्रयोक्ता हुन् । **शरणार्थी** उपन्यासमा पूर्व प्रकाशित कृतिहरूबाट कतै जस्ताको तस्तै, कतै परिमार्जन गरेर त कतै सारांशको प्रयोग गरेर मिथकको प्रयोग गरिएको छ । आध्यात्मिक साहित्यमा वर्णित नश्वरताको मिथकीय प्रयोग यसमा पाइन्छ ।

धराबासीले **राधा**मा महाभारत, कृष्णचरित्र, ब्रम्हवैवर्त पुराण तथा गर्गसंहितामा उल्लेख गरिएका मिथकलाई प्रयोग गरिएको छ । यसमा पौराणिक विषयवस्तुलाई टपक्क टिपेर आधुनिकरूपमा प्रस्तुत गरिएको छ । त्यस्तै **आधाबाटो** र **तपाईं** उपन्यासमा उपमा दिने सन्दर्भमा मिथकको प्रयोग गरिएको छ । यी उपन्यासहरूमा मिथकको टुक्राटुक्री प्रयोग गरिएको पाइन्छ ।

**टुँडाल** उपन्यासले मन्दिरका भित्ताहरूमा भएका यौन आकृत नाङ्गा पुरुष र नाङ्गा महिलाहरूको चित्रहरू बनाई राखेको हुँदा टुँडालका मिथकलाई प्रयोग गरिएको छ । करिब पाँच छ सय बर्ष अगाडिको नेपाली काष्ठकलामा देखा परेका यौन बिम्बहरूलाई उपन्यासमा समेटिएको छ ।

लीलाको अवधारणा अनुसार नै धराबासीले आफ्ना उपन्यासमा मिथकको प्रयोग गरेका छन् । पौराणिक मिथकलाई समयसापेक्ष बनाई प्रयोग गर्ने उनको शैली सबल देखिन्छ ।

### २.४.९ यथार्थवादी प्रवृत्ति

कृष्ण धराबासी यथार्थवादी उपन्यासकार हुन् । उनले आफैंले देखेको, भोगेको र अनुभव गरेका घटनालाई उपन्यासको विषयवस्तु बनाएको पाइन्छ । समाजमा घटेका वास्तविक घटना र वास्तविक पात्रहरूलाई प्रयोग गरेर कथानकको निर्माण गरिएको हुन्छ । उनका उपन्यासमा निम्न वर्गीय नेपालीहरूले भोग्नु परेका पीडा, दुःख र कष्टहरूको जीवन्त चित्रण पाइन्छ ।

**शरणार्थी** उपन्यासमा जीवनका यथार्थ अनुभवहरूलाई घटनाको तारतम्य मिलाएर प्रस्तुत गरिएको छ । शरणार्थी भई धपाइएका हजारौं नेपालीको पीडा र दर्दको यथार्थलाई व्यक्त गरिएको छ । त्यस्तै **आधाबाटो**मा म पात्रको जीवनमा विभिन्न ओरालीहरू र नेपालीको तत्कालीन राजनीतिक, आर्थिक, सामाजिक पक्षको यथार्थ चित्रण गरिएको पाइन्छ ।

**राधा** उपन्यासका माध्यमबाट पौराणिक सन्दर्भलाई वर्तमानको आलोकमा पुनर्व्याख्यान गरेको देखिन्छ । यो उपन्यास पौराणिक कथावस्तु र पात्रगत समीचीनताले गर्दा समसामयिक जीवन जगत्का मूल मर्मलाई अभिव्यञ्जित गर्न सक्षम देखिन्छ । अतीतका कथालाई वर्तमानका सन्दर्भमा व्याख्या विश्लेषण गर्दा **राधा** उपन्यासमा समसामयिकता प्रतिध्वनित भएको देखिन्छ (घिमिरे, २०६३:५३) ।

### २.४.१० अस्तित्ववादी प्रवृत्ति

अस्तित्ववादमा मनुष्यको सृष्टिलाई निष्प्रयोजनीय सम्झिन्छ । उसका इच्छाविना नै उसलाई यस निरर्थक र असंयोजित संसारमा आउनुपर्‍यो । यसरी पृथ्वीमा प्रक्षिप्त भएर आएपछि कर्म गर्नु र आफ्नो व्यक्तिगत जीवन अर्थात् अस्तित्वलाई नै अर्थ र व्यवस्था दिनु मनुष्यको निजी दायित्व हो ( प्रधान, २०५२:११८) । अस्तित्ववादले जीवनलाई निरूउद्देश्य तथा निरर्थक मानेर उसलाई मूल्य प्रदान गर्ने काम गर्दछ ।

**शरणार्थी**मा जयमाया पचासबर्षसम्म शरणार्थी भएर पनि जीवनदेखि निरास नभइकन सङ्घर्ष गरिरहेकी छे । उपन्यासमा पात्रहरूको जीवनमा आ-आफ्ना कथा व्यथा छन् र ती आफ्ना जीवन सङ्घर्षमा समानरूपले जुटेका छन् । त्यस्तै **आधाबाटो**मा आमा पनि जतिसुकै हण्डर खाएर पनि बाँच्नु पर्छ भन्ने अस्तित्ववादी पात्र हुन् ।

**राधा** उपन्यासमा जीवनका कठोर एवम् कष्टप्रद यात्रामा यात्रारत राधाले एकदिन बिजय पाउने दृढ विश्वासका साथ पाइला चालेको पाइन्छ । फलस्वरूप ऊ तेह्र बर्षसम्म तीर्थयात्री भएर घुमे पनि अन्तिममा कृष्णलाई भेट्न कुरूक्षेत्र पुगेकी छे । त्यस्तै **तपाईं** उपन्यासकी सम्झनाले गृहस्थी जीवनप्रतिको मोह टाढिएको छैन । अन्याय र अत्याचारको विरुद्ध सङ्घर्षरत अस्तित्वका निम्ति लड्न तयार छ ।

**टुँडाल** उपन्यासमा उसका पात्रहरू स्वअस्तित्वका कुरा गर्छन् । स्वअस्तित्वका सम्बन्धमा उपन्यासकी पात्र सत्याको विचार यस्तो छ -'मेरो जिन्दगी भनेको मेरो जिन्दगी हो । अन्तिमसम्म मसँग रहने भनेको मै मात्र हैन र .... म को हुँ , मैले के हुने भन्ने निर्णय मेरो आफ्नै हुन्छ ।' ( धराबासी, २०६५:८३) सत्या मात्र होइन उपन्यासका अन्य पात्र सुस्मिता, शशी सबैमा स्वअस्तित्वको भावना पाइन्छ ।

## २.५ पूर्ववर्ती र समवर्ती उपन्यासकारहरूका सापेक्षतामा कृष्ण धराबासीको मूल्याङ्कन

नेपाली आख्यानको आरम्भ विन्दु वि.सं. १८२७ को शक्तिवल्लभ अर्यालको **महाभारत विराट पर्व**लाई मानिंदै आएको छ । यस प्राथमिककालीन आख्यानहरूमा संस्कृत साहित्यबाट अनुवाद गर्ने प्रचलन रहेको थियो । भानुदत्तको **हितोपदेश मित्रलाभ** (१८३३), शक्तिवल्लभ अर्यालको **हाँस्यकदम्व** ( १८५५), सुन्दरानन्द बाँडाको **आध्यात्म रामायण** (१८९६) जस्ता आख्यानात्मक कृतिहरूले नेपाली उपन्यासको लागि गोरेटो खन्ने प्रयास गरे । यिनीहरूले उपन्यास भन्न सुहाउँने कृतिको अस्तित्व त सृजना गरेनन् तर औपन्यासिकताको बीजाधान गर्ने महत्त्वपूर्ण धरातलको निर्माण गरिदिए ।
सदाशिव शर्माद्वारा लिखित **वीरसिक्का** (१९४६) को आगमनले नेपाली उपन्यास परम्परामा काल्पनिकता, आद्भुतिवता, रोमाञ्चकारी र जासुसी तिलस्मी उपन्यास लेखनको प्रारम्भ हुन्छ । सदाशिव शर्माको **महेन्द्र प्रभा** (१९५९), गिरिशबल्लभ जोशीको **वीरचरित्र** (१९६०) आदिले माध्यमिककालीन उपन्यासका प्रवृत्तिहरूलाई तीव्र रूपमा विकसित गरे ।

वि.सं. १९९१ मा रूद्रराज पाण्डेको **रूपमती** उपन्यास प्रकाशित भएपछि नेपाली उपन्यासमा आधुनिकताको सूत्रपात हुन्छ । यस उपन्यासले आधुनिक कालको ढोका खोलेपछि नेपाली उपन्यासको गति तीव्र बन्छ । रूपनारायण सिंहको **भ्रमर** (१९९३) प्रकाशित भएपछि उपन्यासले पूर्णरूपमा आधुनिकता प्राप्त गर्छ । आधुनिक नेपाली उपन्यासको विकासक्रममा देखा परेका आदर्शोन्मुख यथार्थवादी धारा, आलोचनात्मक यथार्थवादी धारा, मनोविश्लेषणवादी धारा, विसङ्गतिवादी धारा, अस्तित्ववादी धारा, प्रगतिवादी धारा, प्रयोगवादी धाराहरूबाट प्रभावित रहेका

छन् र नयाँ प्रयोगात्मक प्रवृत्तितर्फ उन्मुख गराउने काम पनि पूर्ववर्ती धाराका उपन्यासले नै गरेका छन् ।

आधुनिक नेपाली उपन्यास विभिन्न परम्परा र मोड पार गर्दै आफ्ना गतिमा अगाडि बढिरहेको छ । उपन्यासहरू प्रयोगवादतर्फ उन्मुख हुँदा विभिन्न प्रविधि, शिल्प अँगालेर लेखिएका अउपन्यास, नयाँ अउपन्यास र अधिउपन्यासहरूको पनि सङ्ख्या बढिरहेको छ । परम्परित शिल्प, प्रविधि र तत्त्वका दृष्टिले समेत अत्यन्त भिन्न रूप रचनाका उपन्यासहरू देखिनु नै उत्तर आधुनिकतावादी प्रवृत्तिको अनुसरण आधुनिक उपन्यास परम्परामा भित्रिएको सङ्केतका रूपमा पनि लिन सकिन्छ ।

ज्याक डेरिडाको विनिर्माणवादी सिद्धान्तले आख्यान लेखनलाई बढी प्रभावित पारेको पाइन्छ । उत्तरआधुनिकतावादी प्रवृत्तिभित्रको विनिमार्णवादले विनिर्माणवादी प्रवृत्तिलाई केन्द्र बनाई उपन्यासलाई भाषा र चिन्हहरूको योगमा मात्र सीमित पारेको पाइन्छ । उनीहरूले उपन्यासलाई उपन्यासको सट्टा पराउपन्यासको संज्ञा दिएका छन् । पराउपन्यास अर्थात् मेटाफिक्सन, सरफिक्सन जस्ता नाम दिएको पाइन्छ (बराल, २०५६:७-१०) ।

नेपाली उपन्यासमा प्रयोगको प्रारम्भ बीसको दशकदेखि भएको देखिन्छ । इन्द्रबहादुर राईको **आज रमिता छ** , पारिजातको **शिरीषको फूल**, ध्रुवचन्द्र गौतमको **अन्त्यपछि**, **फूलको आतंक**, **बाढी**, **जेलिएको**, विश्वेश्वरप्रसाद कोइरालाको **सुम्निमा**, मञ्जुलको **छेकुडोल्मा**, पिटर जे कार्थकको **प्रत्येक ठाउँः प्रत्येक मान्छे** , दौलतविक्रम विष्टको **चपाइएको अनुहार**, कृष्ण धराबासीको **शरणार्थी**, **आधाबाटो**, **राधा**, **तपाईं**, **टुँडाल**, नारायण वाग्लेको **पल्पसा क्याफे**, गोविन्द भट्टराईको **सुकरातका पाइला**, कवितारामको **वकपत्र** आदि उपन्यासहरू आ-आफ्ना कालका प्रयोग सम्पन्न उपन्यासहरू मानिन्छन् । कालान्तरमा यिनीहरू पनि एक-एकवटा प्रवृत्तिमा समावेश हुन पुगेका छन् । एउटै उपन्यासभित्र मिथकीयता, स्वैरकल्पना, आदर्श, स्वच्छन्दता, यथार्थ, प्रगतिवाद, फ्रायडवाद, विसङ्गति, अस्तित्ववाद जस्ता अनेकौं प्रवृत्तिहरू मिसिएको अवस्थामा पाइन्छ ।

अहिलेको सिर्जनात्मक प्रक्रियाका मूल्यहरू परिवर्तित हुँदैछन् । पुनर्लेखनद्वारा, निरन्तर पठनीयतालाई निरन्तर व्याख्या र पुनर्व्याख्यालाई यसले स्थायी प्रक्रिया मानेको छ । यसले अर्थगत अस्थिरता र अनन्तता दुवै कुरालाई प्रोत्साहित गरेको छ (भट्टराई, २०६३:६२) । उत्तरआधुनिकताले प्रयोग गरी ल्याइएका पश्चिमी प्रविधिहरूमा पूर्वीय चिन्तन र सोच मिसिई नेपाली साहित्यमा उत्तरआधुनिकताकै पर्यायवाचीका रूपमा लीलालेखनको प्रयोग हुन थालेको छ ।

कृष्ण धराबासीले जीवनलाई नयाँ ढङ्गबाट हेर्ने लीलालेखनको पद्धतिलाई आत्मसाथ गरेका छन् । उनले लीलालेखनलाई यान्त्रिक रूपमा होइन कलाको प्रतिविम्बको प्रविधिको रूपमा आत्मसाथ

गरेका छन् । उनका उपन्यासहरूमा कलात्मक ढङ्गले लीलाको प्रयोग भएको पाइन्छ । लीलालेखन प्रविधि प्रयुक्त नेपाली उपन्यासहरूमा इन्द्रबहादुर राईको **आज रमिता छ** (२०२१), विश्वेश्वरप्रसाद कोइरालाको **मोदिआइन** (२०३६), **हिटलर र यहुदी** (२०४०), सञ्जीव उप्रेतीको **आलु, नौनी र कफी** (२०५१), ध्रुवचन्द्र गौतमको **फूलको आतङ्क** (२०५५), सरूभक्तको **पागलवस्ती** (२०४८), आदि उपन्यासहरू पर्दछन् । यी मध्ये केहीमा आङ्शिकरूपमा र केही पूर्णरूपले लीलालेखन सम्वन्धी मान्यता प्राप्त गर्न सकिन्छ । धराबासी यी पूर्ववर्ती उपन्यासकारहरूसँगै कतै सामिप्यताका भाव राख्दै त कतै भिन्नता देखाउँदै लीलालेखनको गोरेटोतर्फ उन्मुख भएका छन् । उनले **शरणार्थी** उपन्यासमा लीलालेखनको राम्रो प्रयोग गरेर देखाएका छन् । उनका **आधाबाटो**, **राधा**, **तपाईं**, **टुँडाल** सबै उपन्यासमा लीलालेखन सम्बन्धी मान्यता प्राप्त गर्न सकिन्छ । कल्पना र यथार्थको समिश्रण गर्ने लीला लेखकीय प्रवृत्ति उनका सबै उपन्यासमा पाइन्छ ।

अनेकौं प्रयोग, सिद्धान्त, नियम, परम्परा भइ आइरहेको लेखनमा कृष्ण धराबासी स्वयम् एउटा नयाँ प्रयोग भएका छन् । विश्व साहित्य सिर्जनाको परिवेश नियाल्दा आएका नयाँ-नयाँ लेखनधर्मिता, शिल्प र विधाहरूको प्रवाहमा उनले आफूलाई प्रवाहित गरिदिएका छन् । उत्तरआधुनिक लेखनको परिभाषाभित्र रूमलिनुको सट्टा उत्तरआधुनिक जस्तो अनिश्चित पारिभाषिक द्वन्दाभाषमा अल्झेको साहित्यिक लेखन भित्रैबाट बाहिर निस्केका छन् (भट्टराई, २०६०:६०) । धराबासी प्रयोगधर्मी लेखकका पङ्क्तिमा उभिन पुगेका छन् । लीलालेखनको बोधपक्षलाई टिपेर उत्तरआधुनिक लेखनलाई नेपाली संस्करणमा प्रवेश गरेको प्रमाणित गर्न प्रयत्नशील रहेका छन् ।

यथार्थवादका दृष्टिले लैनसिंह वाङ्देल र इन्द्रबहादुर राईका प्रवृत्तिहरू अवलम्बन गर्दै नवीन प्रवृत्तिहरूको सिर्जना गर्दै धराबासी अगाडि बढेका छन् । यथार्थ चित्रणमा सम्वेदात्मक र कारुणिकताको भाव उत्पन्न गर्नमा कथावस्तुको चयनमा वाङ्देलका नजिक र भाषा प्रयोग, शिल्प, शैली र उपन्यास प्रस्तुतीकरणको हिसाबले राईका नजिक देखिन्छन् (लम्साल, २०६४:१९६) । धराबासीका **शरणार्थी**, **आधाबाटो**, **तपाईं** उपन्यासमा जीवनका सुख, दुःख, लडाईं, झगडा, हारजित, सबलता, दुर्बलता आदि यथार्थवादी प्रवृत्ति पाइन्छ ।

मिथकीय धारामा देखिएको पहिलो उपन्यास विश्वेश्वरप्रसाद कोइरालाको **सुम्निमा** (२०२७) हो । त्यसपछि मदनमणि दीक्षितको **माधवी** (२०३८), **त्रिदेवी** (२०५९), राजेश्वर देवकोटाको **द्वन्द्वको अवसान** (२०४२), विश्वेश्वरप्रसाद कोइरालाकै **मोदिआइन** (२०३६), **हिटलर र यहुदी** (२०४०), ध्रुवचन्द्र गौतमको **अग्निदत्त + अग्निदत्त** (२०५३), ऋद्धिबहादुर मल्लको **शर्मिष्ठा** (१९८५), सञ्जीव उप्रतीको **आलु, नौनी र कफी** (२०५१), आदि मिथकीय उपन्यास हुन् । धराबासीको **राधा** (२०६२), विश्वेश्वरप्रसाद कोइरालाको **मोदिआइन** (२०३६), सँग विषयवस्तुका आधारमा नजिक छ भने कोइरालाकै **हिटलर र यहुदी** (२०४०), सँग **शरणार्थी**को सामिप्यता देखिन्छ । **राधा** र **मोदिआइन**मा

महाभारतकालीन विषयवस्तुलाई पुराणको परिधिमा राखेका पात्रलाई प्रस्तुत गरेका कारण समानता छ भने **हिटलर र यहुदी** तथा **शरणार्थी**मा वास्तविकता र कल्पनाको मिश्रण गरी ऐतिहासिक ढङ्गले मिथकको प्रयोग गरिएको छ । कोइरालाले मनोवैज्ञानिक नियतिवाद र मानवतावादको पुष्टिका लागि मिथकको प्रयोग गरेका छन् भने धराबासीले लीलालेखनको पुष्टिका लागि मिथकलाई प्रयोग गरेका छन् ।

त्यस्तै राजेश्वर देवकोटाको **द्वन्द्वको अवसान** उपन्याससँग धराबासीको **राधा** उपन्यासले सामीप्यता राख्दछ । यी दुवै उपन्यासमा केन्द्रहरू भत्काइएको छ र अर्थको भिन्नता देखाइएको छ । शैली र शिल्पका दृष्टिले पनि धराबासी देवकोटासँग नजिक देखिन्छन् ।

उपन्यासको परम्परागत रूप र सिद्धान्तभन्दा भिन्न नवीन कथ्य संरचना शिल्पमा संरचित धराबासीका औपन्यासिक रचनाहरू कलात्मकता र नवीनताका साथ बेग्लाबेग्लै रूपमा देखापरेका पाइन्छन् । उपन्यास लेखनको नयाँ प्रविधि, आत्मवृतान्तान्यास भन्न सकिने **आधाबाटो**, मिथकको नयाँ प्रयोगसहित आएको राधा पुराण भन्न आग्रह गरिएको **राधा** उपन्यास र नाटकीय दृष्टिविन्दुमा संरचित **तपाईं** जस्ता औपन्यासिक रचनाहरू निश्चय नै नेपाली उपन्यासमा प्रयोगशील उपन्यासमा नयाँ बान्की हुन् । प्रयोगका निकै सम्भावनाहरू अझै लेखनमा ल्याउन सक्ने सिर्जनात्मक क्रियाशीलता विद्यमान रहेका उपन्यासकार धराबासी नेपाली उपन्यासमा नयाँ ठाउँ सुरक्षित गर्ने उपक्रममा रहेका छन् भन्न सकिन्छ (शर्मा, २०६४:४८) ।

धराबासीका उपन्यासको तुलना उत्तरआधुनिक उपन्यासहरूसँग गर्दा आख्यानकार ध्रुवचन्द्र गौतम धराबासीका समकालीन देखिन्छन् । धराबासी र गौतमका उपन्यासहरू विधाभञ्जन, विपठन, विनिर्माणका दृष्टिले उत्तरआधुनिकतावादभित्र समेटिन आइपुगेका देखिन्छन् । उनीहरूका कृतिहरूले परम्परित उपन्यास संरचनालाई उछिनेर कला साहित्यको रूप रचना र शैली शिल्पमा पनि भिन्नताहरू नवनव स्वरूपहरू देखिन सक्छन् भन्ने कुरालाई पुष्टि गरेका छन् । सूत्र उपन्यास, संस्मरणात्मक उपन्यास, अनुभवन्यास जस्ता नवीन विधा उपविधाहरूमा रचिएका दुवै लेखकहरूका उपन्यासहरूले पारम्परिकभन्दा भिन्न शिल्प प्रविधि रूपरचनालाई आत्मसात गरेका छन् । आफ्ना कृतिहरूमा पाठकीय दृष्टिकोणलाई बढी महत्त्व दिने, सत्यको अस्थिरतालाई दुवै लेखकले स्वीकार गरेका देखिन्छ । उत्तरआधुनिकतावादी प्रविधिका मुख्य अभिलक्षणका आधारमा हेर्दा धराबासीका उपन्यासमा विधाभञ्जन, विनिर्माण, अउपन्यास, अधिउपन्यास जस्ता प्रविधिहरू देख्न सकिन्छ । धराबासीका उपन्यासले पूर्ववर्ती उपन्यासहरूभन्दा बेग्लै स्थान ग्रहण गरेको छ ।

लीलालेखनलाई आधार मानी लेखन गर्ने धराबासीका सहकर्मीहरूमा कृष्ण बराल, रश्मिशेखर, कृष्ण अविरल, कुमार भट्टराई लगायत उपन्यासकारहरू रहेका छन् । धराबासी लीलालेखनको पहिलो औपन्यासिक कृति लिएर उदाएका छन् । अन्य लीला उपन्यासकारहरूका

तुलनामा उनलाई अग्रणी उपन्यासकारकका रूपमा लिन सकिन्छ । धराबासीले इन्द्रबहादुर राईले सुरु गरेको लीलालेखनलाई अगुवाई र मलजल गरिरहेका छन् ।

जीवनका सुख, दु:ख, प्रेम, इज्जत, प्रतिष्ठा जस्ता कुरालाई केन्द्रविन्दुमा राखेर सिर्जना गर्नु धराबासीको विशेषता हो । उनी साहित्यमार्फत शोषणमुक्त समाजको सिर्जना गर्न चाहन्छन् । उनी वर्तमानप्रति विद्रोह र भविष्यप्रति आशावादी दृष्टिकोण प्रस्तुत गर्न चाहन्छन् (घिमिरे, २०६३:३४) ।

कृष्ण धराबासी आधुनिक नेपाली उपन्यासको समसामयिक प्रयोगवादी धारामा देखापरेका उपन्यासकार हुन् । नेपाली उपन्यासका फाँटमा गुणात्मक एवम् नवविधा प्रवर्तनका सम्भावनाहरू लिएर प्रवेश गरेका उनी नेपाली साहित्यमा युग सुहाउँदो साहित्यकारको रूपमा स्थापित भएका छन् । नित्य नवीन प्रयोगको अभिरूचि र अभिवृत्तिले उनलाई सधैँ नयाँ दिशा खोज्न घच्घच्याइरहेको छ ।

## २.६ निष्कर्ष :

२०५६ सालमा **शरणार्थी** उपन्यास प्रकाशित गरेर उपन्यासकारका रूपमा चिनिएका धराबासीले जीवनलाई नयाँ ढङ्गबाट हेर्ने लीलालेखन पद्धतिलाई आत्मसात गरेको पाइन्छ । समाजमा आफूले देखे भोगेका यथार्थलाई टपक्क टिपेर उपन्यासमा प्रस्तुत गर्ने प्रवृत्ति पाइन्छ । विनिर्माणवाद, लीलालेखन, स्वैरकल्पनाको प्रयोग गरिनु, बहुपात्रहरूको प्रयोग पाइनु उनका औपन्यासिक प्रवृत्तिहरू हुन् । उनका आफ्ना उपन्यासमा प्रेमको व्याख्यानलाई प्रस्तुत गर्छन् भने उपन्यासमा नारीवादी दृष्टिकोण समेत प्राप्त गर्न सकिन्छ । विभिन्न मिथकहरूको प्रयोग गरिएका उनका उपन्यास यथार्थको नजिक रहेको भेटिन्छ । यसरी धराबासीका औपन्यासिक प्रवृत्ति र विशेषताहरू केलाउँदा उनका औपन्यासिक लेखन नयाँ-नयाँ प्रवृत्ति समातेर अगाडि बढेको देखिन्छ ।

# परिच्छेद – तीन
## नारीवादको सैद्धान्तिक अध्ययन

### ३.१ परिचय र पृष्ठभूमि

नारीवाद अङ्ग्रेजी फेमिनिजम को नेपाली उल्था हो । समाजका सामाजिक, राजनैतिक, शैक्षिक, बौद्धिक, साहित्यिक आदि क्षेत्रमा नारीको पक्षमा आफ्ना आवाज उठाउने कार्य नै नारीवादी आन्दोलनका रूपमा चर्चित हुन पुग्यो । नारी स्वतन्त्रता र समानताको पक्षमा आवाज उठाउँदै विश्वभर फैलिइसकेको छ । यसले पुरुषद्वारा निर्धारित नारीको स्थान र परम्परित मूल्य र स्वरूपलाई अस्वीकार गर्दछ ।

नारीकेन्द्री परिप्रेक्ष्यबाट नारी हक, हित र समानताको पक्षधरतालाई नारीवाद भनिन्छ । पुरुषद्वारा स्थापित नारी सम्बन्धी समस्त धारणा र दृष्टिकोण, पूर्वाग्रह, मान्यता, कल्पना र साहित्यमा नारीको स्थिर चरित्र चित्रण आदिलाई नकार्दै यसले नारीको वास्तविक अस्तित्व तथा पहिचान कायम गर्ने तर्फ दह्रो पाइला चालेको छ । प्रायः सबै चिन्तक, दार्शनिक, नेता, भविष्यवक्ता, वैज्ञानिक आदि पुरुष नै भएका हुँदा पुरुष भन्दा नारीलाई हीनतर मानेका हुन् भन्ने नारीवादीहरूको आरोप छ । यसरी नारीहरूलाई हीन तुल्याउने कार्य प्रकृतिले होइन सामाजिक व्यवस्थाले गरेको हो भन्ने नारीवादीहरूको दृष्टिकोण रहेको छ । नारीवाद यस्तै यस्तै नारी विरोध स्थिति तथा विचारका विपक्षमा देखिएको छ (शर्मा र लुइटेल, २०६१:३७१-७२) । नारीवाद पितृसत्तात्मक समाजमा नारी माथि हुने गरेका शोषण, दमन तथा हैकमवादी प्रवृत्तिका विरुद्ध जन्मिएको आन्दोलन हो । शारीरिक रूपमा कमजोर ठानिने नारीवर्गलाई सामाजिक, आर्थिक र बौद्धिक रूपमा सशक्त बनाउन नारीवादी साहित्यले महत्त्वपूर्ण भूमिका खेल्न सक्दछ ।

नारी जातिका तर्फबाट बुझ्ने र बुझाउने तथा नारीहरूलाई सामाजिक, सांस्कृतिक, धार्मिक, बौद्धिक आदि विषयमा मुक्त र आत्मनिर्भर बनाई पुरुष एकाधिकारको भञ्जन गर्ने आन्दोलन तथा अभियान नै नारीवाद हो । नारीवाद एउटा सिद्धान्त र चिन्तनमात्र नभई यो एउटा विद्रोह पनि हो । नारीवादी लेखनको पृष्ठभूमिका रूपमा नारीमुक्ति सम्बन्धी विभिन्न आन्दोलन र अभियानहरूले महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ (अधिकारी, २०६७:६७-६९) ।

नारीलाई आर्थिक, सांस्कृतिक, बौद्धिक, राजनैतिक दृष्टिले सशक्त बनाई उनीहरूको अस्तित्वको निम्ति आवाज उठाउने काम नारीवादी लेखनले गर्दछ । यसमा नारीलाई सामाजिक, आर्थिक, साहित्यिक, सांस्कृतिक आदि विषयमा अघि बढ्न प्रेरणा दिन्छ । आजसम्म नारीहरूमाथि

गरिंदै आएको दमन तथा उनीहरूमाथि हुने गरेको सबैखाले शोषणका विरुद्ध जागरूक बनी समाजमा नारीलाई स्थापित गराउने काम नारीवादी लेखकको सशक्त पाटो हो ।

नारी स्वतन्त्रता आन्दोलनको लहर १७७६ को अमेरिकी राज्यक्रान्ति र १७८९ को फ्रेन्च राज्यक्रान्तिबाटै उठ्न थालेको पाइन्छ । फ्रेन्च राज्य क्रान्तिका स्वतन्त्रता, समानता र भातृभावको आदर्शले नारीमुक्ति आन्दोलनका लागि पृष्ठभूमिको काम गरेको देखिन्छ । फ्रान्सकी ओलिम्प डि गाउजले १७९३ मै नारी अधिकारको बारेमा आवाज उठाएकी थिइन् । म्यारी बोलस्टोनक्राफ्टको **भिडिकेशन अफ दि राइट्स अफ वुमन** (१७९२) नामक कृति प्रकाशित भयो जसलाई स्त्रीवादको सबभन्दा पुरानो कृति भन्न सकिन्छ (गौतम, २०५०:४३२) । बोलस्टोन क्राफ्टले आफ्नो कृतिको रचना उदारवादको पृष्ठभूमि प्रदान गरेर शिक्षाद्वारा केटीहरूको र केटाहरूको पनि उद्धार हुने देखाइन् । त्यस्तै सारा ग्रिम्कीको **लेट्स अन इक्वेलिटी** (१८३८) ह्यारिट टेलर जे एस. मिलको **दि सब्जेक्शन अफ वोमन** (१८६९), मार्गेट फुलरको **ओमन इन दि नाइन्टीन्थ सेन्चुरी** (१८४५) शार्लोट पर्किन जिलम्यानको **आवर एड्रोसेंट्रिक कल्चर** (१९११) आदि कृतिहरू नारीवादलाई पृष्ठपोषण प्रदान गर्ने गरी लेखिएका थिए ।

भर्जिनिया उल्फ को **अ रुम अफ वान्स वअन** (१९२९) नामक पुस्तक नारीवादी आन्दोलनको शास्त्रीय अभिलेख नै बन्न पुगेको छ । फ्रान्सेली नारी लेखक सिमोन दि बुआको **द सेकेन्ड सेक्स** ( १९४९) लाई नारीवादी लेखनको युगान्तकारी कृतिका रूपमा लिइन्छ । यी कृतिहरूले नारीवादी चेतना र जागरण ल्याउन महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । **द सेकेन्ड सेक्स**को मूल स्वर राजनैतिक भए पनि यसमा पुरुषले उपन्यासमा नारी वर्णन कसरी गर्छ भन्ने कुरा उल्लेख गरिएको छ । यसै कृतिबाट नारीवादी साहित्य तथा समालोचनाको वास्तविक तथा सचेत प्रयास सुरु भएको मानिन्छ (शर्मा र लुईटेल, २०६१ : ३७२ - ७३) ।

१९६० को सुरुदेखि नारीमुक्ति आन्दोलन तीव्र भएर उठ्यो र नारीवादलाई उचाइमा पुऱ्याउन सहयोग पुग्यो । अमेरिका, फ्रान्स, बेलायत जस्ता मुलुकहरू नारीमुक्ति आन्दोलन र नारी सचेतनाका लहरहरू चल्न थाले । अमेरिकामा केट मिलेटको **सेक्सुअल पोलिटिक्स** (१९६९) प्रकाशित भएपछि नारीवादलाई यसले ठूलो गति दियो । यसमा उनले शक्तिशाली पितृसत्तामा नारी दबिएकी छ भन्ने देखाएकी छन् ।

नारीवादले नारी जीवनमा सुधारको चाहना राख्दछ । पुरुषको शोषणबाट नारीलाई मुक्त गराउने प्रयास गर्छ । नारीको जीवनको उत्थान चाहन्छ र सोही अनुरूप नारीवादी आन्दोलन साहित्यिक रूपमा क्रमश विकसित हुँदै अगाडि बढेको देखिन्छ ।

## ३.२ उत्तरआधुनिक परिप्रेक्ष्यमा नारीवाद

उत्तरआधुनिकतावादको थालनी कलाका क्षेत्रबाट भएको मानिन्छ । हाल यसले कला, सङ्गीत, नृत्य, दर्शन, मानवशास्त्र, इतिहास, राजनीतिशास्त्र, विज्ञान आदि सबैजसो क्षेत्रमा प्रभाव पारेको छ । उत्तरआधुनिक लेखनभित्र पर्ने विनिर्माणवाद, नवइतिहासवाद, नवव्यवहारिकतावाद, नवमार्क्सवाद, लैङ्गिकतावाद, नवव्यावहारवाद आदि वादहरूसँग हुर्किएको वाद नै नारीवाद हो । उत्तरआधुनिकतावादमा प्राचीन केन्द्रक भत्किएर नयाँ-नयाँ धेरै केन्द्रकहरू बनेका छन् र विषयगत विविधता आएको छ । प्राचीन केन्द्रकका रूपमा रहेका पुरुष, गोरा, उच्चहरूलाई मात्र केन्द्रक नमानी नारी समलिङ्गी, काला, दलित, अल्पसङ्ख्यकहरू पनि केन्द्रक बनी एक केन्द्रकका सट्टा बहुकेन्द्रकताको स्थापना भएको छ (शर्मा र लुईटेल, २०६१:३५५) । यो एक बहुत्ववादी प्रवृत्ति भएकाले यसले कुनै एक पक्ष, पद्धति, विचार, शैली आदिलाई महत्त्व नदिई सबैलाई महत्त्व दिन्छ । पुराना मूल्य मान्यतालाई भत्काएर नयाँ मान्यताको स्थापना गर्नुका साथै विधाभञ्जन, विधामिश्रण, विनिर्माण आदि अनेक रूपहरूबाट यसले कृतिको निरूपण गर्छ ।

नारीवाद विविध रूपमा उत्तरआधुनिकतावाद, विनिर्माण आदिको सहयोग लिँदै अगाडि बढेको पाइन्छ । उत्तरआधुनिकतावाद नारीवादको सहयोगी भएको छ । नारीवादको सम्बन्ध नारीहरूको सामाजिक, आर्थिक एवम् सांस्कृतिक स्वतन्त्रता तथा समानताका लागि चलेको नारीवादी आन्दोलनसँग देखिन्छ । यसले परम्परित रूपमा चलिआएको पुरुष हैकमवादी प्रवृतिको विरोध गरी नारीको स्थान, अस्तित्त्वको खोजी गर्दछ । पुरुषद्वारा स्थापित नारीसम्बन्धी समस्त धारणा, दृष्टिकोण, पूर्वाग्रह मान्यता र साहित्यमा नारीको अस्तित्त्व पहिचान गर्ने तर्फ दह्रो पाइला चालेको देखिन्छ ।

नारीवाद उत्तरसंरचनावादी तर्कलाई मान्छ र पितृसत्तामा नारीहरू दोस्रो दर्जामा घचेडिएको पाउँछ । पितृसत्ताले नरनारीको क्रम बनाएको छ त नारीनरको क्रम बनाएर पुरुष केन्द्रीयता जस्तै नारीकेन्द्रीयता बनाउनु उचित होइन भन्ने उत्तरसंरचनावादी मान्यता छ (गौतम, २०६१:९२) । पुरुषद्वारा स्थापित नारी सम्बन्धी समस्त धारणाहरूको खण्डन गरी नारीको वास्तविक अस्तित्त्व र पहिचान कायम गर्नेतर्फ नारीवादले उत्तर संरचनावादी युगमा दह्रो पाइला अघि बढाएको पाइन्छ ।

नारीवादले बहुलवाद अँगाली मार्क्सवाद, मनोविश्लेषणवाद, उत्तरसंरचनावाद, विनिर्माणवाद आदिसँग घनिष्ट सम्बन्ध राखेको पाइन्छ । सन् १९६० पछि उत्तरसंरचनावादी साहित्यिक आन्दोलनमध्ये एउटा आन्दोलन नारीवादी आन्दोलन हो ।

## ३.३ नारीवादी समालोचना

नारीसँग सम्बद्ध विषयको चर्चा र समालोचना गरिएको समालोचनालाई नारीवादी समालोचना भनिन्छ । अहिलेसम्म नारीहरूमाथि गर्रिदै आएको दमन तथा उनीहरूमाथि हुने गरेको आर्थिक, राजनैतिक, सास्कृतिक, वैचारिक, शैक्षिक तथा यौनिक शोषण र अत्याचारको विरूद्धमा आएको नारीवादले एउटा चिन्तनकै रूपमा साहित्य समालोचनामा स्थापित हुन पुगेको देखिन्छ ।

नारीहरूले यौनका कुरामा सबैभन्दा बढी शोषण खप्नुपरेको र मानसिक यातनाबाट पीडित हुनुपरेको स्थिति देखाउँदै त्यसलाई सच्याउने तथा लेखनका क्रममा नारीमाथि, मातृत्वमाथि गरिएको उपेक्षालाई उल्ट्याउने कार्यमा पनि यसको सहभागिता रहन्छ । नारीहरू जैविक रूपबाट त भिन्न छन् तर प्राचीनकालदेखि नै थिचेर पुरुषप्रधान समाजले उनीहरूको मानसिकतालाई कमजोर बनाएको छ । यो लैङ्गिक अवधारणा साहित्यमा कसरी प्रकट भएको छ  भन्ने कुरा पनि नारीवादी समालोचनामा अध्ययन गरिन्छ  (एटम, २०६१:२२९-३०) ।

नारीकेन्द्रित समालोचना नै नारीवादी समालोचना जस्तो लागे पनि वास्तवमा यो मिश्रित समालोचनात्मक चिन्तन हो । यसमा भाषावादी, मनोविश्लेषणवादी र मार्क्सवादी समालोचनात्मक चिन्तनको प्रभाव ग्रहण गरेको पाइन्छ । यद्धपि यसले अन्य समालोचनात्मक चिन्तनबाट प्रभाव लिएपनि यसको केन्द्रमा नारी नै केन्द्रित रहेको देखिन्छ । मूलतः यो नारी महत्त्वको व्यापकतालाई समेट्ने समालोचना हो । 'वास्तवमा अलिकति राजनीति, अलिकति मनोविज्ञान, अलिकति भाषिक चिन्तन मिलेर नारीवादी समालोचना बनेको छ । काटे, मिलेट, मिचेल, व्यारेट, जुलिया मिचेल, हेलेन सिक्सोस्, एलेन शोवाल्टर, जरमाइन, ग्रीर, मेरिइगलटन, कोरा कपलान, जुडिथ न्यूटन, सान्द्रा गिलबर्ट, सुसान गुवर, तोरिल मोइ, एनेटे आदिको चिन्तन मिलेर नारीवादी समालोचना बनेको छ ( बराल, २०५२:१९-२०) ।

नारीवादी समालोचनामा नारीवादको सैद्धान्तिक मान्यताअनुसार नारी लिखित कृतिहरूलाई महत्त्व दिने, कृतिभित्रका नारीपात्रहरूको विश्लेषण गर्ने पुरुषलिखित साहित्यिक कृतिहरूमा प्रयुक्त नारीहरूको विश्लेषण गर्ने तथा परम्परागत लैङ्गिक असमानताको विरोध गर्ने जस्ता प्रवृत्तिहरूको प्रयोग गरिएको हुन्छ (अधिकारी, २०६७:७३-७४) । नारीवादी समालोचना नारीका हक अधिकार र नारीहरूका बारेमा चिन्तन गर्न बनाइएको दृष्टिकोण हो । नारीवादी समालोचना नारीलेखन, नारी अस्तित्वलाई स्थापित गराउने उद्देश्य सहित लेखिएको देखिन्छ । यस्तो समालोचना यथास्थितिवादको विरोध र क्रान्तिकारी चेतनाको प्रवलता पाइन्छ ।

नारीहरूको लैङ्गिक समानता र स्वतन्त्रताका लागि चलाइएका नारीमुक्ति आन्दोलनको पृष्ठभूमिमा सुरु भएको नारीवाद मान्यता क्रमशः साहित्यको सिर्जना विधा हुँदै समालोचनासम्म

आइपुगेको देखिन्छ । साहित्यमा पृथक अस्तित्व कायम गरेको नारीवादले पछिल्लो समयमा नारीवादी समालोचनाका रूपमा विश्वव्यापी रूपमा विकसित भएको पाइन्छ ।

### ३.३.१ नारीवादी समालोचनाको विकास

नारी साहित्य र समालोचनाको क्षेत्रमा एलेन सोभाल्टरको **अ लिट्रेचर अफ दिअर अवन ब्रिटिस वुमन नोभलिस्ट फ्रम ब्रन्ट टू लेसिङ्ग** (१९७७) कृतिले नारीवादी समालोचनाका क्षेत्रमा विश्वव्यापी प्रभाव पारेको देखिन्छ । यसलाई नारीवादी लेखनको अस्तित्वबोध गराउने कृतिका रूपमा लिन सकिन्छ । सन् १९७० पछि नारीवादी समालोचनाले पाश्चात्य साहित्यमा एउटा तीव्र साहित्यिक अभियानकै रूप लिएको देखिन्छ भने बेलायतमा सन् १९७७ मा भिरागो नामक प्रकाशनले प्रथम पटक नारीहरूको स्वतन्त्र पुस्तक प्रकाशन भई यसले सक्रिय रूप लिएको देखिन्छ । त्यस्तै सन् १९७८ मा द वुमन प्रेस को स्थापना भएको पाइन्छ । यसपछि नारीवादी लेखन तथा समालोचनाका क्षेत्रमा बाढी नै आएको देखिन्छ ।

नारीवादी समालोचना एकातिर विगतका नारी लेखकहरूका कृतिहरूको व्यापक खोजी तथा पुनर्मुद्रण गरेर अनि अर्कातिर विद्धतापूर्ण तथा सिर्जनात्मक नारी लेखनलाई प्रोत्साहित गरेर हुर्केको छ (शर्मा र लुइटेल, २०६१:३७३) । यसरी नारीवादी समालोचनाहरूले अतीतको विरोध गर्दै विगतका नारीहरूप्रति बनाइएको दृष्टिकोण र धारणा भत्काई साहित्यको पुनर्मूल्याङ्कनको प्रयत्न गरेको देखिन्छ । नारीलाई सही रूपमा नारीले मात्र चिन्न, न्याय गर्न र नारी पात्रहरूको विश्लेषण पनि नारीबाट मात्र सही अर्थमा हुन सक्दछ भन्ने चिन्तनहरूको पृष्ठभूमिमा नारीवादी समालोचना विकसित भएको पाइन्छ ।

नारीवादी समालोचना कुनै निश्चित स्थान तथा व्यक्तिहरूबाट एकैचोटी प्रवर्तन नभई विभिन्न स्थान, व्यक्ति तथा समुदायको प्रयासबाट भएको पाइन्छ । नारीवादी समालोचना विभिन्न धारा र स्वरूपमा बाँडिएको पाइन्छ । जुन जुन ठाउँबाट नारीवादी अभियान थालियो त्यहीँबाट नारीवादी समालोचना धारा विकसित भएको देखिन्छ भने विभिन्न नारीवादी समालोचकहरूको आ-आफ्ना नारीवादी अवधारणाबाट पनि यसका धाराहरू विकसित भएको पाइन्छ । नारीवादी समालोचनाको विकास यात्राका चरणहरू निर्धारण गर्ने क्रममा सबै समालोचकहरूको एउटै दृष्टिकोण रहेको पाइँदैन । यसका चरणहरूलाई विभिन्न नामले चिनाउने गरिएको पाइन्छ ।

मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुईंटेलले नारीवादी समालोचनाको विकास निम्न लिखित तीन धारामा भएको छ भनी वर्गीकरण गरेको देखिन्छ (शर्मा र लुईंटेल, २०६१:३७४-७६) :

१. राजनैतिक नारीवादी समालोचना

२. गाइनो समालोचना

३. फ्रान्सेली नारीवादी समालोचना

त्यस्तै ऋषिराज बरालले नारीवादी समालोचनामा मूलतः निम्नलिखित चार धाराहरू देखा पर्दछन् भनी उल्लेख गरेका छन् (बराल, २०५२:२०-२२) :

क) काटे मिलेटको पुरुषविरोधी राजनीति प्रेरित धारा

ख) मिचेल व्यारेट, रविन्सन र जुडिथको समाजपरक धारा

ग) नारी लेखन तथा विश्लेषण केन्द्रित धारा

घ) मनोविश्लेषणवादी धारा

रमा शिवाकोटीले नारीवादी समालोचनाको प्रचलित महत्त्वपूर्ण अभ्यासहरू चार किसिमका छन् भनी यस प्रकार देखाएकी छिन् (शिवाकोटी, २०५८:४४) :

१. लिङ्गभेद अध्ययनसँग सम्बन्धित समालोचना

२. मार्क्सवादी नारीवादी समालोचना

३. मनोविश्लेषणवादी नारीवादी समालोचना

४. अल्पमत नारीवादी समालोचना

त्यसै गरी ज्ञानु अधिकारीले नारीवादी समालोचनाको विकास प्रक्रियालाई दुई चरणमा विभाजित गरेकी छन् (अधिकारी, २०६७:७१) :

१. पृष्ठभूमिकाल

क) पूर्वपृष्ठभूमिकाल (१७७६-१९४९) नारीमुक्ति सम्बन्धी विभिन्न आन्दोलनहरू

ख) उत्तरपृष्ठभूमि (१९५०-६७) नारीवादी साहित्य सिर्जना

२. विकासकाल

क) पहिलो चरण (१९६८-७६) पुरुष सत्ताको विरोध

ख) दोस्रो चरण (१९७७-८८) नारी साहित्यको खोजी समालोचना र फ्रान्सेली समालोचनाको अवधारणा ।

सन् १९७० को दशकपछि पाश्चात्य साहित्यमा नारीवादी समालोचनाले क्रमशः आफ्नो प्रभाव जमाउँदै लगेको पाइन्छ । यसरी विकसित हुँदै आएको नारीवादी समालोचनाको विकासक्रमलाई निम्नलिखित धाराहरूमा विभाजित गरेर अध्ययन गर्नु उपयुक्त देखिन्छ ।

### ३.३.१.१ राजनीतिक नारीवादी समालोचना

सन् १९६९ मा प्रकाशित केट मिलेटको **सेक्सुअल पोलिटिक्स** कृतिबाट नै राजनीतिक नारीवादी समालोचना धारा अघि बढेको देखिन्छ । यस चरणका नारी समालोचकहरूले नारीहरूको सकारात्मक तथा यथार्थ चित्र प्रस्तुत नगरेको भनि पुरुष लेखकको विरोध गर्दै पुरुष लेखनमा नारीहरूको अवमूल्यन हुनाका साथै पुरुषलाई तृप्ति दिने साधनका रूपमा मात्र नारीको चित्रण हुने गरेको बताइएको पाइन्छ । मार्क्सवादी दर्शनको प्रशस्त प्रभाव रहेको यस नारीवादी समालोचना धारामा समाजमा नारीहरूले भोग्नु परेका असमानताको पीडाहरूको बारेमा विश्लेषण गर्दै यसको अन्त्यको नवीनतम मान्यताहरूलाई पनि उठाएका छन् (अधिकारी, २०६७ : ७१) । राजनीतिक नारीवादी धारामा केट मिलेटले, मार्गरेट मिड, मिसेल बारेट आदिको विचार तथा अवधारणाहरूको विशिष्ट स्थान रहेको छ ।

केट मिलेटको नारीलाई राजनैतिक दृष्टिका साथ मनोवैज्ञानिक, आर्थिक, साँस्कृतिक, धार्मिक दृष्टिबाट समेत प्रताडित गरिएको छ भन्ने मत व्यक्त गरेकी छन् । त्यस्तै मिसेल बारेटले नारी उत्थानका लागि संस्कृतिका क्षेत्रमा मात्र होइन आर्थिक उत्पादनका क्षेत्रमा पनि परिवर्तन आवश्यक छ भन्ने धारण व्यक्त गरेकी छन् । यी बाहेक अन्य थुप्रै आङ्गल अमेरिकी नारीवादी लेखकहरूले पनि समाजमा नारीको स्थिति केलाउँदै त्यसको निराकरणबारे चर्चा गरेका छन् ।

### ३.३.१.२ गाइनो समालोचना

गाइनो समालोचनाको अवधारणा नारीवादी समालोचक एलेन सोभाल्टरले ल्याएकी हुन् । उनको **अ लिट्टेचर अफ थर्ड अवन ब्रिटिस वुमन नोभलिस्ट फ्रम ब्रोन्ट टू लेसिङ्ग** (१९७७) नामक पुस्तक प्रकाशित भएपछि यो समालोचना सुरू भएको देखिन्छ । यो समालोचना नारीहरूले लेखेका रचनाहरूको खोजविन, अन्वेषण र विश्लेषण तथा नारीहरूलाई रचनामा कसरी प्रस्तुत गरिएको छ भन्ने कुरामा केन्द्रित छ । यो नारीलेखन र नारीपात्रमा केन्द्रित समालोचना धारा हो । साहित्यिक कृतिहरूमा इतिहासलाई यो समालोचनाले मूल आधार बनाएको पाइन्छ ।

गाइनो समालोचना अन्तर्गत नारी भाषा, शैली, विषय, विधा, संरचना, रूप, पद्धति, उत्प्रेरणा, उत्पादन, व्याख्या, विश्लेषण आदि सबै आफ्नै हुन्छ भन्ने धारणा रहेको छ । गाइनो समालोचकले नारीहरूको आफ्नै संसार छ भन्ने दृष्टिकोण अँगाली गाइनो समालोचना गर्छ । गाइनोवादी समालोचकहरू नारीहरूको आफ्नै भाषा छ भन्ने मान्दछन् (शर्मा र लुईंटेल, २०६१:३७५) । यसले इतिहास, शैली, सारवस्तु, विधा-रूप, संरचनाका साथै महिला सिर्जनात्मकताको व्यक्तिगत र सामूहिक क्रियाशीलता तथा साहित्यिक परम्पराको अध्ययन गर्दछ ।

एलेन सोभाल्टरले नारी साहित्यको इतिहास लेख्दै नारी साहित्यलाई निम्न लिखित तीन चरणमा विभाजित गरकी छन् –

क) पहिलो चरण (१८४०-१८८०) नारीजातीय युग

ख) दोस्रो चरण (१८८०-१९२०) नारीवादी युग

ग) तेस्रो चरण (१९२०-हालसम्म) नारीमात्रको युग ।

यस प्रकार गाइनो समालोचनाको अवधारणा ल्याएर यसलाई स्थापित गराउने कार्यमा सोभाल्टरको महत्त्वपूर्ण योगदान रहेको छ । म्यारी एलम्यान, एलेन मुर्स, प्याट्रिसिया मेयर, स्प्याक्स, सान्ड्रा, गिल्बर्ड, सुसन गुबार, टोरिल मोई आदि लेखकहरूले पनि यसै समालोचना धारा र प्रवृत्तिलाई प्रतिनिधित्व गर्दछन् ।

### ३.३.१.३ फ्रान्सेली नारीवादी समालोचना

फ्रान्सेली नारीवादी समालोचनाको प्रवर्तकका रूपमा जुलिया क्रिस्टिभा देखिन्छिन् । उनका व्याख्यान तथा चिन्तनले नारीवादी समालोचनालाई गति प्रदान गऱ्यो जुन फ्रान्सेली समालोचनाको रूपमा विकसित भएको देखिन्छ । क्रिस्टिभा अति नारीवादी प्रवृत्ति र अति नारी विरोधी दुवै प्रवृत्ति खराब हुन् भन्दै उनी लिङ्ग भिन्नतालाई विनिर्माणवादी दृष्टिले हेर्नु आवश्यक छ भन्दछिन् । क्रिस्टिभा मूलतः पाठ र भाषामा केन्द्रित भएर नारीवादी चिन्तनको अध्ययन गर्नुपर्ने कुरामा जोड दिन्छिन् ।

फ्रान्सेली नारीवादी समालोचकहरू उत्तर संरचनावाद, नवमनोविश्लेषणवाद, प्रतीकविज्ञान, विनिर्माणवाद आदिबाट प्रभावित देखिन्छन् । यिनीहरूले भाषा पक्षमा बढि जोड दिएको देखिन्छ । यस समालोचनाले जीवन, साहित्य र समालोचनाका बीचको सहसम्बन्धको स्थापनाद्वारा नारी सांस्कृतिक समालोचनाको समेत स्थापना गरेको पाइन्छ । फ्रान्सेली नारीवादी चिन्तक तथा समालोचकहरूमा जुलिया क्रिस्टिभा, एल. इरिग्यारी, हेलेन सिक्स आदि प्रमुख मानिन्छन् ।

## ३.४ नारीवादी समालोचनाको मूल मान्यता

सन् १९७० को दशकबाट एउटा सशक्त समालोचना चिन्तन तथा पद्धतिका रूपमा विकसित भएको नारीवादी समालोचना व्याप्तता प्राप्त गर्दै नारीवादका सैद्धान्तिक आधारहरूलाई समेत प्रस्तुत गरेको छ । उत्तरआधुनिक समालोचनाका रूपमा विश्वव्यापी भई अघि बढिरहेको नारीवादी समालोचनाको आफ्नै मान्यता रहेको पाइन्छ ।

पितृसत्तात्मक पुरुषप्रधान समाजको विरोध, नारी अस्तित्वको खोजी, नारी सत्तात्मक समाजको स्थापनाको आग्रह, नारीलेखन र नारी साहित्यको समुन्नयनमा जोड, लैङ्गिक अवधारणामा

आधारित समालोचना लेखन आदि नारीवादी समालोचनाका प्रमुख मान्यता, विशेषता र प्रवृत्ति पनि हुन् । यिनै प्रवृत्तिबाट नारीवादी समालोचना अगाडि बढेको देखिन्छ (गौतम, २०६६:३९) । नारीवादी समालोचनाले नारी लेखनको ऐतिहासिक शिल्प, संरचना आदिका आधारमा नारी रचनाहरूको विश्लेषण गर्दछ । नारीवादी समालोचनाको प्रवृत्ति तथा उद्देश्यहरूको आधारमा नै यसका मान्यताहरू स्थापित भएका देखिन्छन् ।

नारीवादी समालोचनाका प्रमुख मान्यता निम्नानुसार रहेका छन् :

१. पितृसत्तात्मकताको विरोध गरी नारीलाई पुरुषको थिचोमिचोबाट मुक्त गराउने मार्ग प्रस्तुत गर्नु ।
२. नारीलेखनमा पुरुष मान्यता र सौन्दर्य शास्त्रीय अनुकरण गर्नु ।
३. नारीका भिन्न अनुभव, विषय, शिल्प, शैली, संरचना र रूपको खोजी गर्नु ।
४. बहुलवादी दृष्टिकोण अँगाली मार्क्सवाद, मनोविश्लेषणवाद, उत्तरसंरचनावाद, विनिर्माणवाद आदिसँग सम्बन्ध राख्नु ।
५. नारीपुरुषको ध्रुवीयतालाई पन्छाएर लैङ्गिक समानताको दृष्टिकोण राख्नु ।
६. गाइनो समालोचना पद्धति अन्तर्गत नारीद्वारा लेखिएका कृतिमा वर्णित नारीका स्वरूप, अनुभूति, अभिव्यक्ति आदिको विश्लेषण गर्नु ।
७. पुरुषद्वारा लेखिएका कृतिमा वर्णित नारीको विश्लेषण गर्नु ।
८. नारीको आफ्नै शब्दचयन, वाक्य गठन र अभिव्यक्ति प्रकार हुन्छ भन्दै नारी भाषा सम्भाव्यतातर्फ सङ्केत गर्नु ।

## ३.५ नारीवादी लेखन र विधागत चिन्तन

विधागत चिन्तनका दृष्टिले नारीवादी चिन्तकहरूको अध्ययनको केन्द्रमा मूलतः आख्यान साहित्य नै रहेको छ । नारीलाई हेर्ने दृष्टिकोण, नारी चरित्र पूर्ण प्रस्तुतिका दृष्टिले उपन्यास प्रभावकारी विधा भएकाले उनीहरूले यसलाई अध्ययनको विषय बनाएको पाइन्छ । त्यसैले विधागत चिन्तनको कुरा गर्दा उपन्यासलाई आधार बनाउनु उपर्युक्त देखिन्छ । वास्तवमा उपन्यास विधा नारीवादी चिन्तनका लागि सबभन्दा प्रभावकारी विधा भएको छ । समाजमा नारीको स्थान र भूमिकाको खोजी गर्न उनीहरूले उपन्यासको माध्यम बनाएको पाइन्छ । जुडिथ फेटर्लीको **द रेसिस्टिङ्ग रिडर, अ फेमिनिस्ट अप्रोच टु अमेरिकन फिक्सन** (१९८३), जेनिफ र ग्रीनको **ट्वेन्टिथ सेन्चुरी अमेरिकन फिक्सन** (१९९०), जुडिथ न्यूटन र रोजन फिल्डको **फेमिनिस्ट क्रिटिसिज्म एण्ड सोसियल चेन्ज** (१९८५) तथा सोवाल्टर र भर्जिनिया उल्फका  रचनाहरू मूल उपन्यासको अध्ययनमा केन्द्रित रहेका छन् (बराल, २०५२ : २३) ।

नारीवादी लेखिका काटे मिलेटले उदाहरणका लागि हेनरी मिल्टर, नर्भन मेलर रज्या जेनेका उपन्यासहरू लिँदै पुरुष उपन्यासकारहरूले नारीका लागि भाषा नै अर्को किसिमको प्रयोग गर्दछन् भन्ने धारणा व्यक्त गरेकी छन् । उनले पुरुष उपन्यासकारहरूले नारी पात्रहरूलाई जहिले पनि तुच्छ किसिमले प्रयोग गर्ने गरेको बताएकी छिन् । उनी उपन्यासहरूलाई पुरुष उपन्यास र नारी उपन्यास भनेर विभाजन गर्दछिन् ।

अङ्ग्रेजी साहित्यकी पहिला उपन्यासकार भर्जिनिया उल्फको नारीवाद समाजशास्त्रीय तथा जीवशास्त्रीय प्रवृत्तिबाट प्रभावित रहेको पाइन्छ । उनको विचारमा लेखन स्वयम् महिला र पुरुषमा विभाजित हुन्छ । महिला र पुरुषले भिन्न मानसिकता र स्थितिमा उपन्यास लेख्ने हुँदा पुरुषले लेखेका र महिलाले लेखेका उपन्यासहरू रूप तथा अन्तर्वस्तु स्वभावैले फरक-फरक प्रवृत्ति हुन्छ । त्यस्तै एलेन सोवाल्टरले आफ्नो अध्ययनको केन्द्रमा अङ्ग्रेजी उपन्यासहरूलाई राखेकी छन् । नारी उपन्यास लेखनको परम्परालाई पुनर्निर्मित गर्नका लागि उनले सन् १८७० सम्मको बेलायती औपन्यासिक इतिहासलाई अध्ययनका विषय बनाएकी छन् । एलिजावेथ गास्केल, जर्ज इलियट, कोराथी रिचर्डसन, भर्जिनिया उल्फको अध्ययन गरेकी छन् (बराल, २०५२ : २३)

उपन्यास लेखन कार्य नारीहरूबाट सत्रौं शताब्दीबाट आरम्भ भयो र पूँजीवादी युगमा यसले उत्कर्ष रूप लिएको पाइन्छ । उपन्यास नारीद्वारा नारीका लेखेर उनीहरूले आफूलाई चिनाउने काम गरेको देखिन्छ । नारीवादी समालोचनात्मक चिन्तन विचार प्रधान रहेको देखिन्छ । यो रूपभन्दा अन्तर्वस्तुप्रधान रहेको पाइन्छ ।

### ३.६ नेपाली उपन्यासमा नारीवाद

आदर्श र स्वच्छन्दतावादको स्फूरणबाट आधुनिकतामा प्रवृत्त भएको नेपाली उपन्यासमा २००७ सालपछिका समयमा नारी अस्मिताका प्रश्नहरू र जातीय, धार्मिक असङ्गतिका प्रश्न पनि उपन्यासका विषय बनेर प्रस्तुत भएका छन् । त्यस्तै विश्वमा देखिएका युगीन चेतना वैज्ञानिक उन्नति, मानवीय मूल्य, मान्यता र शिल्प पक्षलाई अतिक्रमण गरी नेपाली उपन्यास अगाडि बढिरहेको छ । नेपाली उपन्यासका क्षेत्रमा विकसित बनेका विभिन्न प्रवृत्ति र सामयिक सन्दर्भका मूल्यहरू विषय प्रयोग भएका छन् ।

नेपाली साहित्यमा दुर्गादेवी आचार्यणी नै त्यस्ती नारी हस्ताक्षर हुन् जसले पहिलो पल्ट उपन्यास विधामा कलम चलाउने काम गरिन् । उनले **अनुसूया सीता संवाद** (१९६५) शीर्षकको आख्यानात्मक कृतिलाई यस तथ्यका प्रमाण मान्न सकिन्छ (पाण्डे, २०६२:६९) । आचार्यणीको उक्त आख्यानात्मक कृति संस्कृतबाट नेपालीमा अनुवाद गरिएको पाइन्छ तर अनुवाद नै गरेर भए पनि

उनले उपन्यास विधामा नारी प्रतिभाको संलग्नताको इतिहास आरम्भ गरेको देखिन्छ । त्यसैले उनलाई उपन्यास विधामा कलम चलाउने प्रथम हस्ताक्षर मान्न सकिन्छ ।

वि.सं. १९८९ मा पटनाबाट प्रकाशित भएको अम्बालिकादेवीको उपन्यास **राजपुत रमणी** (१९८९) नारीद्वारा लिखित प्रथम मौलिक उपन्यास मानिन्छ । यस उपन्यासमा अतिरञ्जना मिश्रित कलात्मक शैलीमा नारी विद्रोह र नारी शक्तिको स्वरूपलाई अभिव्यक्त गरिएको छ । उनको यो उपन्यास प्रकाशित भएपछि महिला उपन्यासकारको आगमन भएको तथ्य पुष्टि हुन आउँछ ।

अम्बालिकादेवीबाट नेपाली उपन्यास विधामा सुरु भएको नारी प्रतिभाको संलग्नताको सिलसिलाले त्यसपछिको एउटा लामो कालखण्डसम्म कुनै गति पाउन सकेन । त्यसपछि २०१७ सालमा पवनकुमारी देवीको **प्रतिज्ञा** उपन्यास देखा पर्दछ । यो उपन्यासमा युवासुलभ भावुकता, स्वच्छन्द प्रेम र मिलनलाई मुख्य विषयवस्तु बनाएको पाइन्छ । यता २०२२ सालमा पारिजात **शिरीषको फूल** उपन्यास लिएर देखा पर्दछिन् । नेपाली उपन्यासमा पारिजातको आगमनले नारी प्रतिभाको औपन्यासिक यात्रालाई विशेष गति प्रदान गर्ने मात्र नभई सिङ्गो नेपाली उपन्यासको आधुनिकताको यात्रालाई पनि एउटा विशेष उचाइ प्रदान गर्न पुगेको देखिन्छ । पारिजातका **शिरीषको फूल** (२०२२), **महत्ताहीन** (२०२५), **बैंसको मान्छे** (२०२९), **अन्तर्मुखी** (२०३५), **तोरीबारी, बाटा र सपनाहरू** (२०३३), **पर्खालभित्र र बाहिर** (२०३५), **उसले रोजेको बाटो** (२०३५), **अनिँदो पहाडसँगै** (२०३८), **परिभाषित आँखाहरू** (२०४५) र **बोनी** (२०४६) गरी दशवटा उपन्यासहरू प्रकाशित भएका छन् । नेपाली उपन्यासमा अस्तित्ववादी- विसङ्गतिवादी चिन्तनलाई सुदृढ बनाउने प्रयत्न उनकै उपन्यासबाट भएको हो । उनका उपन्यासमा नारीवादी मान्यतालाई पनि सशक्त ढङ्गले प्रस्तुत गरिएको पाइन्छ ।

पारिजातपछिका महिला उपन्यासकारमा रोहिणी शाह, पुण्यरश्मि खतिवडा, राधिका राय, भारती खरेल, गीताकेशरी, वानिरा गिरी, पद्मावती सिंह, भागिरथी श्रेष्ठ, आशा सिंह, शुभ श्रेष्ठ, सुष्मा आचार्य, प्रमिला उपाध्याय, इन्दिरा प्रसाईं, सीता पाण्डे, विष्णा विरही, बाबा बस्नेत, सुस्मिता नेपाल, निरूपा प्रसुन, सङ्गीता स्वेच्छा, चन्द्रकान्ता आचार्य, श्रेष्ठ प्रिया पत्थर, शान्ति थापा, मनिषा गौचन, कमला न्यौपाने, बेन्जु शर्मा, मञ्जु काँचुली, प्रेमा शाह, शवनम श्रेष्ठ, शोभा राना, गायत्री विष्ट, टीकाकुमारी याखा, वेदकुमारी न्यौपाने, शोभा भट्टराई, शान्ता श्रेष्ठ आदि रहेका छन् । त्यस्तै भारतका विभिन्न क्षेत्रमा बसोवास गरी नेपाली भाषामा उपन्यास सिर्जना गर्ने महिला उपन्यासकारहरूमा अम्बालिकादेवी, शान्ति प्रधान, सरिता प्रधान, कृष्णकुमारी राई, ललिता देवान, उषा सुन्दास, विन्द्या सुब्बा, राधा रसाइली, पुण्य राई, गीता शर्मा, नयाँदेवी आदि रहेका छन् ।

उपर्युक्त महिला उपन्यासकारहरू मध्ये कतिले एउटा मात्र उपन्यास लेखेर हराएका छन् भने कतिले आफ्नो उपन्यास लेखनक्रम जारी नै राखेका छन् । नेपाली उपन्यासको इतिहासमा पारिजातको कलमबाट बग्न सुरु भएको उत्साहको नदी निरन्तररूपमा अगाडि बढिरहेकै छ ।

### ३.६.१. नारी उपन्यासकारको प्रवृत्ति

नेपाली उपन्यासको इतिहासमा नारी हस्ताक्षरको प्रथम विन्दुका रूपमा देखा परेकी दुर्गादेवी आचार्यणीको **अनुसूया सीता संवाद** (१९६५) मा धर्मले आदेश गरेको आदर्शवादी स्वर प्राप्त गर्न सकिन्छ । उनले धार्मिक आशयमा नै समर्पित भएर कलम समाउन रूचाइन् र औपन्यासिक प्रवृत्ति आदर्शवादी बन्न पुग्यो । नेपाली उपन्यासको अन्त्यतिर **राजपुत रमणी** (१९८९) उपन्यास लिएर देखा परेकी अम्बालिकादेवीको पनि औपन्यासिक प्रवृत्ति आदर्शवादी नै देखिन्छ । यद्धपि यस उपन्यास नारीको विद्रोही रूपलाई देखाउँदै सतीत्वको रक्षा र पतिभक्तिको सन्देश प्रदान गर्ने मूल उद्देश्य रहेको देखिन्छ । अम्बालिकादेवी परम्परागत आदर्शको पक्षपट्टि देखिए पनि उनले मौलिक उपन्यासहरूको अभाव खड्किरहेको अवस्थामा एउटै मात्र भएपनि मौलिक उपन्यास लेखेर ऐतिहासिक महत्त्वको काम गरेको पाइन्छ ।

पारिजातले आधुनिक उपन्यासको इतिहासमा देखापरेको नयाँ धारलाई सशक्त ढङ्गबाट अगाडि बढाउने काम गरिन् । 'नारीस्वरवादी अस्तित्ववाद त्यसबाट वैश्विक अव्यवस्थावाद लिएर पारिजात सबै मूल्य र भावनाहरू निस्सार, निरर्थक, निराधार देखाउनुहन्छ ।' (राई, २०५०:२०७) नेपाली उपन्यासमा उनी अस्तित्ववादी- विसङ्गतिवादी उपन्यास परम्पराका एक प्रमुख प्रर्वतक मानिन्छिन् । उनका **शिरीषको फूल** र **महत्ताहीन** उपन्यासलाई अस्तित्ववादी- विसङ्गतिवादी उपन्यास परम्पराको महत्त्वपूर्ण उपलब्धि मानिन्छ । उनका बाँकी आठवटा उपन्यासहरू नेपाली उपन्यासको प्रगतिवादी धार तथा आलोचनात्मक यथार्थवादी धारका महत्त्वपूर्ण उचाई बन्न पुगेको देखिन्छ ।

नेपाली उपन्यासको २०३०-४० को दशकमा देखापरेका उपन्यासकार र तिनका उपन्यास कृतिहरूका आधारमा नेपाली समाजका जगमा हुर्किएका अनेकौं विशेषताहरू नवीनतम्रूपमा विषयका संबाहक बनेर सिर्जनामा देखा परेका प्रवृत्तिहरूको प्रवर्तनका आधारमा केही उपन्यासका पक्षहरू परम्पराको निरन्तरता र नवीनताको प्रवर्तनमा निर्माण गर्ने काम यसै दशकबाट भएको कुरा अरू पनि केही उपन्यासको साक्ष्यबाट पुष्टि मिल्दछ । (सुवेदी, २०६७ :२) २०४० को दशकमा आएपछि महिला लेखकका उपन्यासहरूमा प्रवृत्तिगत बहुलता पनि विकसित बन्दै गएको पाइन्छ । परम्परागत उपन्यास लेखनमा पाइने प्रवृत्तिको निरन्तरता र नयाँ प्रवृत्तिहरूको प्रयोग पनि

उनीहरूका उपन्यासमा देखिन थालेको छ । अस्तित्ववादी र विसङ्गतिवादी धारको निरन्तरतासँगै नयाँ मूल्यहरू नारी उपन्यासकारका सिर्जनाले आत्मसात गरेको देखिन्छ ।

वानीरा गिरीको पहिलो उपन्यास **कारागार** (२०३३) मा अस्तित्ववादी स्वर प्रस्तुत भएको पाइन्छ । उनका **कारागार** (२०३३), **निर्बन्ध** (२०४४), **शब्दातीत शान्तनु** २०५६) गरी अहिलेसम्म तीनवटा  उपन्यास देखा परेका छन् । यी उपन्यासमा पनि अस्तित्ववादी चिन्तन फेला पार्न सकिन्छ । त्यस्तै उनले आफ्ना उपन्यासहरूमा सामाजिक यथार्थलाई प्रस्तुत गरेकी भए पनि उनको मूल ध्येय समाजको यथार्थलाई उजागर गर्नुमा मात्र सीमित छैन । उनका उपन्यासको मूल उद्देश्य मनुष्य जीवन र त्यसका समस्याहरू बारेमा चिन्तन गर्नु नै रहेको छ ।

आधुनिक नेपाली उपन्यासमा वि.स.२०३४ सालमा **कसिङ्गर** उपन्यास लिएर प्रवेश गरेकी गीताकेशरीका दशवटा उपन्यासहरू प्रकाशित भई सकेका छन् । उनका प्रकाशित उपन्यासहरूमा **कसिङ्गर** (२०३४), **सौगात** (२०४६), **आवाज** (२०४७), **मुक्ति** (२०४८), **खोज** (२०५०), **अन्तिम निम्तो** (२०५१), **विश्वास** (२०५२), **खुला आकाश** (२०५४), **नोकरी** (२०५५), **बदलिँदो क्षितिज** (२०६६) रहेका छन् । प्रकाशित उपन्यासका आधारमा हेर्दा उनी मूलतः सामाजिक यथार्थवादी उपन्यासकार हुन् । उनी आफ्ना उपन्यासमा सामाजिक यथार्थको विविध पक्षलाई केलाउँदै समाजको स्थुल यथार्थलाई चित्रण गर्न रुचाउँछिन् । इतिहासदेखि वर्तमानसम्मका समाजदेखि धर्मसम्मका, सँस्कृतिदेखि अर्थसम्मका, जातिदेखि लिङ्गसम्मका समस्याहरूमा रहेका विसङ्गत र विकृत पक्षहरूमा सुधार आउनु पर्छ भन्ने कुरा गीताकेशरीका उपन्यासले प्रस्तुत गरेका छन् । समाजभित्र विद्यमान सांस्कृतिक विषमताका पक्षहरूमा प्रहार गरेर तिनमाथि सुधारको चेतना सम्प्रेषण गरेको पाइन्छ ।

२०३४ सालमा **मालती** उपन्यास प्रकाशित गरी सार्वजनिक भएकी भागिरथी श्रेष्ठका **यस्तो एउटा आकाश** (२०४६) गरी दुईवटा उपन्यास प्रकाशित भएका छन् । केवल दुई वटा मात्र उपन्यास लेखेकी भए पनि उनले नेपाली उपन्यास श्रीवृद्धिमा टेवा पुऱ्याएकी छिन् । सामाजिक यथार्थवादी उपन्यासकारका रूपमा देखा परेकी उनी नारी जीवनको विविध पक्षप्रति भावुक बन्दै बोल्न रुचाउँछिन् । उनका उपन्यासमा महिला आदर्श र अस्मिताका पक्षहरू सबल रूपमा प्रस्तुत भएका छन् । नारी नैसर्गिक अधिकारमा समाजका राजनीतिक र सांस्कृतिक विकृतिले थपेका समस्याहरू उपन्यासका विषय बनेर प्रस्तुत भएका छन् ।

उपन्यासकार भारती खरेलका **गंगा  जमुना** (२०४६), **एउटी आमाको कथा** (२०४६), **कुमारी आमा** (२०५२) र **लाहुरे** (२०५२) गरी चारवटा उपन्यास प्रकाशित भइसकेका छन् । उनी सामाजिक यथार्थवादी उपन्यासकारका रूपमा परिचित छिन् । उनका उपन्यासको कथाबाट हाम्रै सामाजिक परिवेशबाट लिएको पाइन्छ । उनका उपन्यासमा एउटा पुरुष नारीप्रति कतिसम्म अविवेकी र

अत्याचारी बन्न पुग्छ भन्ने देखाइएको हुन्छ । उनका उपन्यासहरू नारी चरित्रमा केन्द्रित छन् । खरेलको जीवन आध्यात्मिक क्षेत्रसँग पनि गाँसिएको हुनाले उनका उपन्यास समाज चित्रणबाट आरम्भ भएर ईश्वरीय सत्ताप्रतिको परम् आस्थामा गएर टुङ्गिन्छन् ।

इन्दिरा प्रसाईंका **विश्वामित्र** (२०५५), **शिखा** (२०५९), **रनमाया** (२०५८), **उसको लोग्ने र बिरालो** (२०६०) गरी चारवटा उपन्यासहरू प्रकाशित भइसकेका छन् । उनको उपन्यासहरूको कथा नारी पात्रको मनोविज्ञान खोतल्दै पितृसत्तात्मक सोचप्रति रोष प्रकट गर्दछन् । त्यस्तै **अन्तर्द्वन्द्व** ( २०५६) नामक नारी केन्द्रित उपन्यास लिएर देखा परेकी सीता पाण्डे यस उपन्यासमा नारीको स्वतन्त्र अस्तित्वको पक्षमा वकालत गरेकी छन् । यौन विषयप्रतिको आकर्षणलाई पनि सशक्त दङ्गले अभिव्यक्ति दिएकी छिन् । सामाजिक यथार्थता र मनोवैज्ञानिकता उनको औपन्यासिक प्रवृत्ति देखिन्छ । महिला अधिकार अस्मिताका पक्षहरूलाई उपन्यासको विषय बनाएर उपन्यासमा प्रवेश गरेकी पद्मावती सिंहको **समानान्तर आकाश** (२०६२) ले पुरुषप्रधान समाजका विद्यमान विषम धारणालाई प्रस्तुत गरिएको छ । आत्मनिर्णयको अधिकारबाट वञ्चित नारीहरूका विविध समस्याहरूलाई उपन्यासको विषयवस्तु बनाइएको छ । त्यस्तै बाबा बस्नेतको एउटै मात्र उपन्यास **रातकी रानी** ( २०६६) मा नारी  अस्मिताका र नारी समस्याहरू विषयवस्तु बनेका छन् ।

समग्रमा, नेपाली उपन्यासमा संलग्न नारी स्रष्टाहरूको औपन्यासिक प्रवृत्ति ठम्याउँदा सामाजिक यथार्थ नारी समस्याको अभिव्यक्ति गर्नु रहेको देखिन्छ । आर्थिक र राजनैतिक समस्या, सांस्कृतिक, लैङ्गिक समस्या, समाजका विसङ्गत पक्षहरूसँग नारी स्वयम्ले सङ्घर्ष गरेर आफ्ना अस्मिताका पक्षहरू स्थापनाका निम्ति स्वयम् जुट्नु पर्ने सन्देश प्राप्त गर्न सकिन्छ । नेपाली उपन्यासमा सशक्त महिला हस्ताक्षरहरूको योगदान निकै गहन रहेको छ । उपन्यासमा कलम चलाउने नारी स्रष्टाको सङ्ख्या पुरुषको तुलनामा कम भए पनि निरन्तरता भने अवरुद्ध भएको देखिँदैन ।

### ३.६.२. नारी इतर नारीवादी उपन्यासकारहरू

नेपाली उपन्यासको इतिहासमा नारी स्रष्टाहरूले आफ्ना उपन्यासहरूमा नारी चरित्रको सशक्त प्रयोग गरेर नारीहरूको हक र हितका लागि आवाज उठाउने पृष्ठभूमि तयार गरेका छन् । यसै सन्दर्भमा नारीवादतर्फ सङ्केत गरेर नारी इतर अन्य उपन्यासकारहरूले पनि उपन्यासको रचना गरेका छन् । हृदयचन्द्रसिंह प्रधानको **स्वास्नी मान्छे** (२०११), **एक चिहान** (२०१७) गोविन्दबहादुर मल्ल गोठालेको **पल्लो घरको झ्याल** (२०१६), विजय मल्लको **अनुराधा** (२०२८), विश्वेश्वरप्रसाद कोइरालाको **तीनघुम्ती** (२०२५), **सुम्निमा** (२०२७), **मोदिआइन** (२०३६),  नकुल

सिलवालको **तेस्रो पाइला** (२०४५), सवनम श्रेष्ठको **मनीषा** (२०५०), मदनमणि दीक्षितको **माधवी** (२०३८), **त्रिदेवी** (२०५९), कृष्ण धराबासीको **शरणार्थी** (२०५६), **आधाबाटो** (२०५९), **राधा** (२०६२), **तपाईं** (२०६३), **टुँडाल** (२०६५) आदि उपन्यासहरूले नेपाली उपन्यासमा नारी अधिकार र स्वतन्त्रतालाई उपन्यासको विषयवस्तु बनाएका छन् ।

हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा यस्ता नारी पात्रहरू छन् जो दयनीय होइन असहाय सहनशील होइन, पतित र शोषित होइन यी समेत आफ्ना विवशताका परिवेश शोषित असहाय हुनाको बन्देज विरुद्ध विद्रोह भाव राख्दछन् (प्रधान, २०५२ : २५२) । **स्वास्नीमान्छे** उपन्यासमा आफूलाई भोग्य, दयनीय र कमारी बनाएर वेश्या पर्यन्त हुन बाध्य गर्ने अत्याचारको विरुद्ध स्वास्नी मान्छेमा देखा परेको आक्रोश व्यक्त गरिएको छ । **एक चिहान** उपन्यासमा डा.गोदत्तप्रसादको वासनाजन्य प्रेमको सिकार भएकी नानीथंकु, लतामाया, हाकुमाया, रञ्जनादेवी आदिको सशक्त भुमिकाले नारीवादतर्फ उन्मुख पाइन्छ । यस उपन्यासले पात्रगत घृणा र तिरस्कार देखाउँदै समाजको आर्थिक अधोगति वैवाहिक अव्यवस्थालाई दोषी बनाउँदै नारीलाई सचेत भएर उभिन प्रेरणा प्रदान गरेको छ ।

गोविन्दबहादुर मल्ल गोठालेको यौनमनोविज्ञानमा आधारित **पल्लो घरको झ्याल** उपन्यास मिसरीको केन्द्रीयतामा निर्मित छ । मिसरीमा देखिएका असन्तोष र मानसिक व्यग्रताहरू काम वासनाका लक्षण देखिन्छन् । यौन समस्या र विपरीत परिस्थितिमा जेलिनेको इच्छित जीवनको अनिछिक परिणामलाई उपन्यासले प्रस्तुत गरेको छ । यो प्रकृतिवादी यथार्थवादलाई अँगाली नारी मनोविज्ञानतर्फ उन्मुख उपन्यास हो । त्यस्तै विजय मल्लको **अनुराधा**मा नारी विद्रोहको पराकाष्ठा देखाइएको छ । उपन्यासमा अनुराधाले नारी स्वतन्त्रका लागि गरेको सङ्घर्षको सफल चित्रण गरिएको छ ।

विश्वेश्वरप्रसाद कोइरालालाई पनि नारीवादी उपन्यासकारका रूपमा लिन सकिन्छ । उनका **तीनघुम्ती** (२०२५) , **नरेन्द्रदाइ** (२०२७), **सुम्निमा** (२०२७), **मोदीआइन** (२०३६), **हिटलर र यहुदी** (२०४२), **बाबु, आमा र छोरा** (२०४५) गरी छ वटै उपन्यासहरूमा नारीवादको प्रयोग पाउन सकिन्छ । यिनका उपन्यासहरूमा नारीमाथिका शोषण, उत्पीडन र तिरस्कार अनि यातनालाई मात्र प्रस्तुत नगरेर नारी अस्तित्वका निम्ति लड्ने साहसिक नारी पात्रहरूको चित्रण गरिएको हुन्छ । नारीहरू ढोंगी, रूढी समाजका दास नभएर परिवर्तनका बाहक पनि हुन् भन्ने यथार्थलाई कोइरालाले उपन्यासमा प्रस्तुत गरेको पाइन्छ । **तीन घुम्ती**की इन्द्रमाया होस् वा **नरेन्द्रदाइ**की मुनरिया वा **सुम्निमा**की सुम्निमा निडर, निर्भीक र जुझारू छन् । **तीनघुम्ती** उपन्यासमा सामाजिक परिवर्तनका

साथ साथै नारी उत्थानको आवाज उठाइएको छ । यो उपन्यास नारी चेतना र विद्रोहको ज्वलन्त उदाहरण बनेको छ ।

कृष्ण धराबासीका उपन्यासहरूमा पनि नारीवादी दृष्टिकोण पाउन सकिन्छ । महिलामाथि भएका अन्याय अत्याचारका विरूद्ध कलम चलाउनु यदि नारीवाद हो भने कृष्ण धराबासी नारीवादी हुन् । उनका प्रत्येक लेखनमा विभिन्न भूमिकामा रहेका महिलाहरूको मनोविज्ञान यसरी समेटिएको हुन्छ । मानौं उनी स्वयम् समपीडाबाट गुज्रिएका छन् । महिला दुःख, पीडा, खुसी र मनोविज्ञान जस्ताको तस्तै अनुभूति गर्नलाई महिला नै हुनुपर्छ भन्ने मान्यता कृष्ण धराबासीले तोडिदिएका छन् (बस्नेत, २०६३:२) । अन्त्यमा, कृष्ण धराबासीका प्रकाशित पाँच वटा उपन्यासमध्ये **आधाबाटो**लाई नारीवादी केन्द्रीयतामा उभिन सफल एक उत्कृष्ट उपन्यासको रुपमा लिन सकिन्छ ।

## ३.७ निष्कर्ष

नारीवादी पाश्चात्य साहित्यमा देखिएको र विश्वव्यापी रूपमा फैलँदै गएको एउटा साहित्यवाद हो । नारी मुक्ति अभियान र आन्दोलनहरूको विभिन्न चरण पार गरेर साहित्यमा प्रवेश गरेको नारीवादको सैद्धान्तिक मान्यता र सिद्धान्त सन् १९७० को दशकपछि सुरू भएको देखिन्छ । त्यस्तै विभिन्न धारा, चरण र प्रवृत्ति हुँदै अघि बढेको नारीवादी समालोचनाले राजनैतिक नारीवादी समालोचना, गाइनो समालोचना, फ्रान्सेली नारीवादी समालोचना गरी तीन चरणमा विकसित भएको देखिन्छ । यो विभिन्न चिन्तन, मान्यता तथा दृष्टिकोणहरूलाई सिद्धान्तीकरण गर्दै अगाडि बढेको पाइन्छ । नारी जीवनको मानवीय मूल्याङ्कन, मान्यता, आफ्ना अधिकार र कर्तव्यको सही परिचालन गर्न खोज्दैछन् । समाजमा भइरहेको दमन, शोषण र घरेलु हिंसा जस्ता अमानवीय कार्य तथा दृष्टिकोणलाई शब्द चित्रणमा उतारेर सम्पूर्ण नारी वर्गलाई चेतनशील बनाउन नारीवादी लेखिकाहरू सशक्तरूपमा लागिपरेका देखिन्छन् ।

# परिच्छेद – चार

# आधाबाटो उपन्यासको नारीवादी विश्लेषण

## ४.१. परिचय

अङ्ग्रेजी फेमिनिज्म (Feminism) को नेपाली रुप नारीवाद हो । समाजका सामाजिक, राजनैतिक, शैक्षिक, बौद्धिक, साहित्यिक आदि क्षेत्रमा नारीको पक्षमा आफ्ना आवाज उठाउने कार्य नै नारीवाद हो । पितृसत्तात्मक समाजमा नारीमाथि हुने गरेका शोषण, दमन तथा हैकमवादी प्रवृत्तिका विरुद्ध जन्मिएको आन्दोलन नै नारीवाद हो ।

आधुनिक नेपाली उपन्यासको सुरुवात रुद्रराज पाण्डेको **रूपमती** (१९९१) बाट भएको पाइन्छ । यस उपन्यासमा रूपमतीलाई सहनशील नारीको रूपमा चित्रण गरेको देखिन्छ । नेपाली उपन्यास परम्परामा नारीको चरित्र उनीहरूप्रति नेपाली समाजले हेर्ने दृष्टिकोण, समाजमा नारीको स्थिति, समाजमा पुरुषले नारीप्रति गर्ने व्यवहार आदिको बारेमा वर्णन गरिएको पाइन्छ । यसै परिप्रेक्ष्यमा कृष्ण धराबासी नारीको कारुणिक पक्षको चित्रण गर्न रुचि देखाउँछन् । उनको **आधाबाटो** उपन्यासमा नारी जातिलाई प्राथमिकता प्रदान गरिएको छ । थुप्रै नारी पात्रहरूलाई उपन्यासमा उपस्थित गरिएकाले यो नारीवादी उपन्यास बन्न सफल भएको छ । उपन्यासकारले नारीवादी लेखनको अवधारणालाई आत्मसात गरेको देखिन्छ । उपन्यासमा तत्कालीन सामाजिक, सांस्कृतिक मान्यता, समाजले हेर्ने दृष्टिकोण र नारीले भोग्नुपरेका विविध समस्याहरूलाई कारुणिक रूपमा प्रस्तुत गरिएको पाइन्छ । तसर्थ नारीवादी दृष्टिकोणबाट यस उपन्यासको विश्लेषण गर्न सकिन्छ ।

### ४.१.१ कारुणिकताको चित्रण

कृष्ण धराबासीले **आधाबाटो** उपन्यासमा कारुणिकताको चित्रण गरेका छन् । उनी समाजमा उपेक्षित, उत्पीडित र अपहेलित वर्गका मानिसको कारुणिक संवेदना पाठक सामु प्रस्तुत गर्दछन् । उनका उपन्यासका पात्रहरू आफू मात्र कारुणिक बन्ने नभई आफ्ना करुणा पाठकहरूलाई बाँडेर उनीहरूलाई पनि करुणामा डुबाउँछन् । उनले प्रायशः नारीको कारुणिक पक्षको चित्रण गरेको पाइन्छ । म पात्र र उनका परिवारभित्रको दुःखलाई यस उपन्यासमा एकदमै नाटकीय ढङ्गबाट व्याख्या गरिएको छ ।

म पात्र आफू निम्न वर्गका मान्छे हुन् । उनी त्यही वर्गका जीवनी चित्रणले पाठकलाई **आधाबाटो** पढ्दा बारम्बार रुवाउँछन् । उनका आमा, बुवालाई मात्र होइन खाते भगी, टुहुरी आता, काली, कालीकी आमा, सीता आदि विशेष गरी अत्यन्त करुणामयी, दर्दमयी र दुःखका घटनाहरूसँग

जोडिएका पात्र र पात्रहरूलाई तुरुन्त भेँटु भेँटु हुन्छ पाठकलाई (सुब्बा २०६१ : ४१) । उपन्यासमा आमाले भोगेका पीडा, दु:ख र कष्टलाई कारुणिक ढङ्गले प्रस्तुत गरिएको छ । आर्थिक अभावमा छट्पटिएर पहाड छाडेर झर्दाको एक प्रकारको वियोगान्त पीडाबोध गर्दागर्दै आमासँगको चिर वियोगको अनुभव गर्न पुगिन्छ । घरमा दु:ख भएको बेला सम्पूर्ण बालबच्चाको अभिभारा बोकेर हिंड्नुपर्ने बाध्यता आमाको थियो । माइतीबाट राम्रो सहयोग नभए पछि माइती नै नजाने अठोट गरेकी आमामाथि विपत्ति थपिंदै गए । जस्तो :

> तिहारमा आमा नराम्रो गरी रुनुभयो । उति टाढा पल्ला पहाडदेखि माइतीको आड भरोसा पाइएला भनेर अपाङ्ग पति र नाबालक छोराछोरी लिएर हाम फालेर झरेकी, आज माइतीले नै त्यसो गरेपछि मन लुकाउने कतै ठाउँ थिएन । अझ त्यसमाथि बेलाबेला बुवाले हान्ने गरेका छड्के वाणहरूले उहाँलाई साह्रै नै घोच्थ्यो । (पृ.३२)

धेरै दु:खकष्ट सहेर बालबच्चा जन्माउने, हुर्काउने, बढाउने, पढाउने, माया ममता र स्नेह दिने आमाले भोगेका दु:ख, पीडा, वेदना र व्यथालाई सूक्ष्म ढङ्गमा प्रस्तुत गरिएको छ । नारीको कारुणिक र दु:खपूर्ण अवस्थाको चित्रण गर्न उपन्यासकारले आमाको जीवनलाई आधार बनाएका हुन् । जस्तो :

> सारा जिन्दगी दु:खैदु:खले भरिएको छ । आज यो गति हुँदा पनि एकदिन घर बसेर सेवा गर्न पाइन मैले । यत्रो लामो जिन्दगीमा एकदिन पनि सँगै हाँसे खेलेको थाहा भएन । कति कालो भएको यो संसार सबैसँग बैर भएर हिंडियो पहाड छोडी । यो दुर्दशामा आफन्तहरूकै बीच फेरि बिरानो भएर, एक्लै रुनु मात्र परेको छ । (पृ.८७)

२०२९।३० सालतिर शनिश्चरे बजारमा आएकी एउटी अर्धबैंसे पागल आईमाई र साथमै ल्याएकी बच्ची (पछि काली नाम पाएकी) का कथाले पाठकलाई द्रवीभूत गराउँछन् । उपन्यासभित्र काली र कालीकी आमाको कारुणिक शब्दचित्र यस्तो छ :

> आज आमाको मुख हेर्ने दिन रहेछ । पर साझा अगाडि भूँइमा बसेर कालीकी आमा भूँई कोरिरहेकी रहिछे । घरबाट मासुभात र मीठा-मीठा कुरा पकाएर आमाको मुख हेर्न आएकी रहिछे काली । एक फन्को बजार घुमेर खोज्दै आउँदा त्यहाँ भेटिछ । आमाका छेउमा बसेर रुँदै आमालाई खानेकुरा खुवाइरहेकी रहिछ । त्यो देखेर धेरै आईमाईहरू भेला भए । अनि हेर्दाहेर्दै सबै रुन थाले । आज कालीले यो गाउँ नै रुवाइदिई । (पृ.३०९)

**आधाबाटो** उपन्यासमा नेपाली नारीहरूको दु:खपूर्ण जीवनयापनलाई चित्रण गरिएको छ । उपन्यासमा दु:खी, पीडित र निम्नवर्गका नारी पात्रको कारुणिक जीवनको मार्मिक प्रस्तुति पाइन्छ । परिस्थितिले विवश बनाएर दु:खद जीवन धान्ने आमा, सीता, बाहुनी बज्यै, कालीकी आमा, काली,

भगी, आता सबै करुणाका पात्र बनेका छन् । उनीहरूका कारण उत्पन्न करुणाले पात्रको जीवनलाई र सम्पूर्ण उपन्यासलाई कारुणिक बनाएको छ ।

समाजका विविध पक्षको चित्रण गर्ने सन्दर्भमा नारी पात्रको कारुणिक पक्षको चित्रणमा धराबासीको औपन्यासिक लेखन प्रभावित भएको देखिन्छ । उनका तत्कालीन सामाजिक, साँस्कृतिक मान्यता समाजले नारीलाई हेर्ने दृष्टिकोण र नारीले भोग्नुपरेका विविध समस्यालाई उनले कारुणिक ढङ्गले प्रस्तुत गरेका छन् । उपन्यासमा आमाको जीवन चर्यामा देखिएका कारुणिक पक्ष ज्यादै मार्मिक छन् । उपन्यासका अन्य नारी पात्रहरूले पनि त्यस्तै कठोर पीडा भोग्नु परेको छ । पुरुषको तुलनामा नारी पात्रहरूले बढी कारुणिक र पीडादायी जीवन बाँच्नुपरेको छ ।

### ४.१.२ सङ्घर्षशील जीवनको चित्रण

इतिहासमा कम स्त्रीहरू मात्र प्रतिभाशाली भएका छन् भने यसको कारण उनीहरू स्त्री हुनु होइन बरु यो समाज हो, जसले स्त्रीका साथ अभिव्यक्तिलाई नियन्त्रित गरिरहन्छ, उनीहरूलाई प्रत्येक सुविधाबाट वञ्चित राख्दछ । बुद्धिमान भन्दा बुद्धिमान स्त्रीको पनि सार्वजनिक हितहरूको लागि आहुति दिइन्छ । यदि उनीहरूलाई पूरा अवसर मिल्यो भने यस्तो कुनै काम छैन जुन उनीहरूले गर्न नसकून् (वुआ, २०६३ः भूमिका) । **आधाबाटो** उपन्यासमा आँट र साहसले जस्तोसुकै परिस्थितिसँग पनि लडेर सामना गर्ने र जीवनका अन्तिम दिनसम्म पनि धैर्य नगुमाउने नारी पात्रको रूपमा आमाको चित्रण गरिएको छ । घरको आर्थिक स्थिति कमजोर भएर मधेस पसेको म पात्रका परिवार मधेसमा पनि बस्ने राम्रो व्यवस्था हुन नसके पछि निराश भई म पात्रको बावुले आमासँग पुनः गाउँ फर्किने कुरा गर्दा आमाले देखाएको साहस अतुलनीय रहेको पाइन्छ । जस्तै :

> जे जे होस् पहाड फर्किने विचार चाहिँ पटक्कै नलिनू । भाँडै माझ्नु पर्ने भए पनि माझौंला । केटाकेटी पीर मनमा नलिनू । म जसरी भए पनि उपचार गर्छु ।
> (पृ.१२)

मधेसबाट विरक्तिएर पहाड जाने सोच बनाएका पतिलाई मधेसमा नै बस्न प्रेरित गरेकी छिन् । सङ्घर्षरत जीवनलाई व्यतीत गर्ने क्रममा पाँचथरको अमरपुरबाट शनिश्चरेमा झरेर चुर दोकान गर्दै अपाङ्ग पति र नाबालक छोराछोरीको हेरविचार गर्ने अभिभारा उनको जिम्मामा छ । पतिको मृत्युपछि सन्तानलाई हुर्काउन चुर दोकानबाट कमाएको पैसाले छाकैपिच्छे चामल किनेर ल्याएर पनि पालनपोषण गरेकी छन् । यहाँ आमालाई जस्तोसुकै आपत् विपत्मा पनि सहनशीलता, कर्तव्यपरायणता, निष्ठा आदि अनेकौं गुणहरू आमामा रहेको जनाउँदै उपन्यासकारले हरेक आमाले यस्ता गुणहरू वहन गर्ने जनाएका छन् ।

म पात्रकी आमालाई भेट्ने मन हुन्छ, त्यस्ती आमा कस्ती नै होलिन् भनेर । तर पढिसकेपछि भनौं उपन्यासको अन्त्यमा पुगेपछि मन अत्यन्त खिन्न हुन्छ । म पात्रकी ती चुरवाल्नी आमा बितिसकेकी रहिछिन् कस्तै दुःखपूर्ण स्थितिमा पनि अविचलित चट्टान भएर बरु बुवालाई समेत हिम्मत बँधाएर जीवन रथ अघि हाँक्न सक्ने महिला आमा रहिछिन् । हो तिनै आमालाई भेटिहाल्ने इच्छा जाग्छ (सुब्बा, २०६१:४६) । **आधाबाटो** उपन्यासमा कठिन र सङ्घर्षपूर्ण परिस्थितिमा आमाले गरेका साहसपूर्ण विचार र कार्यहरूलाई व्यक्त गरिएको छ । नारी पुरुषकी भोग्यमात्र होइन, पुरुषको हरेक सफलतामा नारीको हात हुन्छ भन्ने विचार प्रस्तुत गरिएको छ । जस्तै :

घरमा आगो लागेर बस्ने, खाने व्यवस्था नभएर सहयोगको अपेक्ष गर्दै हिंडेकी आमाले आफ्नो कमजोरी बुझेर आत्मनिर्भर बन्ने अभिव्यक्ति दिनुले पनि उनलाई सङ्घर्षशील नारीका रूपमा उभ्याएको छ । यसबाट सङ्घर्षका दिनमा आमाले देखाएकी धैर्य र आँटको प्रशंसा गर्न सकिन्छ ।

एकदिन बेलुका आमाले भन्नभो -

'नानी अब भोलिदेखि म गाउँ घुम्दिन । बजार जान्छु दोकान गर्न ।

'किन ?' मैले सोधें ।

आमाले भन्नुभयो-

'थाहै नपाई बिस्तारै बिस्तारै म त माग्ने पो हुन आँटेकी रहेछु । घर डढेको यत्रो दिन भइसक्यो, माग्न छाडेको रहेनछु । कसैले राम्रो मनले, कसैले करले दिन्छन्, मलाई आफ्नो गरिबीको गीत गाउने बानी भइसकेछ । म त माग्नेकी छोरी बुहारी त हैन नि कत्रा कत्रा दुःखमा त गरेर खाइयो भने, यस दुःखलाई पनि टारिएला नि जसरी भएपनि ।' (पृ.१०४)

आमामा सङ्घर्षशील व्यक्तित्व छ । उनी जस्तोसुकै परिस्थितिलाई पनि सहन गर्दै सङ्घर्ष गरेर अगाडि बढ्छिन् । भित्री मनमा दुःख, पीडा भएपनि त्यसलाई दबाएर अगाडि बढ्नु उनको विशेषता हो । उनी समाजमा सङ्घर्ष गरेर बाँचेकी छन् र भविष्यप्रति आशावादी भएर जीवनलाई सही मार्गमा डोऱ्याउन सफल भएकी छन् । आर्थिक अभावमा पारिवारिक स्थितिमा आउने बिखण्डनलाई रोक्न उनको भूमिका उल्लेखनीय छ ।

त्यस्तै उपन्यासमा सतारकी बाह्र तेह्र वर्षकी आताको जीवन पनि सङ्घर्षमय ढङ्गले बितेको छ । उसका बावुआमा मरेपछि टुहुरी भएकी आतालाई कुमार बुवाकी आमाले इलाममा काम गर्न पठाएकी उसले म पात्रलाई सहयोग र हौसला प्रदान गरेकी छे । आताले इलाममा रहँदा बज्यैको

अत्याचारलाई सहँदै आताले दिन बिताएकी छे । त्यसैले ऊ विद्रोही हुन थालेकी थिई, पछि एउटा कामीसँग प्रेम विवाह गरेकी आतालाई गर्भवती अवस्थामा एक्लै छोडेर लोग्ने बेपत्ता भएपछि उनको सङ्घर्षका दिन सुरु हुन्छन् । उनी हिँडेपछि आतालाई साह्रै आपत्ति पऱ्यो । काम गर्न नसक्ने भएकी थिई । सुत्केरीबाट तङ्ग्रिनै गाह्रो होला जस्तो भएको थियो ।

> "म भन्दा चारपाँच वर्ष कान्छी एउटा सानी सतार्नी केटीले मलाई अभिभावकको जस्तो आदेश गरेकी थिई । उसले धेरै पढ्नू, ठूलो मान्छे हुनु भनेकी थिई । उसका नजरमा म अब त धेरै पढेको ठूलो मान्छे भइसकेको थिएँ तर त्यसले मलाई उसले सोचेको ठूलो मान्छे भएको कहिल्यै देख्न पाइन ।" (पृ.२६८-६९)

उपन्यासमा म पात्रकी बहिनी टीकाले बिताएको सङ्घर्षपूर्ण जीवनलाई पनि मार्मिक ढङ्गले चित्रित गरिएको छ । उसले आफूले नपढेर घर थामेर म पात्रलाई पढाएकी थिई । आमासँगै कठिनका दुःखका दिनहरू बिताउँदै सारा कामहरू गर्दै जीवन बिताएकी थिई । विवाह भएसँगै उसका दुःखका दिन सकिएका थिए ।

> आजदेखि उसले पनि यस घरको दुःखबाट मुक्ति पाएकी थिई । राम्रो घरनियाँ परिवारमा उसको बिहे भएको थियो । कतिबेला चामल आउँछ र पकाउने होला भन्ने पीर अब उसलाई हुने थिएन । जीवनमा कहिल्यै नदेखेको र नभोगेको सम्पन्नता अब उसले भोग्न पाउने थिई । (पृ.२२७-२८)
>
> हाम्रा दुःखका कहालीलाग्दा दिनहरूलाई मैले भन्दा पनि टीकाले धेरै भोगेकी छ आमासँग बसेर । म क्याम्पस पढ्न हिंडेपछि घरभित्रका दुःखहरूबाट मुक्त भइसकेको थिएँ । तर उसले भोगेकी थिई ती कहालीलाग्दा दिनहरू । कहिले रुँदै कहिले हाँस्दै गर्थी टीका । (पृ.३७२)

म पात्रको पत्नीको रूपमा रहेकी सीता आर्थिक अवस्था राम्रो भएको परिवारमा जन्मेकी भएपनि उनी बिपन्न परिवारमा साइनो जोड्न आइपुगेपछि उनले पनि जीवनमा निकै सङ्घर्ष गर्नु परेको देखिन्छ । नुन, तेल, चामल, तरकारी आदि कुराहरूको अभाव हुन्छ भन्ने नजानेकी उनी कतिबेला चामल आउँछ बजारबाट भनेर घरमा पर्खिरहनु पर्दथ्यो । महलबाट फुटपाथमा आएकी उनले म पात्रको जीवन नसोचेको परिवर्तन ल्याएकी थिइन् ।

> उसले भोगिरहेका दुःखहरूलाई पालो दिन आएकी थिइन् एउटी सम्पन्न घरमा हुर्किएकी सीताजी जसले अब आमालाई बजारबाट झोला बोकेर आइरहेको छायाँको प्रतिक्षा गर्नु थियो । (पृ.२२८)

**आधाबाटो** उपन्यासकी आमा, भगी, आता, काली, कालीकी आमा, सीता, टीका आदि पात्रले जीवनमा जे जस्ता समस्याहरू भोल्नुपरेको छ त्यो नारीलाई हेर्ने सामाजिक दृष्टिकोणको त्रुटिका कारणले तिनले भोल्नुपरेको हो । नारी हुनु नै उसको अभाग हो । त्यसैले उसले आफ्नो जीवनमा आइपरेका यावत् समस्याहरूलाई खप्दै बाँच्नुपर्छ,सहनशील हुनु नै नारी आर्दशको मापदण्ड हो भन्ने मान्यता हाम्रो समाजमा विद्यमान छ । **आधाबाटो** उपन्यासमा एकातिर नारी जातिप्रतिको यस किसिमको सामाजिक दृष्टिकोणलाई पनि अभिव्यक्त गरिएको छ भने नारीले आफैं विद्रोह गरी आफ्नो स्वतन्त्र अस्तित्वलाई समाजमा प्रतिष्ठापित गर्न प्रयास गर्नुपर्छ भन्ने आफ्नो सन्देश सम्प्रेषण गरेको पाइन्छ ।

कृष्ण धराबासीका अरू कृतिहरूमा झैं **आधाबाटो** कृतिमा पनि नारी जातिलाई विशिष्ट सम्मान प्रदान गरिएको छ । यो कृति आमामय भएको छ । उपन्यासकार आमालाई एउटी विशाल हृदय भएकी, दृढ निश्चयी, जुझारु र कर्तव्यनिष्ठ नारीको रूपमा आफूसँगै ठिङ्ग उभ्याउन सफल भएका छन् । अरू पनि जति नारी पात्रहरू छन्- भोलिनी आमै, भगीकी आमा, भान्से बज्यै,कालीकी आमा, पहाडको आफ्नै हजुरआमा सबै आमाहरू आ-आफ्ना निष्ठामा इज्जतपूर्वक उभ्याएका छन् ( भट्टराई,२०६० : ५८- ५९) ।

### ४.१.३ . यौन शोषण र दमनको विरोध

**आधाबाटो** उपन्यासमा पुरुषहरूले नारीमाथि गर्ने गरेको यौन शोषण तथा दमनको विरोध गरिएको छ । पुरुषहरूको थिचोमिचो र पुरुषद्वारा पीडित, अपहेलित र शोषित महिलाहरूको पक्षमा उपन्यास रहेको छ । प्राकृतिक रूपले नारी कमजोर छन्, उनीहरू पुरुषद्वारा नै संरक्षित हुनुपर्छ तर तिनै पुरुषहरूको पनि भर हुँदैन भन्ने कुरालाई उपन्यासमा देखाइएको छ । गरिब र असहाय महिलाहरूमाथि पुरुषहरूले दुर्व्यवहार गर्ने गर्छन् । म पात्रकी आमाले यस्तै दुर्व्यवहार गर्न खोज्ने एउटा उडियालाई ढकले हानेर खप्पर फोरिदिइन् ।

> "यसमा माइलीको केही दोष छैन । त्यो उडिया रक्सीले मातेर आएर जहिले पनि यिनलाई कस्तो नराम्रो गरी हेर्ने, खैनी किन्ने निहुँले हात समात्न खोज्ने गर्थ्यो । आज त त्यसले जिउमै हात हालुँला जस्तो गऱ्यो । व्यापारी हुँदैमा कत्ति सहनु त । तिनै उडिया मोराहरूले खैनी नकिने किन्दैनन् । माइलीले आज त्यसलाई ढकले हानेकै हो । हामी आइमाईले गरी खान नपाउनु मालिक ?" (पृ.४२)

नारीहरू विचार र भावनामा कमजोर हुँदैनन् । कतै कसैबाट अन्याय, अत्याचार भए लाछी बनेर त्यस्तो कार्यलाई टुलुटुलु हेरेर पनि उनीहरू बस्तैनन् भन्ने कुराको एउटा उदाहरण हो यो ।

वास्तवमा नारीवादमा नारीहरू नै आफूमाथि भएका अन्याय र अत्याचारका विरुद्ध खडा हुनुपर्छ भन्ने मान्यता छ । हुन पनि पितृसत्तात्मक शासनमा नारीहरू आफ्नो घर परिवारबाट मात्र होइन जो कोही पुरुषहरूबाट पनि शोषित छन्, प्रताडित छन् । अर्थात् नारीमाथि हुने समग्र शोषणको मूल कारण पितृसत्तात्मक प्रवृत्ति र पुरुषप्रधान समाज हो ।

पुरुषप्रधान हाम्रो संस्कार नारीप्रति कति कृतघ्न र भोगको आशक्त छ भन्ने उदाहरण शनिश्चरे बजारकी लाटी भगीको कारुणिक चित्रण उपन्यासमा गरिएको छ । नेपाली समाजमा महिलामाथिको शोषण, उत्पीडन र मानसिक आघात आदि पक्षहरूमाथि प्रकाश पारिएको छ । सहरिया धनाढ्य पुरुषहरू चरित्रहीन बन्दै गएको यथार्थ पक्षलाई व्यक्त गरेको पाइन्छ । यसमा मानवभित्र रहेको पाशविक प्रवृत्तिलाई देखाउने काम गरिएको छ ।

> भगी दुई जीउकी भइछे । सुतेकै ठाउँमा राति सपनामा आकाशबाट कुनै तेजिलो ज्योति भएर भगीको गर्भमा पसेको होइन भने त्यो कस्तो पुरुष होला जसले बारम्बार भगीलाई गर्भवती तुल्याउँछ ? भगीको गर्भवती अवस्था देख्दा मलाई आफू पुरुष भएकोमा समेत कति पल्ट घृणा पलाएर आउँथ्यो । समाजमा नारीको अवस्थालाई व्यवस्थित गरिंदैन भने पुरुषको कर्तव्य आफ्नो चरित्रको संरक्षण गर्नुमा रहँदैन ? रक्सी खाए पनि जे भए पनि होस गुमाएको त्यसले कहाँ हुन्छ ? अरे नर्कवासी पुरुष ! कति सास्ती दिन्छौ नारीको शरीरको मासुलाई ? (पृ.३१३)

यसरी महिलाहरू बाहिर काममा गएर फर्कंदा होस् वा हिंडडुल गर्दा उनीहरू आफूलाई पुरुषबाट सधैं नै खतराको महसुस गरिरहेकै हुन्छन् । सभ्य भनाउँदाहरूले गर्ने यस्तो असभ्य व्यवहारले महिलामाथि असहय पीडा र मानसिक चिन्ता थपिएको छ । महिलाहरूमाथि हुने गरेका यौन शोषण र दमनका विरुद्ध महिला समुदाय नै सक्रिय बन्नुपर्दछ । यसका विरुद्ध महिलाहरूले दाजुभाइ, बावु छोराहरूलाई पनि साथमा हिंडाउन सक्नुपर्दछ भन्ने मान्यता उपन्यासमा प्रस्तुत गरिएको छ ।

नेपाली समाजमा नारी जाति पुरुषहरूको अत्याचारले थिचिएका छन् । पुरुषद्वारा नियन्त्रित यस समाजमा नारीहरूको स्थान पुतलीको जस्तो छ । पुरुषहरू आफ्नो वासनापूर्तिका लागि एउटी नारीको बलात्कारसम्म गर्न हिचकिचाउँदैनन् । त्यस्ता स्वार्थी पुरुषहरूको अत्याचार चुपचाप सहेर बस्नु हुँदैन, त्यसमा विद्रोहको स्वर उराल्नुपर्छ भनी उपन्यासमा आवाज उठाइएको छ ।

दुष्टहरूले आमालाई बलात्कार गरेर मारी नै सके भने उनको त्यो बीभत्स लासलाई फेरि केका निम्ति, कसको लाजबाट बचाउन कपडाले छोप्नु ? आमालाई बलात्कार गरेर मार्ने दुष्टहरूको दुष्ट्याईको चरम प्रस्तुतिका लागि पनि तिनको क्षत्विक्षत् लासलाई नग्न प्रदर्शन किन नगर्ने ? यो

कृतिभित्र आफ्नै प्रयत्नले र चरित्रले छोपिएकाहरू छोपिएकै छन्, नाङ्गिएकाहरूलाई लेखकले कपडा ओढाइदिएको छैन (धराबासी, २०६७ भूमिका) ।

जहिलेदेखि पितृसत्तात्मक समाजको थालनी भयो त्यसै बेलादेखि नारी अस्मितामाथि खेलबाड सुरु भयो । पूँजीवादी युगमा आइपुग्दा त त्यसले तीव्र गति लियो । फलतः शारीरिक, मानसिक दुवै खाले शोषण गरी तिनलाई व्यवहारमा सदैव तिरस्कार गरियो । यसै पृष्ठभूमिमा पीडित तथा स्वतन्त्रताका हिमायतीहरूबाट समेत नारीमाथि देखा परेका विविध शोषण विरुद्ध र तिनको स्वतन्त्रताको पक्षमा आवाज उठाएको पाइन्छ ।

### ४.१.४. मातृत्वको स्वर

कृष्ण धराबासीले **आधाबाटो** उपन्यासमा आमाका माध्यमबाट नारीको मातृत्वको गुणलाई अभिव्यक्ति दिएका छन् । आमा पात्रमा उपन्यासकारले नारीको मातास्वरूपको साक्षात् दर्शन गराएका छन् । उपन्यासको अन्त्यमा पुगेपछि आमा पात्रको उक्त रुप अत्यन्त टड्कारो किसिमले पाठकलाई दृष्टिगोचर हुन्छ ।

> मृत्युशैयामा सुतिरहेकी, भर्खरै एउटा ठूलो अप्रेशन गरेर होस खुलेकी, बाँच्ने मर्ने टुङ्गो नभएकी र पीडाले असह्य भएर अजाख पल्टिएकी आमा जब आफ्नो स्वस्थ्य, दह्रो छोरालाई आफ्नो अगाडि देखेर आफ्ना सारा पीडा र अवस्थालाई बिर्सी छोरालाई 'सन्चै छस् ?' भनेर सोध्छिन्, उसको स्वास्थ्यको चिन्ता गर्छिन् र आफूलाई बिर्सिदिन्छिन्, मैले आमाभित्रको वात्सल्य र ममतालाई कुनै नाम दिन सकिँन ।
> (पृ.३६९)

आमा धर्ती हुन्, त्यसैले आमाको काख र पिठिउँ शिशुका लागि सबैथोक बन्न पुग्छ । आमाले शिशुलाई जन्म दिई प्राकृतिक नियमको पालना मात्र गर्दिनन्, सन्तानलाई हर तरहले पालनपोषण गरेर हुर्काउने काम गर्छिन् । हुन पनि आमाको हृदय अत्यन्त पवित्र हुन्छ । त्यसो हुनाले सन्तानको निम्ति मातृवात्सल्यलाई उपन्यासकारले सर्वोपरि ठानेका छन् । उनी आमाका यस्ता ममतामयी कार्यको वर्णन गरेर थाकेका छैनन् ।

उपन्यासमा आमाले म पात्रप्रति गरेको व्यवहारमा नारीको मातृत्वको गुण अभिव्यञ्जित भएको छ । उपन्यासमा उनी आफूभित्रको मातृत्वको गुणले म पात्रलाई आफूप्रति खिच्न सफल भएकी छन् । नारीको पूर्ण नारीत्व उसको मातृत्व रूप हो । नारीमा मातृत्वप्रति अनन्त आशक्ति हुन्छ । त्यो आशक्ति आफैंमा नारी अस्तित्वको विशिष्ट पक्ष हो, विशिष्ट गुण हो भन्ने उपन्यासकारको मान्यता छ ।

उपन्यासमा कठिन र सङ्घर्षपूर्ण परिस्थितिमा आमाले आफ्ना सन्तानप्रति गरेको अगाध स्नेहलाई व्यक्त गरिएको छ । आफू निमिट्यान्न भएर पनि आफ्ना सन्तानलाई भर्न चाहन्छिन् भन्ने देखाइएको छ ।

"आमाहरू कसरी यति महान् हुन सक्छन्, आमामा प्रकृतिले त्यस्तो के भरिदिएको छ, जसले तिनलाई सदा अरूका निम्ति आफूलाई दान गर्न मात्र पठाएको छ । अरूकै पीडा, व्यथा, वेदनाहरूमा रुने, चिन्तित हुने, सन्तानकै सुखमा नै आफूलाई जीवन्त ठान्ने, आफू भोकै नाङ्गै असक्त हुँदा पनि सन्तानकै मायामा लागिरहने कस्तो मन दिएको उनलाई ?" (पृ.३६९)

आमा अथाह मातृत्वप्रेम भएकी नारीको रूपमा उपन्यासमा देखापरेकी छन् । मातृत्व प्रेममा चुर्लुम्म डुबेर उनले आफ्ना शारिरीक कष्ट, पीडा, वेदना, समेतलाई भुलेकी छन् । पतिको मृत्युपश्चात् पनि अनेक दुःख कष्ट सहेर आफ्ना छोराछोरीलाई हुर्काउन बढाउन सफल भएकी छन् । छोराछोरी बिरामी हुँदा रातभर नसुत्ने, आफू भोकै बसेर पनि उनीहरूलाई ख्वाउनका लागि कठोर सङ्घर्ष गर्ने, उमेरका सारा रमाइला दिनहरू अभाव, गरिबी र कुण्ठामा बिताएर सन्तानका सुखका लागि आफूलाई समर्पित गरेकी छन् ।

"नारीलाई इज्जतको, प्रतिष्ठाको, सुरक्षाको आफ्नै शरीरको पनि कति भारी हुन्छ, कति बोझ हुन्छ ? आफ्नै शरीरलाई पनि कति गह्रौंसँगले बोक्दै त्यसमाथि अरु सन्तानका भारीहरू खप्टनुपर्छ ।" (पृ.३८२)

"आफूलाई आफू बनाएर उभ्याउन कति कठिन छ एउटी नारीलाई, जोसँग उसका लागि संबोदित हुने संसारमा आफन्त भन्ने कोही पनि हुँदैन । तर आमाहरू आफू सलेदो बनेर सन्तानलाई उज्यालो दिइरहेका हुन्छन् सदा ।" (पृ.३८२)

उपन्यास आमाले आफ्ना सन्तानलाई गर्ने माया र स्नेहमा केन्द्रित भएको छ । उपन्यासको सुरुदेखि नै आमाको भूमिकालाई महत्त्वपूर्ण मानिएको छ र आमाको निधनसँगै उपन्यासको अन्त्य हुनुले पनि आमाको महत्त्वलाई झल्काउँछ । आमा आफू सलेदो भएर जलेर आफ्ना छोराछोरीलाई उज्यालो दिन्छिन् भन्ने कुरा उपन्यासमा पुष्टि गरिएको छ । प्रस्तुत उपन्यासमा आमाको जीवन भोगाइका माध्यमबाट उपन्यासकारले नारीको मातृत्व पक्षका गुणलाई अभिव्यक्ति दिएका छन् ।

"दिनमा एकपल्ट चाहिँ आइज है कान्छा । तँलाई नदेख्दा साह्रै पीर लाग्छ । जहिले पनि साँझमा घर आउँथिस्, साँझ परेपछि आउँछस् कि भनेर कतिबेरसम्म बाटो हेरिरहेको हुन्छु । भरे पो सम्झँदा तँ त अबदेखि आउँदैनस् नि भन्ने सम्झेपछि मन कस्तो पीरो भएर आउँछ ।" (पृ.३६१)

२०२९।३० सालतिर शनिश्चरे बजारमा देखिएकी एउटा अर्धबैंसे पागल आइमाईले पनि आफ्नो मातृत्वको वास्तविक रूपलाई प्रकट गरेकी छे । उसले साथमा एक डेढ वर्षकी बच्चीलाई घाँटीमा च्यापेर झुण्डाउँदै बजार डुल्थी । मानिसहरू भन्थे - यसले कुन दिन त्यो सानी केटीलाई यसरी च्यापेको चेप्यै मार्छे । तर त्यसले त्यो बच्चीलाई चेप्न पनि छाडिन, मार्दा पनि मारिन, अरूलाई दिंदा पनि दिइन ।

नारीजाति जो पृथ्वी समान धैर्यशील र सहनशील हुन्छे, जो ममताकी खानी हुन्छे, जसको हृदयमा प्रेमको कल्पवृक्ष रहेको हुन्छ, जो दयाकी सागर पनि हुन्छे उनै नारीमा ममतामयी आमाको सम्पूर्ण गुण रहेको हुन्छ । एउटी पागल आइमाईले पनि आफ्ना सन्तानको हेरविचार र संरक्षण गरेर यस कुरालाई पुष्टि गरेकी छ ।

यसरी धराबासीले **आधाबाटो** उपन्यासमा नारीत्वको गुणबारे प्रशस्त मात्रामा चिन्तन गरेका छन् । उनी प्रेमलाई नारीत्वबोधको माध्यम स्वीकार्छन् र मातृत्वलाई त्यसको पूर्ण स्वरूप मान्दछन् । उनले नारीको मातारूपको मुक्त कण्ठले प्रशंसा गरेका छन् । समग्रमा के भन्न सकिन्छ भने नारी अस्तित्वको समस्या र विशेषताको पहिचान गर्नु र नारी व्यक्तित्वको विभिन्न रूपमध्ये उसको मातारूपको उच्च मूल्याङ्कन गर्नु धराबासीको विशिष्टता हो ।

### ४.१.५ लैङ्गिक विभेदको विरोध

नारी पात्रहरूको माध्यमबाट पुरुषले नारीमाथि गर्ने गरेको अत्याचारको विरोध गरिएको छ । समाजले प्राचीन कालदेखि नै नारी र पुरुषबीच भेदभाव राखेकाले उनीहरूले यस्तो अवस्थाबारे सामना गर्नु परेको पीडालाई उपन्यासमा व्यक्त गरिएको छ । यस उपन्यासले नारी र पुरुषका बीचको लैङ्गिक विभेदको विरोध गरेको छ ।

उपन्यासमा "म" पात्रका बुवाका बाबुआमाबाट विरक्त भएकी आमा जब उनकै बाबुआमाबाट निराश भएपछि उनका अगाडि असुरक्षा, अभाव र आतेस मात्र बाँकी रहेका छन् । त्यस्तै पात्रले अस्पतालमा भेटेकी महिला अर्की आइमाई लिएर बेपत्ता भएका पति आउने आशामा, बूढा सासू-ससुरा र देवरको चाकरी गर्दै घर थामेर बसेकी छिन् । कहिलेकाहिँ रिसाएर पिट्ने गरे पनि त्यसलाई सहेकी उसलाई आफ्ना पति बरु अर्की आइमाई नै लिएर आसाममै भागे पनि भागून् तर नमरून् भन्ने लाग्छ ।

यस उपन्यासका हरेक नारी पात्रहरू पुरुषको अत्याचार सहन विवश छन् भने कोही यस विरुद्ध विद्रोहको स्वर निकाल्दछन् त कोही चुपचाप यसभित्र पिल्सिरहेका छन् । उपन्यासमा जरा

गाडेर रहेका सामाजिक रुढी र कुरीतिहरूको कारणले महिलाहरूमाथि विभेद र भेदभाव बढेको चित्रण गरिएको पाइन्छ ।

कामने रोग लागेकी म पात्रकी आमालाई रिस गर्नेहरूले भट्टराईनी बोक्सी छे भन्ने आरोप लगाउँछन् । हाम्रो समाजमा बुढी हुँदै गएपछि आइमाईहरूलाई बोक्सीको आरोप लगाइन्छ । राम्री उमेरदार, रूपवती, लडभीड गर्न सक्ने, बलियो, तागतिली होइन्जेल कुनै आइमाई बोक्सी हुँदैनन् । जब असक्त,कमजोर र रोगी हुँदै जान्छन्, तब उसलाई समाजले बोक्सी करार गर्न थाल्छ ।

"एकदिन आमाले भन्नुभो-

'नानी ! मलाई छिमेकीहरूले बोक्सी भन्छन् अरे, के तँलाई म बोक्सी जस्ती लाग्छु ?"

(पृ.३१६)

"के साँच्चै । म बोक्सी भएँ होला त ? मलाई त त्यस्तो लाग्दैन । भन्छन् अरे भट्टराईनी बोक्सी छे, उसैले नाति नातिनालाई त्यस्ता दुब्ला पारेकी ।" (पृ.३१६)

बोक्सी हाम्रो समाजमा चल्दै आएको रूढिग्रस्त, अन्धविश्वासपूर्ण मान्यता हो जसले गर्दा कैयौं निर्दोष, निरअपराध महिलाहरूले पाशविक यातनाको सामना गरेर ज्यान समेत गुमाउनु परिरहेको छ । प्राय दुःख पाएकी, गरिब, धेरै घरमा घुमेर काम गरी खानुपर्ने वा मगन्ते आइमाईलाई हेपेर वा घृणा गरेर बोक्सी भएको आरोप लगाइन्छ ।

उपन्यासमा "म" पात्र र नम्रताबीचको असफल प्रेमको चित्रण गरिएको छ । उनीहरूका बीच बालसखादेखि कै आपसी अनुराग थियो र यौवन अवस्थामा त्यो विकसित भएर दाम्पत्य जीवनमा पुग्नुपर्ने बेलामा क्षत्विक्षत हुन पुग्छ । उनीहरू एक आपसमा प्रेम गर्छन् तर व्यक्तरूपमा कसैले कसैसँग जीवन बिताउने कुरा भन्न सक्दैनन् । सामाजिक मर्यादालाई अगाडि सारेर उनीहरू भित्रभित्रै असाध्यै प्रेम राख्दाराख्दै म पात्रले नम्रतालाई विना कारण त्यागी दिन्छन् । सामाजिक प्रतिष्ठाको कारण भित्रभित्रै जल्दै, गुम्सिदै म पात्र नम्रताबाट टाढा हुन खोज्छन् । जस्तो :

मैले भन्दा तिनले ज्यादा मानसिक पीडा खपिन् । म त आफ्नो सुरक्षाका लागि योजनाबद्ध रूपबाट मुक्ति लिँदै थिएँ तर उनले आफ्नो कुन कमजोरीका कारण म भागें भन्ने कहिल्यै बुझ्न पाइनन् । (पृ.२१६)

उनले प्रेम गरेकी नारीको अर्को पुरुषसँग विवाह भयो तर म पात्र चाहन्थे उनले विवाह नगरेर मेरै नाम जपिरहेकी भए हुन्थ्यो । यसबाट पुरुष मनोविज्ञान कति घातक, जड, विनाशकारी र जीवनविरोधी हुन्छ भन्ने बुझिन्छ । नारी आफूले प्रेम गरेको व्यक्ति खुसी र सुखी भएको हेर्न चाहन्छे तर पुरुष आफ्नी प्रेमिकाले आफूबाट अलग भएर गरेको उन्नति र प्रगतिको आरिस गर्छ ।

वंश होस् कि वर्ग होस्, लिङ्ग होस् कि विलिङ्ग होस्, संगठन होस् कि समुदाय होस्, पुङ्सक होस् कि नपुङ्सक होस्, सबैको चासो आ-आफ्नो अस्तित्वमा हुन्छ । जब कुनै वर्ग आफ्नो निकायमा खतरा पर्न लागेको वा स्वतन्त्र स्थान नपाएको अनुभव गर्छ त्यस बखत ऊ नारीको बचाउका निम्ति जागरुक भएर उठ्छ । नारीहरूलाई उनीहरूको स्थिति पुरुषबाट अलग हुन सकिरहेको छैन भन्ने लागेपछि नारीवादी आन्दोलन उठ्यो र त्यसले नारी जातिको पृथक पहिचानका निम्ति आवाज जगायो । पृथक पहिचान, पौरूष शोषण, दमन एवम् पराधीनताबाट मुक्त भएपछि मात्र सम्भव हुन्छ (गौतम, २०६१:९१) । धराबासीले **आधाबाटो** उपन्यासमा घरमा महिलाहरूले भोग्नुपर्ने दुःख, लोग्नेको निर्दयता र थिचोमिचोमा परेका नारीहरूलाई देखाएर उनीहरूको त्यस्तो जीवनमा सुधारको आवश्यकता देखाउँदै समानताका निम्ति उचित पृष्ठभूमि बनाउने प्रयत्न गरेको देखिन्छ । उपन्यासमा पुरुषशासित समाजमा स्त्रीहरूको स्थिति नाजुक छ, उनीहरू होच्याइएका छन्, दबाइएका छन्, पिल्सिएका छन् । नारीले आफ्नो अस्तित्वको सम्भावनालाई आफैंले कोसिस गरेर पाउन खोज्नुपर्छ भन्ने मान्यता प्रस्तुत गरेको पाइन्छ ।

अवसर नपाएका कारणले मात्र नारीहरू पछि परेका हुन् । यो उपन्यासले अवसर र वातावरण मिल्ने हो भने नारीहरूले जे पनि र जस्तो पनि गर्छन् भन्ने सन्देश दिएको छ । प्रेम, तात्कालीन परिवेश, हाम्रो समाजमा सदियौंदेखि रहिआएको पुरुषको हैकमलाई छर्लङ्ग्याउनु पनि उपन्यासकारको उद्देश्य देखिन्छ । यस मामलामा उनी नारीवादी लेखकका रूपमा देखा परेका छन् । नारी मुक्तिको समस्या नारीसँग मात्र सम्बन्धित छैन । यो वर्गीय समस्याकै एक अङ्ग हो । त्यसैले नारी मुक्तिको समस्यालाई वर्गीय समस्यासँग जोडेर हेर्नु आवश्यक छ ।

### ४.१.६ स्वतन्त्रताको बोध

स्वतन्त्रताको अर्थ शोषणका बन्धनहरूबाट मुक्त हुनु हो । हरेक मानिसको आ-आफ्नै व्यक्तिगत स्वतन्त्रता र अधिकार हुन्छ । मानिस जन्मेदेखि नै उसले जन्मसिद्ध अधिकार लिएर आएको हुन्छ । धराबासीले **आधाबाटो** उपन्यासमा नारी स्वतन्त्रताको समर्थनमा विचार प्रकट गरेका छन् । प्रत्येक व्यक्ति आफ्नो विषयमा सोच्न, निर्णय गर्न र जीवनमा आफ्नो क्रम रोज्न पूर्ण स्वतन्त्र छ र हरेकलाई आफ्नो अस्तित्वको स्वतन्त्रताको भोग गर्ने अधिकार छ भन्ने मान्यता उपन्यासकारको देखिन्छ । यिनले उपन्यासमा नारी पात्रहरूको जीवन भोगाइ र काम गराइ अनि तिनको बोलाइको माध्यमबाट आफ्नो यस मान्यतालाई व्यक्त गरेका छन् ।

"म" पात्र बहुदलको पक्षमा भोट मागेर हिंडेको भए तापनि जनमत सङ्ग्रहमा आमाले आफ्नो छोराको इच्छा विपरीत राजालाई भोट दिएर राजनैतिक स्वतन्त्रताको उपभोग गरेकी छन् ।

जनमत सङ्ग्रहको परिणाम घोषणा हुँदा सुधारिएको पञ्चायती व्यवस्थाले जितेको घोषणा गरिंदा आमाको अनुहार उज्यालो थियो । कताकता लुकाउन खोजे पनि आमाको खशी अनुहारमा छरिएकै थियो ।

"आफ्नो मनको निर्णयले मान्छेलाई दिने सुखभन्दा ठूलो अर्को कुनै सुख हुन सक्दैन । आत्मनिर्णय नै जीवनको सबैभन्दा सन्तोषप्रद निर्णय हो रहेछ । जीवनमा सबैभन्दा प्रिय वस्तु नै आत्मनिर्णय र छनौट रहेछ ।" (पृ.१९४)

उपन्यासमा "म" पात्र र लेखनाथ पाँचथरको भारपाको यात्रा गर्दा बाटामा भेटेकी एउटी युरोपियन युवतीले उपयोग गरेको स्वतन्त्रताको प्रसङ्ग पनि उल्लेख छ । ऊ एक्लै उकालो चढिरहेकी थिई । एउटा भेस्ट र हाफपेन्ट लगाएर झण्डै एक मनको भारी बोकेर फटाफट उनीहरूलाई जित्दै उकाली चढिरहेकी थिई । उसको स्वतन्त्रता र सुरक्षाका सन्दर्भमा "म" पात्रले लेखनाथसँग टिप्पणी गरेका छन् :

स्वतन्त्रता भन्दा ठूलो तागत संसारमा केही छैन । यो आइमाई एउटा हाफपेन्ट लगाएर कहाँ हिंडेकी हो, कहाँबाट आएकी हो, आज यो भारपाको उकालो चढ्दै छे । यसलाई कहाँ पुगौंला, कसरी बास बसौंला, म आइमाई मान्छे हुँ भन्ने पटक्कै मतलब छैन । उनीहरूको स्वतन्त्र समाजले उसलाई संसारभरि जहीं पुग्दा पनि सुरक्षाकै अनुभूति छ । (पृ.१८७)

उपन्यासमा समाजमा नारीवर्गले पनि स्वतन्त्र तरिकाले बाँच्ने हक पाउनुपर्छ । उनीहरू समाजका अस्तित्वहीन निरीह प्राणी होइनन् भन्ने कुरा बाटामा भेटिएकी युरोपियन युवतीका माध्यमबाट व्यक्त गरेको पाइन्छ । नारी केवल भोग्या मात्र होइनन्, उनीहरूको पनि स्वतन्त्रताप्रति हक छ र आफ्नो अस्तित्वको संरक्षण गर्ने अधिकार छ भन्ने धारणा व्यक्त गरेको देखिन्छ । समाजमा पुरुषहरू जति स्वतन्त्र छन् नारीहरूले पनि त्यति नै स्वतन्त्र हुन पाउनुपर्छ भन्ने मान्यता उपन्यासकारको रहेको छ । त्यसैगरी **आधाबाटो** उपन्यासमा आता र नानुले आफ्नो पति आफैं रोज्नु, उनीहरूको त्यस कार्यलाई अभिभावक र परिवारले स्वीकारेका देखिनु जस्ता घटना सिर्जना गरी उपन्यासकारले नारीको स्वतन्त्र अस्तित्वको कदर गरेका छन् ।

### ४.१.७ आधाबाटो उपन्यासको पात्रमा नारीवादी दृष्टिकोण

**आधाबाटो** उपन्यासमा कृष्ण धराबासीको प्राचीन कालदेखि नारीलाई हेर्ने दृष्टिकोण समाजमा नारीको स्थान आदिको चित्रण चरित्रका माध्यमद्वारा गरेका छन् । उपन्यासकारले यस

उपन्यासमा यस्ता नारीहरूको चित्रण गरेका छन् कि यी हरेक नारी पात्रले नारीवादतर्फ सङ्केत गरेका छन् ।

यस उपन्यासकी प्रमुख पात्र आमा एक नारीवादी चरित्र हुन् । आमाको जीवनसँग उपन्यासको विषयवस्तु गाँसिन पुगेको छ । उपन्यासमा आमाले कतै संवादमा बोलेर, कतै चिन्तनमा घोरिएर नारी, नारी प्रकृति, नारीत्व, नारी स्वभाव आदि विभिन्न उच्चारणमा नारीत्वको कुरा गरेकी छन् । नारी प्रकृति र पुरुष प्रकृतिमा कुनै न कुनै विभेदको रेखा अवश्य नै रहन्छ । नारी आमा बन्न सक्छे, बच्चा जन्माउन सक्छे, ऊ आफ्नो बच्चालाई दूध चुसाउँछे । यी सब कुरा पुरुषले गर्न सक्दैन । जब यस्ता केही भिन्नता हुनु स्वभाविकै छ । आमाका माध्यमबाट उपन्यासकारले **आधाबाटो**मा नारीस्वभावको यस्तै पृथकतालाई सङ्केत गरेका छन् जुन पृथकता नारीमा अलग्गै छ र त्यसैका कारण नारीलाई समर्पणमा पनि प्राप्तिको सुख मिल्दछ । आफ्नो आस्थाप्रति सधैं सचेत भइरहनु र आत्मिक प्रेरणाको बलमा विद्यमान अवस्थालाई उछिन्न निरन्तर जागरुक हुँदै कर्म गर्न प्रवृत्त हुनु आमाको विशेषता हो । समाजका अरू नारीहरूमा सचेत कर्ममा भन्दा अन्ध भक्तिमा लिप्त भएर लाग्ने प्रवृत्ति देखिन्छ । त्यस्तो प्रवृत्ति उनको चरित्रमा देखिन्न । उनी आफ्नो आस्थाप्रति अत्यन्त सचेत हुँदै जीवनमा केवल कर्ममा मात्र विश्वास गरेर अगाडि बढ्न खोज्ने नारी हुन् । आमा जीवनमा कुनै भ्रान्तिलाई अँगालेर झुटो यथार्थ बाँच्ने नारी होइनन्, उनी नारी जीवनको नाङ्गो यथार्थसित साक्षात्कार गर्दै त्यस यथार्थलाई भोग्दै बाँच्न सक्ने साहसी नारी हुन् । उनले जीवनका विसङ्गतिलाई भागेर होइन, त्यसलाई नै जीवनको अभिन्न अङ्ग स्वीकारेर मान्छेले बाँच्नुपर्छ भन्ने बुझेकी छन् । छोरीको जन्मप्रति उदासीन हुने समाज, जहाँ घर र माइती दुवै परम्परागत रुढिबाट ग्रसित छन्, तिनका शरणमा नगइकन बेग्लै बाटो रोज्ने आमाको नारी अस्तित्ववादी चिन्तन प्रकट भएको छ ।

उपन्यासको प्रमुख “म” पात्रको जीवनमा भोगेका देखेका र अनुभव गरेका समष्टि घटनाको संयोजन नै **आधाबाटो** हो । जीवन भोगाइका क्रममा आएका विभिन्न घटनाहरू उपन्यासमा रहेका छन् । उनले आन्तरिक रूपमा आफ्नै जीवनका घटनाहरूबाट प्रेरणा प्राप्त गरेका छन् । आफ्नै आमाको दिनचर्या र सहयोग बिना त कृष्ण भट्टराई कृष्ण धराबासी बन्नै सक्दैन थिए । डेरा बसेका बेलाकी आता, शनिश्चरे बजारकी कालीकी आमा उनका प्रेरणा स्रोतहरू बनेका छन् । आमाको मृत्युपछि “म” पात्रले आफू मातृ वियोगको कठोर पीडा खपेर बाँच्न बाध्य भएको कुरा अभिव्यक्त गरेका छन् । “म” पात्रले आमालाई दागबत्ती दिएको कुराको वर्णनका साथ आमाको मृत्युमा धैर्य थाम्न नसकी परिवारजनमा रूवाबासी चलेको कुराको पनि उल्लेख गरेका छन् ।

आमाको सहस्रधारा दूध पिएर बनेका यी आँसुहरू आमाकै निम्ति आज बगिरहेका छन् तिनलाई किन रोक्नु ? मेरो शरीरको कोष-कोषमा भरिएको दूध पग्लिएर पानी बनी आँसुका रूपमा आँखाबाट बगिरहेको थियो । (पृ.३८४)

उपन्यासकारले आमाबाट अपार माया पाएका थिए । त्यसै हुनाले उनले मातृत्व प्रेमलाई सामान्यीकरण गरेर प्रस्तुत गरेका छन् । उपन्यासको ठूलो हिस्सा मातृ ममता र तिनको कार्य व्यवहारको प्रशंसामा केन्द्रित छ । उनले सन्तानका निम्ति संसारमा आमा जति नजिक कोही व्यक्ति र कुनै वस्तु नहुने कुरालाई अघि सार्नुको कारण पनि यही नै हो ।

आमा प्रत्येकका लागि कहिल्यै मर्न नहुने तत्त्व हो । छोराछोरी जति नै हुर्किएका भए पनि ती उनका लागि बचरा नै हुन् । (पृ.३८१)

एउटा खाते, सडक छाप, बेहिसाब जीवन बाँच्ने भगीको निधनमा म पात्र भावनैले दुःखी भएका छन् । उनले शनिश्चरेको माटोसँग मुटु गाँसिएको र त्यस मुटुमा भगी, काली, कालीकी आमाहरूका धड्कनहरू पनि ढुकढुकाउने गरेको सन्दर्भ उल्लेख गरेर नारीप्रतिको सम्मान र श्रद्धा प्रकट गरेका छन् ।

ज्यामिर गढीमा जन्मेकी अत्यन्त गरिब सतार परिवारकी आता अर्काको घरमा नोकर्नी बनेर जीवन धान्नुपर्ने बाबजुद पनि आफ्नो कर्तव्यबाट आफू कति पनि विचलित नभइकन अगाडि बढिरहने धैर्य पछिसम्म नै राख्दछे । उसले कोरा सिद्धान्तहरूलाई घोकेर होइन, जीवनबाट साक्षात् भोगाइका क्रमबाट नै आफ्ना आस्था र विश्वासहरू टिपेकी छे । उपन्यासमा आताले जीवनका सङ्घर्षहरू, अनुभवहरू र जीवन भोगाइका यावत् पीडाहरू आमा पात्रलाई बताएकी छ । पतिले छोडेर गएपछि एक्लै भएकी उसले मानव जीवनमा व्याप्त एकाङ्कीपनको पीडा, निराशपूर्ण जीवन बाँच्नुपर्ने बाध्यतालाई भोगेकी छे । कुनै बेला पतिबाट माया र सहारा पाएर आफूलाई धन्य ठान्ने आताले एकाएक आफ्नो जीवनमा दुःख भोग्नुपर्‍यो तर उनी जीवनदेखि आत्तिएर भाग्न खोजिन् ।

उपन्यासमा नम्रताले "म" पात्रलाई हृदयदेखि नै चाहेकी थिई । उसले जीवनमा "म" पात्रलाई पाउन चाहेकी थिई जुन कुरामा उसलाई सफलता मिल्न सकेन । त्यसैले त्यस घटनाले उसको मनमा चोट पुग्नु स्वभाविकै थियो तर उसले विचलित नभइकन अर्को नयाँ बाटो पहिल्याएर जीवनलाई भोग्ने उत्सुकता देखाएकी छ । उसले जीवनभर "म" पात्रको नाममा पिल्सिएर नबसी अरूसँगै विवाह गरी घरजम गरेर बसेकी छ । उसको व्यक्तिसँग नभएर पितृसत्तात्मक समाजसँग विद्रोह छ । उपन्यासकारले नम्रताको माध्यमबाट नारी अस्मिताको विरुद्ध पुरुषद्वारा नारीमाथि भइरहेका अत्याचार र दमनको विरोध गरेका छन् ।

प्रस्तुत उपन्यासमा सीता सशक्त नारी चरित्रको रूपमा देखापरेकी छ । ऊ एक पतिपरायण नारीको रूपमा देखा परेकी छ । सीता पतिप्रति समर्पित देखिन्छे तर पतिप्रति उसले देखाएको समर्पणभाव विवाहित नारी होइनुको बन्धनको बोध होइन, त्यो उसको सचेत रोजाइको खुसी देखिन्छ । ऊ नारीको प्रिया रूप बनेर सधैं आफ्नो पतिको मन खिच्न सफल भएकी छ । जस्तो :

> "महलबाट फुटपाथमा आएकी त्यस केटीले मेरो जीवनमा नसोचेको परिवर्तन लिएर आई । मैले त्यति चाँडै नम्रतालाई भुल्न सक्छु जस्तो सोचेकी पनि थिइँन तर चाँडै नै मलाई नम्रताको स्मरण हराउँदै गयो ।" (पृ.२२४)

ऊ पतिलाई प्रेम गर्छे र आफ्नो आस्थालाई कतैबाट कुनै बाधा नपरोस् भन्ने चाहना राख्छे । सुख, दुःख, नजिक टाढा जे जस्तो अवस्थामा पनि ऊ आफूमा नारीत्वको गुण बहन गर्न सक्ने क्षमता राख्दछे । उसको चरित्रमा नारीको महत्वपूर्ण गुणहरू आरोपित भएका छन् । सीता जीवनवादी सोच भएकी नारी हो ।

**आधाबाटो** उपन्यासमा भगी, काली, कालीको आमाहरूको इच्छा र चाहनामाथि खेलबाड गरिएको छ । पुरुषहरूले उनीहरूमाथि गरेको यौन शोषण र दमनको विरोध गरिएको छ । पुरुषहरूको थिचोमिचो र पुरुषद्वारा पीडित, अपहेलित र शोषित महिलाहरूको प्रतिनिधिका रूपमा उनीहरू रहेका छन् । भोलेनी आमै, म पात्रको बुबाको साइँली बढीआमा, टीका, झुमा, देवान जस्ता नारीवादी चरित्रहरूले नारीमा भएका पीडाहरूलाई समेट्दै यसको समाधानार्थ नारी आफैं सक्षम हुनुपर्छ भन्ने कुरामा जोड दिएका छन् । उपन्यासमा पुरुषका अत्याचारका विरुद्ध नारीपात्रले आफूमा वर्गीय चेतना जगाउँदै आफ्नो अस्तित्वका लागि सङ्घर्ष गरेका छन् । त्यस्तै म पात्रकी सानीमा, आमाका चुर बेच्ने साथीहरू, भुजेल्नी, कम्मरनी, खुलाल्नी, प्रसाईंनी, सिटौलिनी, बजै, बजैकी छोरी जस्ता नारीहरूको पीडालाई उपन्यासमा उतारिएकाले **आधाबाटो** उपन्यासलाई नारीवादी उपन्यास मान्न सकिन्छ ।

धराबासीले **आधाबाटो** उपन्यास आमामय बनाएर फेमिनिष्ट राइटिङ्को अवधारणा प्रकट गरेका छन् । नारीपात्रको सम्मानले उनको लेखन नारीवादी लेखन भएको छ । अचेल चल्न थालेको फेमिनिष्ट राइटिङको अवधारणालाई उनले आत्मसात् गरेको पाइन्छ (भट्टराई, २०६०:५९) ।

परम्परागत सोचाइ भएको साँघुरो नेपाली समाजमा विस्तृत खुल्ला विचार बोकेको **आधाबाटो** उपन्यासलाई नारीवादी कृति मान्न सकिन्छ । नेपाली उपन्यास परम्परामा नारीवादी दृष्टिकोणको धारणा यस उपन्यासमा प्रशस्तै भेट्न सकिन्छ । परम्परादेखि जरो गाडेर बसेको पितृसत्ताको विरुद्ध लेखिएको यस उपन्यासमा सामाजिक परिवर्तनका साथसाथै नारी उत्थानको आवाज उठाइएको छ । समाजमा जातीय समानता र नारी हकका लागि **आधाबाटो** उपन्यासले वास्तवमै निकै ठूलो भूमिका निर्वाह गरेको देखिन्छ ।

### ४.२ **निष्कर्ष**

**आधाबाटो** उपन्यासमा उपन्यासकारको आफ्नै परिवारभित्रको दुःखलाई एकदमै नाटकीय ढङ्गबाट व्याख्या गरिएको छ । यस उपन्यासमा म पात्र निम्न वर्गका मान्छे भएका कारण पनि त्यही वर्गको जीवनी चित्रणले पाठकलाई कारुणिक बनाई पटक-पटक रुवाउने गरेको छ । जोसुकैलाई पनि यो उपन्यास पढ्दा आफ्नै जीवनका घटना जस्तो महशुस हुन्छ । नारीलाई हेर्ने दृष्टिकोण, समाजमा नारीको स्थिति, पुरुषले नारीप्रति गर्ने व्यवहार आदिको बारेमा **आधाबाटो** उपन्यासमा वर्णन गरिएको छ ।

त्यसैगरी **आधाबाटो** उपन्यास आत्मकथात्मक शैलीमा संरक्षित रहेको छ । यसमा समाजमा रहेका हरेक नारीका लागि आफ्नो सन्तानको निम्ति मातृ-वात्सल्य उच्च रहने देखाउँदै सङ्घर्षशील र निडर भएर आफ्नो स्वतन्त्रता र अधिकारको लागि आवाज उठाएको कुरा पनि वर्णन गरिएको छ ।

धरावासीले **आधाबाटो** उपन्यासमा नारीलाई शारीरिक र बौद्धिक रुपमा सशक्त बनाउँदै पुरुषको थिचोमिचोप्रति विद्रोह गर्न सक्षम बनाएका छन् । उनका प्रत्येक नारी साहसी, वीरङ्गना र समाजमा पुरुषसरह आफ्ना जिम्मेवारी निर्वाह गर्न सक्षम पनि छन् ।

धराबासीको **आधाबाटो** उपन्यास महिलामाथि भएका अन्याय, अत्याचारका विरुद्ध अग्रसर रहेको छ । उनले यस उपन्यासमा नारीको कारुणिक जीवन, सङ्घर्षशील जीवन, यौनशोषण र दमनको विरोध, मातृत्वको स्वर, लैङ्गिक विभेदको विरोध, स्वतन्त्रताको बोध जस्ता कुरा उठाएर नारीवादी लेखनको धारणा व्यक्त गरेका छन् । परम्परादेखि जरो गाडेर बसेको पितृसत्ताको विरुद्ध लेखिएको यस उपन्यासमा सामाजिक परिवर्तनका साथै नारी उत्थानको आवाज पनि उठाइएको छ ।

## पच्छिेद - पाँच

# शोध निष्कर्ष तथा उपसंहार

वि.सं. २०१७ साल साउन २ गते पाँचथरको अमरपुरमा जन्मिएका कृष्ण धराबासीको स्थायी बसोबास झापाको शनिश्चरेमा रहेको छ । पिताबाट अक्षराम्भ गरेका उनले स्नातकसम्मको औपचारिक अध्ययन गरेका छन् ।

विद्यालयका गुरूहरूबाट लेखन प्रारम्भ गरेर साहित्यमा प्रवेश गरेका धराबासीको २०३३ सालमा 'सूर्योदय' पत्रिकामा कविता प्रकाशित भएपछि औपचारिक साहित्यिक यात्रा प्रारम्भ हुन्छ । कवि 'निबन्धकार, कथाकार, समालोचक, जीवनी लेखक, संस्मरण लेखक र उपन्यासकारका रूपमा ख्याति कमाएका धराबासीको पहिलो प्रकाशित कृति **बालक हराएको सूचना** निबन्ध सङ्ग्रह ( २०४८) हो । हालसम्म उनका **उन्मुक्तिका आवाजहरू** (२०५०), **कान्छी राधा** (२०६२) गरी २ वटा कविता सङ्ग्रह, **बालक हराएको सूचना** (२०४८), **नारीभित्र त्यस्तो के छ हजुर** (२०५३), **उत्तमजङ्ग सिजापतिको आलु** (२०५५), **कृष्ण धराबासीका चर्चित निबन्धहरू** (२०६५), **आँधी नआउने घर** ( २०६७) गरी ५ वटा निबन्ध सङ्ग्रहहरू, **झोला** (२०६०) कथा सङ्ग्रह, **विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरू** (२०४८), **लीलालेखन** (२०५३), **पाठकको अदालतमा** (२०६२), **तेस्रो आयाम र वैरागी काईंला** (२०६३) गरी ४ वटा समालोचनात्मक कृतिहरू, **मेरो साहित्यिक यात्रा र मदन पुरस्कार** ( २०६५) संस्मरणात्मक कृति, **सी.के. प्रसाईं** (२०६७) जीवनी, **शरणार्थी** (२०५६), **आधाबाटो** (२०५९) **राधा** (२०६२), **तपाईं** (२०६३), **टुँडाल** (२०६५) गरी ५ वटा उपन्यासहरू समेत गरी १८ वटा पुस्तककार कृतिहरू प्रकाशित र केही कृतिहरू प्रकाशोन्मुख रहेका छन् । त्यस्तै उनले विभिन्न पत्रपत्रिका र साहित्यिक कृतिको सम्पादन पनि गरेका छन् । उनी साहित्य साधनाको क्रममा २०४६ सालदेखि २०६६ सालसम्म विभिन्न सामाजिक तथा साहित्यिक सङ्घसंस्था र गुठीहरूबाट सम्मानित र पुरस्कृत पनि भइसकेका छन् । त्यस्तै उनी विभिन्न साहित्यिक तथा गैरसाहित्यिक संस्थामा सक्रिय रूपमा क्रियाशील रहेका देखिन्छन् ।

कृष्ण धराबासीका प्रकाशित भएका पाँचवटा उपन्यासहरूका आधारमा उनका औपन्यासिक यात्रालाई ३ चरणमा विभाजन गर्न सकिन्छ । २०३२-२०५५ सम्मको अवधिलाई प्रथम चरण, २०५५-२०६१ सम्मको अवधिलाई द्वितीय चरण र २०६२- हालसम्मको अवधिलाई तृतीय चरण गरी बाँड्न सकिन्छ । उनको उपन्यास लेखनको प्रथम चरणलाई पृष्ठभूमि वा अभ्यास तथा अप्रकाशित उपन्यास लेखनको चरण मानिन्छ । दोस्रो चरणका धराबासीका उपन्यासहरूमा सामाजिक

विसङ्गतिको चित्रण गरिएको छ । तेस्रो चरणका उपन्यासले विश्व मानवताको वकालत गर्दै विश्वजनीन घटनाक्रम र विचारलाई प्रस्तुत गरेका छन् ।

प्रस्तुत **आधाबाटो** (२०५९) कृष्ण धराबासीले दोस्रो चरणमा लेखेको एक उत्कृष्ठ उपन्यासको रुपमा लिन सकिन्छ । यस उपन्यासमा समाजमा नारीमाथि भइरहेका यौन शोषण, दमन र घरेलु हिंसाजस्ता अमानवीय कार्य र दृष्टिकोणलाई जस्ताको तस्तै उतारेर सम्पूर्ण नारी जातिलाई चेतनशील बनाउन लागि परेका छन् ।

**आधाबाटो** उपन्यासमा नेपाली नारीहरूको दुःखपूर्ण जीवनयापनलाई चित्रण गरिएको छ । उनले समाजमा उपेक्षित, उत्पीडित र अपहेलित वर्गका मानिसहरुका कारुणिक सम्वेदना पाठक सामु प्रस्तुत गरेर पाठकहरूलाई समेत करुणामा डुबाउन सफल भएका छन् । नेपाली समाजमा रहेका निम्न वर्गका नारीहरू माथि समाजले हेर्ने दृष्टिकोण र नारीले भोग्नुपरेका विविध पीडा, दुःख, कष्ट जस्ता समस्यालाई धराबासीले कारूणीक रुपमा प्रस्तुत गरेका छन् । **आधाबाटो** उपन्यासमा नारीजातिलाई विशिष्ट सम्मान प्रदान गरिएको छ भने नारीले आफूमाथि हुने गरेको अन्याय र अत्याचारमाथि आफैं विद्रोह गरी आफ्नो स्वतन्त्र अस्तित्वलाई समाजमा प्रतिस्थापित गर्न प्रयास गर्नुपर्छ भन्ने मान्यता आमा पात्र मार्फत कायम गरेका छन् । त्यस्तै उपन्यासमा सहरिया धनाढ्य पुरुषहरूले निम्न वर्गका नारीहरूमाथि गरेका यौन शोषण र दमनको पनि विरोध गरिएको छ ।

**आधाबाटो** उपन्यासमा आमाको माध्यमबाट नारीको मातृत्वको गुणलाई अभिव्यक्त गरिएको छ । एउटा आमाले शिशुलाई जन्म दिई प्राकृतिक नियमको पालना मात्र गर्दिनन्, सन्तानलाई हरतरहले पालनपोषण गरेर हुर्काउने काम गर्छिन् । त्यसो हुनाले सन्तानको निम्ति मातृवात्सल्यलाई उपन्यासकारले एक विशिष्ट गुणको रुपमा उपन्यासमा स्थापित गरेका छन् । त्यस्तै उपन्यासमा नारी पात्रहरूको माध्यमबाट पुरुषले नारीमाथि गर्ने गरेको अत्याचारको विरोध गर्दै समाजले प्राचीन कालदेखि नै नारी र पुरुषबीच राख्ने गरेको लैङ्गिक विभेदको विरोध गरेको छ । धराबासीले उपन्यासमा आफू पुरुष भएकोमा घृणा समेत प्रकट गरी नारी स्वतन्त्रको समर्थनमा विचार प्रकट गरेका छन् । आमाको प्रमुख भूमिका भएको यस उपन्यासमा आमाले कतै संवादमा बोलेर र कतै चिन्तनमा घोरिएर नारी, नारीत्व, नारी प्रकृति, नारी स्वभाव आदिका माध्यमबाट नारीत्वको कुरा गरेकी छन् ।

यसरी कृष्ण धराबासीको **आधाबाटो** (२०५९) उपन्यास नेपाली समाजमा परम्परादेखि जरा गाडेर बसेको पितृसत्ताको विरुद्ध लेखिएको एक उत्कृष्ट उपन्यास बन्न सफल भएको छ । साथै यस **आधाबाटो** उपन्यासमा सामाजिक परिवर्तनका साथै नारी उत्थानको आवाज उठाइएको छ ॥

समाजमा रहेको जातीय समानता र नारी हक हितका लागि यस उपन्यासले महत्वपूर्ण भूमिका निर्वाह गरेकाले **आधाबाटो** उपन्यासको नारीवादी विश्लेषण गर्नु उपयुक्त देखिन्छ ।

निष्कर्षमा, उपन्यासकार कृष्ण धराबासीको **आधाबाटो** (२०५९) पुरुषसत्ताको एकाधिकार रहेको नेपाली समाजमा नारीहरुको हक, अधिकार र स्वतन्त्रताको स्थापना हुनुपर्छ भन्ने मान्यता राख्ने उपन्यास हो । परम्परादेखि जरो गाडेर बसेको पितृसत्ताको विरुद्ध लेखिएको यस उपन्यासमा निम्न वर्गका नारीपात्रको उपस्थिति गराइएको छ । नारीहरूको कारुणिक, सङ्घर्षशील, निडर, आत्मनिर्भर जीवनको सजीव चित्रण गरिएको छ । यस उपन्यासमा समाजका निम्नवर्गका नारी पात्रले पुरुषहरूको शोषण र अत्याचारलाई कसरी सहेर जिउन बाध्य छन् भनेर पनि देखाएको छ । **आधाबाटो** उपन्यासमा समाजमा नारी पुरुषबीच हुने लिङ्गीय विभेदको अन्त्य हुनुपर्ने धारणा व्यक्त गरिनुका साथै नारीभित्रको मातृत्वलाई उच्च स्थान दिइएको छ । यसरी कृष्ण धराबासीको **आधाबाटो** नारीवादी उपन्यास बन्न सफल देखिन्छ ।

# सन्दर्भसामग्रीसूची


**(क) पुस्तक सूची**

एटम, नेत्र (२०६१), **समालोचनाको स्वरूप**, ललितपुरः साझा प्रकाशन ।

गौतम, कृष्ण (२०५०), **आधुनिक आलोचना अनेक रूप, अनेक पठन,** ललितपुरः साझा प्रकाशन ।

गौतम, लक्ष्मणप्रसाद (२०६६), **नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना,** काठमाडौँः ओरिएन्टल पब्लिकेसन ।

धराबासी कृष्ण (२०४८), **बालक हराएको सूचना,** झापाः विचार प्रकाशन ।

__________ (२०५०), **उन्मुक्तिका आवाजहरू,** झापा, सासंक प्रतिष्ठान ।

__________(२०५३), **लीलालेखन,** काठमाडौँः बसुन्धरा प्रकाशन ।

__________(२०५५), **उत्तमजङ्ग सिजापतिको आलु**, लेखक स्वयम् ।

__________(२०५८), **शरणार्थी,** दो.सं., झापाः नियात्रा प्रकाशन ।

__________(२०५८), **विश्वेश्वरप्रसाद कोइरालाको उपन्यासहरू,** दो.सं, काठमाडौँः पैरवी बुक्स एन्ड स्टेसनरी सेन्टर ।

__________(२०६०), **झोला,** अशोक राई ।

__________(२०६२), **कान्छी राधा,** झापाः निर्माण व्यवसायी सङ्घ ।

__________(२०६३), **राधा,** दो.सं., ललितपुरः साझा प्रकाशन ।

__________(२०६३), **तेस्रो आयाम र वैरागी काइँला,** काठमाडौँः पैरवी बुक हाउस ।

__________(२०६३), **तपाईं,** काठमाडौँः पैरवी बुक हाउस ।

__________(२०६४), **मेरो साहित्यिक यात्रा र मदन पुरस्कार,** काठमाडौँः अर्जुन सिटौला ।

__________(२०६५), **टुँडाल,** काठमाडौँः पैरवी बुक हाउस ।

__________(२०६५), **कृष्ण धराबासीका चर्चित निबन्धहरू,** काठमाडौँः दुबो प्रकाशन ।

__________(२०६७), **आँधी नआउने घर,** काठमाडौँः पैरवी बुक हाउस ।

__________(२०६७), **सि.के. प्रसाईं,** काठमाडौँः पैरवी बुक हाउस ।

__________(२०६७) **आधाबाटो** ते.सं., काठमाडौँः पैरवी बुक हाउस ।

प्रधान, कृष्णचन्द्रसिंह (२०५२), **नेपाली उपन्यास र उपन्यासकार,** ते.सं., ललितपुरः साझा प्रकाशन

बराल, कृष्णहरि र नेत्र एटम (२०६५), **उपन्यास सिद्धान्त र नेपाली उपन्यास,** ललितपुरः साझा प्रकाशन ।

बराल, ऋषिराज (२०६५), **उपन्यासको सौन्दर्यशास्त्र,** पुलचोकः साझा प्रकाशन ।

बुआ, सिमोन दि (२०६३), **द सेकेन्ड सेक्स (महिला)**, काठमाडौंः प्रगति पुस्तक सदन ।

भट्टराई, गोविन्दराज (२०६३), **उत्तरआधुनिक ऐना** (दो.सं.), काठमाडौंः रत्न पुस्तक भण्डार ।

राई, इन्द्रबहादुर (२०५०), **नेपाली उपन्यासका आधारहरू,** (दो.सं.) ललितपुरः साभा प्रकाशन ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइँटेल (२०६१), **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,** काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

__________(२०६२) **शोधविधि,** ते. सं., ललितपुरः साभा प्रकाशन ।

**(ख) पत्रिकाहरू**

अधिकारी, दीपक (२०६३), "उत्तरआधुनिक राधा", **कान्तिपुर कोसेली,** (वर्ष १४, अङ्क १६१), पृ. ख ।

अधिकारी, ज्ञानु (२०६७), "नारीवादी समालोचनाको सैद्धान्तिक स्वरूप र विकास, "**गरिमा** (नारी सिर्जना विशेष), वर्ष २८, अङ्क ७, पूर्णाङ्क ३३१, पृ. ६८-७५ ।

अनमोलमणि (२०६४), "धराबासी लीला र तपाईं", **नेपाल समाचारपत्र सौगात** (वर्ष १२, अङ्क १०१), पृ. ६ ।

उप्रेती, संजीव (२०६३), "कृष्णको लीलामय राधा", **कान्तिपुर'** (वर्ष १४, अङ्क २१७), पृ.६ ।

कार्की, राजु (२०६०), "आधाबाटोः एक समीक्षा," **पूर्वाञ्चल,** (वर्ष ५, अङ्क २१५), पृ. २ ।

के.सी. सुधीर (२०६४), "वर्तमान नेपाली साहित्यमा नारी लेखनः उत्तरआधुनिक परिप्रेक्ष्यमा स्त्रीवादी पठनको एक चित्र", **समकालीन साहित्य**, (वर्ष १५, अङ्क १, पूर्णाङ्क ५५), पृ. ९०-९८ ।

घिमिरे, रमण (२०६४), "प्रयोगको नयाँ संस्करण", **नेपाल,** (वर्ष ७, अङ्क ४०), पृ. ५० ।

ढकाल, दीपक (२०५९), "स्यान्डो, गञ्जी, पाइजामा र धराबासी," **विवेचना,** (वर्ष १०, अङ्क ३०६), पृ. ४ ।

तूफान, प्ररा (२०६०), "धराबासीले हिँडेको आधाबाटो" **दिव्यदृष्टि,** (वर्ष ९, अङ्क ९), पृ. ३ ।

थापा, रोशन 'नीरव' (२०६६), "२०६५ सालका केही नेपाली उपन्यास", **विमोचन,** (वर्ष २८, अङ्क १), पृ. २२

दाहाल पुरुषोत्तम (२०६२), "कर्णको सोच, कृष्णको आधाबाटो र गोविन्दको सोह्र साँझहरू", **नेपाल समाचारपत्र,** (वर्ष १२ अङ्क १६५) पृ. ४ ।

प्रणत, शिव रेग्मी (२०६१), "आधाबाटोको पाठकीय परिवृत्त", **गरिमा,** (वर्ष २२, अङ्क ८, पूर्णाङ्क २६०), पृ. ५६-६७ ।

पाण्डे, ज्ञानु (२०६२), "नेपाली उपन्यासमा नारी स्रष्टाको उपस्थिति र वर्तमान अवस्था", **मधुपर्क,** (वर्ष ३८, अङ्क ४, पूर्णाङ्क ४३५), पृ. ६८-७३ ।

बराल, तारा (२०६०), "आधाबाटो", **गोरखापत्र,** (वर्ष १२, अङ्क ३४१), पृ. ख ।

बराल, ऋषिराज (२०५२), "नारीवादी समालोचना कि नारीमुक्ति समालोचना", **गरिमा,** (वर्ष १३, अङ्क ८, पूर्णाङ्क १५२), पृ. १८-२८ ।

बस्नेत, बबिता (२०६३), "राधाको प्रेमपीडामा कृष्णको अनुभूति", **घटना र विचार,** (वर्ष १२, अङ्क ५), पृ. २ ।

भट्टराई, नवराज (२०६३), "आधाबाटोमा अल्मलिएका धराबासी", **मेची टाइम्स,** (वर्ष १, अङ्क ८५), पृ. २ ।

भट्टराई, विष्णुकुमार (२०५९), "पढ्दा मात्र चित्त बुझ्ने आधाबाटो धराबासीको", **विवेचना,** (वर्ष ११, अङ्क ३०७), पृ. ४ ।

__________(२०६०), "नेपाली उपन्यासको सय वर्ष आधाबाटोमा आइपुग्दा", **गरिमा** (वर्ष २२, अङ्क २, पूर्णाङ्क २५४), पृ. ५३ - ६० ।

शिवाकोटी, खगेन्द्र (२०६०), "कति आँखा पुछिरहनु" **स्पेस टाइम्स,** (वर्ष ३, अङ्क २३५), पृ. २ ।

शिवाकोटी, रमा (२०५८), "नारीवादी समालोचनाः एक चर्चा, **उन्नयन,** अङ्क ४२ ।

सुब्बा, विजय (२०६१) "धराबासीको आधाबाटो हिँडेपछि", **रचना**, (वर्ष ४४, पूर्णाङ्क ८१), पृ. ४०-४५ ।

सुवेदी, राजेन्द्र (२०६७), "समसामयिक नेपाली उपन्यासका महिला हस्ताक्षर तिनको वैशिष्ठ्य", काठमाडौंः नेपाल प्रज्ञा प्रतिष्ठान र गुञ्जन साहित्यिक संस्थाद्वारा आयोजित गोष्ठी, कार्यपत्र ।

**(ग) शोधपत्रहरूको सूची**

घिमिरे, भवनाथ (२०६३), "राधा उपन्यासको कृतिपरक अध्ययन", स्नातकोत्तर शोध पत्र ( अप्रकाशित), काठमाडौं : रत्नराज्यलक्ष्मी क्याम्पस, त्रिभुवन विश्वविद्यालय ।

पोखेल, विष्णुलाल (२०५४),"साहित्यकार कृष्ण धराबासीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन " स्नातकोत्तर शोधपत्र (अप्रकाशित) विराटनगर : स्नातकोत्तर क्याम्पस, त्रिभुवन विश्वविद्यालय ।

रिजाल, गोमा (२०६५), "राधा उपन्यासमा नारीवादी दृष्टिकोण" स्नातकोत्तर शोध पत्र (अप्रकाशित) काठमाडौं : रत्नराज्यलक्ष्मी क्याम्पस, त्रिभुवन विश्वविद्यालय ।

लम्साल, शिवकुमार (२०६४), "कृष्ण धराबासीका उपन्यासहरूको अध्ययन, विश्लेषण र मूल्याङ्कन" स्नातकोत्तर शोधपत्र (अप्रकाशित) विराटनगर : स्नातकोत्तर क्याम्पस, त्रिभुवन विश्वविद्यालय ।

शर्मा, केशादेवी (२०६४), "आधाबाटो उपन्यासको कृतिपरक अध्ययन", स्नातकोत्तर शोधपत्र ( अप्रकाशित) जनकपुरधाम : रामस्वरुप रामसागर बहुमुखी क्याम्पस, त्रिभुवन विश्वविद्यालय ।